मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची



प्रदेश सरकारप्रति आशा गरौँ

– डा. चन्द्रकान्त ज्ञवाली

संचेतना द्वैमासिक पूर्णाङ्क ८६ वैशाख २०७६




## सङ्घीयताको एक वर्ष

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानव अधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानव अधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



### सुविधाहरू

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानव अधिकारसम्बन्धी
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय
समाचारपत्र, जर्नल

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना द्वैमासिक

वर्ष २३ पूर्णाङ्क ९६ वैशाख २०७६





- अपराध पीडितको न्याय र मानव अधिकार/ यज्ञप्रसाद अधिकारी ७
- प्रदेश १ सरकारको एक वर्ष/ यज्ञप्रसाद शर्मा ११
- प्रदेश २ : मानव अधिकारप्रति संवेदनशीलता आवश्यक/रोशन जनकपुरी १३
- प्रदेश ३ सरकार : सिक्दै अघि बढ्दै/ प्रताप बिष्ट १६
- गण्डकी प्रदेश सरकार सञ्चालनको एक वर्ष/ गीरधारी सुवेदी २१
- प्रदेश ५ : सुशासनमा अलमल/ युवराज कँडेल २४
- कर्णाली प्रदेशको एक वर्ष : नाममा पहिलो काममा कति ?/ कमलराज लम्साल २७
- सुदूरपश्चिम सरकारको एक वर्ष/ अर्जुन शाह ३०
- कथा : पीडा/ श्याम कार्की ३२
- कविता: नारी/ ममता पन्त मिश्र ३२
- पुस्तक समीक्षा/ गीता माली ३३
- फिचर : बालविवाहले बढायो समस्या/मनिषा केसी ३६
- फिचर : शिक्षित परिवारमा हुने महिला हिंसा ..../मिना बुढाथोकी ३७
- अन्तर्वार्ता/ डा. चन्द्रकान्त ज्ञवाली ३९


**नियमित स्तम्भ**


- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५



संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
डा. इन्दिरा श्रेष्ठ
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

मुद्रक
भेराइटी प्रिन्टर्स, काठमाडौँ



इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१

इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org



**म कुनै दन्तबझान गर्न चाहन्न, मलाई कुनै शोख पनि छैन। हामीले लोकतन्त्र लडेर ल्याएका हौँ। त्यसको रक्षा गर्छौँ। लोकतन्त्रको समुचित प्रयोग गर्छौँ। नागरिक अधिकारहरूको समुचित प्रयोग गर्छौं, हाम्रो काम कर्तव्य त्यो हो।**

**केपी शर्मा ओली**
**प्रधानमन्त्री**
रातोपाटी अनलाइनलाई अन्तर्वार्ता दिँदै
http://ratopati.com/story/82127/2019/3/28/interview-with-pm-kp-oli



**प्रजातन्त्र र प्रेस एक अर्काका पर्यायवाची हुन्। प्रेस बलियो भएमा मात्र प्रजातन्त्र बलियो हुन्छ।**

**शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस
कञ्चनपुरमा आयोजित एक कार्यक्रममा बोल्दै
https://www.kantipurdaily.com/news/2019/04/16/155539099239874767.html



**सविधान, कानुनमा भएको व्यवस्था र सम्मानित सर्वोच्च अदालतको फैसला, अन्तर्राष्ट्रिय महासन्धिमा हामी पक्ष राष्ट्र भएर गरेका सहमति कार्यान्वयन, मानव अधिकारका राष्ट्रिय/अन्तर्राष्ट्रिय मान्यता र स्वयं पीडित पक्षहरूको संलग्नतामा यो कानुनलाई पूर्णता दिनुपर्छ भन्नेमा हामी अविचलित छौँ।**

**भानुभक्त ढकाल,**
सङ्घीय सरकारका कानुनमन्त्री, अन्नपूर्ण पोष्टलाई अन्तर्वार्ता दिँदै
http://annapurnapost.com/news/124979



**मधेसी जनतामा राष्ट्रियता र राष्ट्रप्रतिको प्रेम कोहीमा भन्दा कम छैन । मलाई यति भन्न कुनै हिच्किचाहट छैन कि जुन ठाउँमा मधेसी छन्, त्यहाँ सीमा मिचिएको छैन ।**

**लालबाबु राउत,**
मुख्यमन्त्री, प्रदेश २, नयाँपत्रिकालाई अन्तार्वार्ता दिँदनेपाल साप्ताहिक
https://www.nayapatrikadaily.com/news-details/10527/2019-04-05

## कार्टून




**साभार** : https://www.nayapatrikadaily.com/news-details/10975/2019-04-10

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला॥
email : prachi@insec.org.np

**सम्पादक**

# सङ्घीयताको एक वर्ष

संवैधानिक व्यवस्थाअनुसार स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन जनताको व्यापक उत्साह र सहभागितामा सम्पन्न भए। यी निर्वाचनबाट गठित सरकारहरूले नेपालको संविधानले परिकल्पना गरेअनुसार सङ्घीयताको अभ्यास शुरु गरेका छन् । नेपालमात्र होइन, बाहिरका धेरै राजनीतिक विश्लेषकले समेत नेपालको सङ्घीयतालाई असम्भवप्रायः ठानेका थिए।

हामीले प्राप्त गरेका उपलब्धिको सही उपयोग गर्न सक्यौँ भने पनि देशले स्थायित्व र समृद्धितर्फ जाने बाटो अवलम्बन गरेको मान्न सकिन्छ। २००७ सालयता भोगिएका विविधखाले राजनीतिक प्रणाली र अभ्यासले नेपाली जनतालाई खुसी तुल्याउन सकेको छैन । सरकारहरू जनमुखी हुन नसक्दा देशले काँचुली फेर्न नसकेको अनुभव सबैसँग ताजै छ। नेपालमा विद्यमान गरिब र धनीबीचको बढ्दो खाडल र सरकार ढाल्ने र बनाउने कार्यमै बितेका धेरैजसो समयको स्मरण इतिहासदेखिकै प्रवृत्ति हुन्।

निर्वाचनमा स्पष्ट बहुमत पाएको वाम गठबन्धनले आफ्नो घोषणापत्रमा राजनीतिक स्थायित्व र समृद्धिको विषयलाई प्रमुखतासाथ उठाएको छ। राजनीतिक स्थायित्व र समृद्धिका आधार के–के हुन् र यिनलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा धेरै छलफल बाँकी नै छ।

राजनीतिक स्थिरताबाहेक सङ्घीय प्रणालीबाट आमनागरिकले अपेक्षा गरेको अर्को विषय आर्थिक समृद्धि हो। यसलाई सबैजसो राजनीतिक दलले प्रमुख चुनावी मुद्दाका रूपमा उठाउँदै आफ्ना चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए। हाम्रो सन्दर्भमा आर्थिक समृद्धि प्राप्तिका आधार तथा यसका लागि आवश्यक स्रोतसाधनबारे खासै चर्चा हुने गरेको छैन। नौलो अभ्यासका रूपमा सञ्चालनमा आएको सङ्घीयता र यसको अङ्ग सङ्घ, प्रदेश र स्थानीय तहले विकास तथा समृद्धिको जनचाहनालाई पूरा गर्ने खालका नीति तथा कार्यक्रम तयार गरी लागू गरिएको बताएका छन्। यी सबै सरकारले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकता दिई आय/व्ययको विवरण प्रस्तुत गरे। संविधानतः तोकिएका जिम्मेवारी पूरा गर्न सबै सरकारहरू क्रियाशील भएको आभास भयो। भलै यसका कमी कमजोरीहरू तथा सुधार गर्नुपर्ने पक्षका बारेमा छलफल हुने नै छ।

प्रदेशलाई मात्र होइन, स्थानीय तहलाई पनि अधिकार दिन केन्द्र सरकारले आनाकानी गरिरहेको गुनासो आएको छ। यसले समग्र प्रदेश सरकारहरूमा निराशा छ भने स्थानीय सरकारहरु अलमलिएका छन्। निर्वाचन भइसकेपछि लोकतन्त्रका अवयवहरू स्थानीय समुदायमा भने पुग्न कोसिस गरिरहेका छन्। स्थानीय सरकारले कहीँ अत्यन्तै सकारात्मक झिल्को दिएको छन्।

कालीकोटको रास्कोट नगरपालिकाले कामका लागि खाद्यान्न जस्तो कार्यक्रमबाट युवालाई स्वदेशमा रोजगारी सृजना गर्ने मात्रै होइन, विकासको साझेदार बनाउन सकिने कार्यक्रम लागु गरेको छ। पूर्वी रुकुमको भुमे गाउँपालिकाले कृषि अनुसन्धान केन्द्र स्थापना गरेर गाउँमा स्थानीय अनुसन्धान, परीक्षण, प्रचारप्रसार गरेर आफ्नो समुदायलाई सेवा दिएको छ। स्याङ्जाको कालिगण्डकीले शिक्षक र सरकारी कर्मचारीले निजी विद्यालयमा छोराछोरी पढाउन नपाइने नियम बनाएर सार्वजनिक विद्यालयको बढोत्तरी गर्न खोजेको छ। भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन, संस्कृतिमा मौलिक बाटो देखाएको छ। यी केही उदाहरणहरूमात्रै हुन्। आफ्नो बलबुताले स्थानीय सरकार बामे सर्दैछन्। साना देखिने तर अत्यन्तै महत्त्वपूर्ण कुरामा जनताको ध्यान छ। हाम्रो सङ्घीयताले ठूलो ठूलो कुरा गर्नुभन्दा जनताका वास्तविक समस्यामा काम गर्नुपर्दछ। जुन आवश्यकता पनि हो। राजनीतिक हिसाबले सङ्घीयताको एक वर्ष धेरै उत्साहको वर्ष रहेन। तर यसको अर्थ निरासा भइहाल्नु पर्ने अवस्था पनि छैन। अभ्यासले पनि परिपक्व हुँदै जाने हो।

# सत्तामा महिला सहभागिताको प्रश्न
# उल्लेख्य सहभागिताको सपना पूरा हुन सकेन

संवैधानिक रूपमा प्रत्याभूत अधिकार पाउन पुन: आन्दोलन नै गर्नुपर्ने भएको हो त ? जतिसुकै आधुनिक समाज भनिए पनि, एक्काइसौं शताब्दी भनिए पनि राजनीतिमा महिला सभागिताको सवाल ज्यादै बेवास्तामा परेको छ। नेपालको राजनीतिक आन्दोलनमा महिला उत्थानका सवाल उठ्ने गरेका छन्। महिलाहरूको सहभागिता जुनसुकै आन्दोलनमा उल्लेखनीय रहँदै आएको छ। तर, नीति निर्माणको तहमा महिलाहरूको सहभागिता बढाउने सवाल भने कहिल्यै पनि प्राथमिकताको सूचीमा पर्ने गरेको छैन।

नेपालको राजनीतिक इतिहासलाई हेर्ने हो भने देशको राजनीतिक व्यवस्था सुदृढ पार्नका लागि महिलाहरू पुरुषहरू समान लागिपरेको देखिन्छ। पुरुषसरह महिलाहरू राजनीतिक जीवनमा सहभागी बन्दै आएका छन्। तर, सत्तामा महिला सहभागिता भने सधैं नै न्यून देखिन्छ। वर्तमान सरकारमा समेत महिला सहभागिता पटक्कै उत्साहप्रद छैन

नेपालमा विद्यमान विविध किसिमका भेदभावहरूमध्ये महिलाहरू माथिको भेदभाव प्रमुख हो। जनसङ्ख्याको आधा हिस्सा राष्ट्रिय जीवनको विविध क्षेत्रमा पछाडि पारिएका हुनाले नै देश पछि परेको हो भन्ने कुरामा पनि पार्टीहरू असहमत छैनन्। तर, नेपालको राजनीतिमा महिलाहरूलाई उचित स्थान नदिने कुरामा समेत हाम्रा पार्टीहरूबीच अघोषित समझदारी कायम भएको देखिन्छ। गएको वर्षदेखि प्रतिगमन सच्चाइनु पर्ने माग गर्दै भएका आन्दोलनहरूमा महिलाहरू पनि पुरुष सरह मैदानमा उत्रे। लाठीचार्जमा परी रगतको धार बगाउनेमा महिलाहरू पनि अगाडि नै परे। भेँडा-बाखासरह ट्रकमा कोच्चिनेहरूमा महिलाहरू पनि परे, थुनामा पनि परे। आन्दोलनमा सँगसँगै लागी पर्ने महिलाहरूले सरकारमा पनि सँगसँगै काम गर्न सक्छन् भन्ने कुरा भने हाम्रा पार्टीहरूले सोचेको देखिँदैन।

शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्ति गरिसकिएपछि सर्वदलीय सरकारमा बस्न एमाले सहमत भयो। नेपाली काँग्रेस प्रजातान्त्रिकदेखि लिएर नेपाल सद्भावना पार्टीसम्म एमालेसँगै सरकारमा सामेल भएका छन्। वर्तमान सरकारमा तीनजना महिलालाई मन्त्री बनाइएको छ। अघिल्लो सरकारको दाँजोमा यो सकारात्मक कुरा हो। तर, दलीय रूपमा हेर्दा पार्टीको नीतिगत घोषणभन्दा कम सहभागिता गराइएको छ। एमालेले आफ्नो घोषणापत्रमा ३३ प्रतिशत महिला सहभागिताको कुरा उठाएको छ। तर, एकजना महिलालाई मात्र सरकारमा सामेल गराएको छ। राप्रपाले पनि एक महिलालाई मन्त्रिमण्डलमा सामेल गरेको छ। राप्रपाले २० प्रतिशत आरक्षणको नीति आफ्नो घोषणापत्रमा राखेको छ। यसरी हेर्दा राप्रपाले पाँच जना मन्त्रीमा एक महिलालाई सामेल गराउँदा लगभग आफूले गरेको व्यवस्थासँग मेल खाएको देखिन्छ। प्रधानमन्त्री शेरबहादुर देउवाले समाज रूपान्तरणका लागि महिला सशक्तिकरणका साथै लैंगिक समानता आवश्यक हुन्छ भन्ने गर्नुभएको छ। तर, नेपाली काँग्रेस (प्रजातान्त्रिक) ले एकजना मात्र महिलालाई सरकारमा सामेल गराएको छ त्यो पनि, सहायकमा। नेपाली काँग्रेस (प्रजातान्त्रिक) का महिला नेतृहरूले छुट्टै जुलुस निकाली देउवा सरकारको पुनर्वहालीको माग राखेका थिए। आफ्नो उल्लेख्य सहभागिताको सपना देखेका भए पनि उनीहरूको त्यो माग पूरा हुन सकेन।

यो सरकारको बनौट हेर्दा विभिन्न राजनीतिक दलहरूले उठाएको महिलाको समान सहभागिताको कुरा केवल औपचारिकतामा मात्र सीमित गरेको देखिन्छ।

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) की सरिता गिरी संवेदनशीलताको अभावका कारण महिलाहरूको सहभागिता कम भएको बताउनुहुन्छ। उहाँ आफ्नो सहभागिताको लागि 'महिलाहरू कराए' भने सम्झिने नत्र बिर्सने प्रवृत्ति देखा परेको उल्लेख गर्नुहुन्छ। सरकारमा तीन महिला आएका छन्, यो सकारात्मक हो। तर, पदको हिसाबले पूर्ण छैनन्। पार्टीगतरूपमा हेर्ने हो भने घोषणापत्रमा व्यक्त गरिएको कुरालाई व्यवहारमा नउतारेको र केवल परम्परा मात्र निर्वाह गरेको उहाँको गुनासो छ। राप्रपाकी प्रवक्ता रोशन कार्की वर्तमान अवस्थामा महिला मन्त्रीको सहभागिताले पुरुषले महिलाप्रति हेर्ने दृष्टिकोण प्रष्ट पारेको बताउनु हुन्छ।

प्रत्येक राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा महिलाहरूका लागि आवश्यक आरक्षणको व्यवस्था गरेको छ। तर, उनीहरूले व्यवहारमा त्यसको पूर्ण प्रयोग गर्न भने सकेका छैनन्। यस सम्बन्धमा राजनीतिक क्षेत्रमा लागेका धेरै महिलाहरू पार्टीको भनाइ र गराईमा फरक भएको तथा ओठेभक्ति मात्र प्रस्तुत गरेको बताउँछन्। वर्तमान परिस्थितिमा राज्यले परिवर्तन चाहिरहेको छ। त्यसकारण राज्यको संरचनामा परिवर्तन गर्नु आवश्यक छ। संविधान निर्माणदेखि लिएर शान्ति प्रक्रियामा महिलाको सहभागिता उल्लेख्य हुनुपर्दछ। राज्यको संरचनामा महिलाले उचित सम्मान र सामाजिक न्याय पाए मात्र विधिको शासन लागू हुनसक्छ। त्यसैले राजनीतिमा महिला सहभागिताको सवाल मुलुकका यावत् समस्या समाधानको ढोका खोल्ने कुरासँग सम्बन्धित छ।

**– प्रेक्षा ओझा**

(प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ५१, साउन २०६१)

# महिलामाथि हुने हिंसाको चरम रूप बलात्कार



विजयराज गौतम

**नेपाल महिलाविरूद्ध हुनै सबै खालको भेदभावविरूद्धको महासन्धिको पक्ष राष्ट्र हो। महासन्धिले महिलाको अधिकार रक्षाका सन्दर्भमा राज्यले चाल्नुपर्ने कदमका सम्बन्धमा राज्यलाई स्पष्ट मार्गदर्शन गरेको छ। यही महासन्धिको प्रावधान अनुरूप नेपालको संविधान तथा कानुनहरू महिलामैत्री छन्। अर्थात महिलाको हक अधिकारको रक्षाका सन्दर्भमा राज्यले कानुनी व्यवस्थाहरू गरेको छ। तर, व्यवहारमा कानुनको प्रभावकारी कार्यान्वयनको पाटो कमजोर रहुञ्जेलसम्म यस्ता महासन्धि ऐन तथा कानुनी प्रावधान कुनै अर्थ हुँदैन।**

पोखरा मनपा-२२ पुम्दीभुम्दीकी १० वर्षीया बालिका श्रेया बिक (सुनार) को २०७५ असोज ९ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँका २७ वर्षीय कुसुम पौडेललाई गिरफ्तार गऱ्यो। मामाघर बस्दै आएकी ती बालिकाको शव असोज ९ गते घरभन्दा करिब ५० मिटरको दूरीमा झाडीमा फेला परेको थियो। पीडितका आफन्तले असोज ९ गते प्रहरीमा उजुरी दिएका थिए। बालिकाको पोस्टमार्टम असोज १० गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। जिल्ला अदालतले २०७५ पुस ४ गते आरोपितलाई जन्मकैदको फैसला सुनायो।

कञ्चनपुर जिल्ला भीमदत्त नपा-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्त ०७५ साउन १० गते साथीको घर गएदेखि परिवारको सम्पर्क बाहिर थिइन्। खोजी गर्ने क्रममा साउन ११ गते बिहान उनको शव भीमदत्त नपा-१८ निम्बुखेडा नजिकै रहेको उखुबारीमा पानीमा डुबेको अवस्थामा फेला परेको थियो। निर्मला पन्तको शवलाई साउन ११ गते नै महाकाली अञ्चल अस्पतालमा पोष्टमार्टमको लागि लगिएको भए पनि शवको पोष्टमार्टम साउन १२ गते मात्रै गरिएको थियो। पोष्टमार्टम रिपोर्टमा उनको हत्या बलात्कार पश्चात घाँटीको कड थिचेर गरिएको उल्लेख छ। प्रहरीले घटनाका आरोपित पत्ता लगाउन सकेन। आरोपित पत्ता लगाउन माग गर्दै भएको आन्दोलनका क्रममा एक जनाको मृत्यु हुनुका साथै कैयौं घाइते भए।

कैलाली जिल्ला गौरीगङ्गा नपा-११ की २१ वर्षीया माया बिकलाई असार १२ गते बलात्कार गरी हत्यासमेत गरेको आरोपमा प्रहरीले सोही ठाउँका ३० वर्षीय गणेश बडुवाल, २७ वर्षीय मनोज बोगटी, २१ वर्षीय सुरज चौधरी, २० वर्षीय भुवन खाती र १९ वर्षीय तपेन्द्र बोगटीलाई असार १४ गते पक्राउ गरी असार २२ गते सार्वजनिक गऱ्यो। गौरीगङ्गा नपाअन्तर्गत वडा कार्यालयमा तथ्याङ्क सर्वेक्षणमा करारमा कार्यरत माया असार १२ गते काममा निस्केकामा तीन दिनपछि असार १५ गते नजिकैको जङ्गलमा मृत भेटिएकी थिइन्। पक्राउ परेका पाँचैजनालाई जिल्ला अदालतले २०७५ साउन २१ गते पुर्पक्षका लागि थुनामा पठायो। अहिलेसम्म मुद्दाको फैसला भएको छैन।

उल्लिखित घटनाहरू नेपालमा महिला तथा बालबालिका माथि हुने बलात्कारका घटनाको अवस्था जनाउन पर्याप्त छ। महिलामाथि हुने हिंसाको चरम रूप बलात्कार हो। नेपालका सञ्चारमाध्यममा हरेक दिन जसो बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहारका घटना प्रकाशन तथा प्रसारण हुने गरेका छन्। हरेक दिनजसो सार्वजनिक हुने यस्ता घटनाले हाम्रो सामाजिक मनोविज्ञानलाई नराम्रो प्रहार गरेको छ। मानव अधिकार संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत फागुन ७ गते प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले गत तीन वर्षमा भएका बलात्कार र यौन दुर्व्यवहारका घटनामा वृद्धि भएको देखाएको छ। सन् २०१८ मा ८ सय १८ जना बालिका बलात्कारका घटनामा र २ सय ४५ जना यौन दुर्व्यवहारका घटनामा पीडित भए। सन् २०१८ मा बलात्कारका घटनामा १ हजार २ सय ९३ जना, बलात्कार प्रयासका घटनामा १ सय ५५ र यौन दुर्व्यवहारका घटनामा ३ सय २४ जना गरी १ हजार ७ सय ७२ जना महिला तथा बालिका पीडित भए। इन्सेकका अनुसार सन् २०१७ मा १ हजार १ सय ३९ जना महिला तथा बालिका पीडित भएका थिए। यो तथ्याङ्क हेर्दा बलात्कार र यौन दुर्व्यवहारका घटनामा बढोत्तरी भइरहेको पाइन्छ।

नेपाल महिलाविरूद्ध हुनै सबै खालको भेदभावविरूद्धको महासन्धिको पक्ष राष्ट्र हो। महासन्धिले महिलाको अधिकार रक्षाका सन्दर्भमा राज्यले चाल्नुपर्ने कदमका सम्बन्धमा राज्यलाई स्पष्ट मार्गदर्शन गरेको छ। यही महासन्धिको प्रावधान अनुरूप नेपालको संविधान तथा कानुनहरू महिलामैत्री छन्। अर्थात महिलाको हक अधिकारको रक्षाका सन्दर्भमा राज्यले कानुनी व्यवस्थाहरू गरेको छ। तर, व्यवहारमा कानुनको प्रभावकारी कार्यान्वयनको पाटो कमजोर रहुञ्जेलसम्म यस्ता महासन्धि ऐन तथा कानुनी प्रावधान कुनै अर्थ हुँदैन।

मुलुकी अपराध (संहिता) ऐन २०७४ परिच्छेद १८ मा जबरजस्ती करणीसम्बन्धी कानुनको व्यवस्था छ। १० वर्षभन्दा कम उमेरका बालिकालाई जबरजस्ती करणी गरेको पाइएमा १६-२० वर्ष, १०-१४ वर्ष उमेर समूहको बालिकाको हकमा १४-१६ वर्ष, १४-१६ वर्ष उमेर समूहको बालिकाको हकमा १२-१४ वर्ष, १६

देखि १८ वर्ष सम्मको बालिकाको हकमा १०-१२ वर्ष र १८ वर्षदेखि माथि उमेरको महिलाको हकमा १० वर्ष सजाय हुने व्यवस्था संहिताले गरेको छ। बलात्कारका घटना दर्ताको समयको सीमितता ३५ दिनबाट बढेर ६ महिना भएको छ । मुलुकी अपराध (संहिता) ऐनको दफा २२८ मा कसुरबाट पीडितलाई कसुरदारबाट पीडितलाई क्षतिपूति दिनुपर्ने व्यवस्था छ।

पुरूष प्रधान समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने चलन अझै छ। महिलाको तेजोबध गर्न बलात्कारजस्तो जघन्य अपराध परम्परादेखि नै हुने गरेको विभिन्न ग्रन्थ तथा पुस्तकहरूमा पढ्न पाइन्छ। अहमतावादी पुरूष सोच बलात्कारको एउटा कारण हो। यौन शिक्षाको अभाव, चेतनाको कमी, महिला तथा बालबालिकामाथि हिंसा गर्नु हुन्न भन्ने चेतको अभाव, कमजोर कानुनको फाइदा उठाउनु, न्याय पाउन ढिलाइ हुनु, अपराधी कानुन दायरमा नआउनुजस्ता कारणले पनि बलात्कार तथा यौनजन्य हिंसाका घटनाले प्रश्रय पाइरहेको देखिन्छ।

बलात्कारका घटनामा पीडितलाई नै दोष देखाएर पीडकलाई उन्मुक्ति दिने प्रचलन अझै पनि कायम छ। बलात्कृत महिलाको पुनर्स्थापनाको सवाल अझ टड्कारो रूपमा देखापर्छ। बलात्कारपछि समाजमा हुने विभेदका कारण पीडित बाँचुन्जेल प्रताडित हुनुपर्ने अवस्था छ। प्रहरी प्रशासनको गैरजिम्मेवारीपन, लापरबाही र घटना अनुसन्धनामा अपारदर्शी कार्य सम्पादन हुने गरेको यथार्थ कहिलेकाहीँ सार्वजनिक हुने गरेका छन्। गत वर्ष दरबारमार्ग प्रहरी कार्यालयमा दर्ता भएको एक बलात्कार घटनाका पीडितलाई मिलापत्र गर्न दबाब दिइएको सार्वजनिक समेत भएको थियो।

नेपाली समाजमा बलात्कारका घटना जुन किसिमले सार्वजनिक भइरहेका छन् त्यो अत्यासलाग्दो छ। विद्यमान कानुन तथा सामाजिक चेतमा विकास गर्न सकिए बलात्कार जस्तो जघन्य अपराधबाट समाजलाई केही हदसम्म मुक्त गर्न सकिन्छ। यौन स्वास्थ्यका विषयलाई लाजको घेराबाट बाहिर निकाली विद्यालयस्तरमा व्यवहारिक यौन शिक्षा प्रदान गर्नुपर्छ जसले यस्ता घटनामा कमी ल्याउन मद्दत पुग्छ। वर्तमान कानुनी व्यवस्थाका बारेमा जनचेतना जगाउने खालका कार्यक्रमहरू लागु गर्न स्थानीय सरकारहरूले नीति तथा कार्यक्रम तय गर्नु पर्छ। कानुनको प्रभावकारी कार्यान्वयन, पीडितमैत्री उजुरी प्रकृया, स्वास्थ्य जाँच गर्ने कार्यमा महिला चिकित्सको व्यवस्था, उजुरी सुन्ने महिला प्रहरी, गोप्य तथा निष्पक्ष सुनवाइको व्यवस्था गर्न सके पीडित उजुरी गर्न तम्तयार हुने र न्यायप्रतिको आशा बढ्न सक्छ।

**बलात्कार जस्तो जघन्य अपराध महिलाको मात्रै समस्या हो भन्ने बुझाइमा परिवर्तन ल्याउनु तथा बलात्कार तथा यौनजन्य हिंसाका घटना पुरुष, समाज र राष्ट्रकै समस्या भनी स्वीकार नगरेसम्म यस्ता घटनाको समुल अन्त्य हुनै सक्दैन। महिलामाथि हुने हिंसाको चरम रूप बलात्कार अन्त्यका लागि पुरुषको हातेमालो जरूरी छ। जसले बलात्कार मुक्त समाजको निर्माणमा समाजलाई अगाडि बढाउन सक्छ।**

बलात्कार घटनामा मेलमिलाप गर्न नहुने मान्यताको विकास भएसँगै बलात्कारका घटनाको विरोधमा आवाज मुखरित हुनुका साथै बलात्कारका विरूद्ध आवाज उठ्न थालेको छ। बलात्कार घटनामा धेरैजसो बालिका र किशोरी पीडित हुने गरेको तथ्याङ्क पाइन्छ। सुस्त मनस्थितिका, बोल्न नसक्नेदेखि मानसिक सन्तुलन गुमेका महिला तथा बालबालिकासमेत यस्ता घटनामा पीडित भएका छन्।

यौनहिंसा, बलात्कार र हत्याका अनेक घटनामा पीडित हुनेहरू निमुखा तथा आर्थिकरूपले कमजोर वर्गका हुने गरेका छन्। न्याय निरूपण गर्ने निकायको सक्रियता हुन सकेन भने पीडितको न्याय प्रतिको भरोसा टुट्न सक्छ। गत वर्ष ललितपुर जिल्ला अदालतलले बलात्कारको मुद्दामा थुनछेक बहसका क्रममा आरोपितहरूलाई साधारण तारेखमा छाडेको घटना सार्वजनिक भयो। जबकि पीडितले आरोपितहरूको बारेमा सम्पूर्ण विवरण प्रहरीलाई दिएकी थिइन्। भलै जिल्ल अदालतले अन्तिम फैसलाका क्रममा सो मुद्दामा आरोपितहरूलाई १०/१० वर्ष कैदको फैसला सुनायो। न्याय निरूपणका झन्झटिला प्रावधानका कारण पीडितले न्याय पाउन नसकेको, राजनीतिक तथा सामाजिक दवावका कारण उजुरी फिर्ता लिनुपर्ने, अदालतमा झुटो बयान दिनु पर्ने लगायतका समस्या पनि महिला तथा बालबालिकाले भोगेका छन्। कहिलेकाहीँ न्यायालयका फैसलासमेत पीडककै पक्षमा जाने गरेको छ भने लामो समयसम्म मुद्दाको फैसला नहुने अवस्था छ। यसमा सबैभन्दा अनदेखा गरिएको पक्ष पीडितको न्यायको सवाल नै हो। कतिपय अवस्थामा बाहेक बलात्कार घटनामा प्रायजसो पीडकहरू कानुनी दायरमा आएका छन् तर घटनाका कारणले उत्पन्न परिस्थितिको कहिल्यै क्षतिपूर्ति पीडितले कहिल्यै प्राप्त गर्न सक्दैन। समाजमा बलात्कार पीडितप्रति गरिने अवहेलना जसका आर्थिक तथा सामाजिक विभेदको खाडल सिर्जना भएको हुन्छ, त्यसको परिपूर्ति पीडक जेल जानुले मात्रै हुँदैन।

बलात्कार पीडितको पक्षमा आवाज मुखरित गर्नु, हिंसामा परेका बालिका तथा महिला तथा पीडितका परिवारलाई सहयोग गर्नु जस्ता कार्य गरेर बलात्कार विरोधी माहोल सिर्जना गर्न सकिन्छ। बलात्कार जस्तो जघन्य अपराध महिलाको मात्रै समस्या हो भन्ने बुझाइमा परिवर्तन ल्याउनु तथा बलात्कार तथा यौनजन्य हिंसाका घटना पुरुष, समाज र राष्ट्रकै समस्या भनी स्वीकार नगरेसम्म यस्ता घटनाको समुल अन्त्य हुनै सक्दैन। महिलामाथि हुने हिंसाको चरम रूप बलात्कारको समुल अन्त्यका लागि पुरूषको हातेमालो जरूरी छ। जसले बलात्कार मुक्त समाजको निर्माणमा समाजलाई अगाडि बढाउन सक्छ।



यज्ञप्रसाद अधिकारी[१]

# अपराध पीडितको न्याय र मानव अधिकार

**पृष्ठभूमि**

लोककल्याणकारी राज्यको अवधारणामा भित्र नागरिकको शान्ति, सुरक्षा र विकास अपरिहार्य आवश्यकता भित्र पर्दछन्। दुनियाँमा विकास र प्रगतिका साथसाथै समाजमा आपराधिक घटना पनि बढ्दै गएका छन्। समाज परिवर्तन सँगसँगै अपराधिक कृयाकलापका स्वरूपमा पनि परिवर्तन हुँदै आएका छन्। फौजदारी कानुनले गर्नु भनेको काम नगर्नु र फौजदारी कानुनले वञ्चित र निषेधित कार्य गर्नु नै अपराध हो। लोककल्याणकारी राज्यमा अपराधको नियन्त्रण, शान्ति सुरक्षा र अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याइ न्याय प्रदान गरिने उद्देश्य राखेको पाइन्छ। नेपालको फौजदारी कानुनले अपवाद बाहेक अपराध पीडितको न्याय संरक्षणका लागि अपराधमा संलग्न व्यक्ति, समूहविरुद्ध फौजदारी कसुरमा अपराधको अनुसन्धान गरि अदालतमा प्रस्तुत गर्ने र आरोपित व्यक्तिलाई कानुन बमोजिम सजाय गर्ने व्यवस्था रहेको पाइन्छ। नेपालको सन्दर्भमा अपराध भएको पुष्टि भइसकेपछि पनि अभियुक्त पत्ता नलाग्ने, अपराधमा संलग्न व्यक्तिलाई फौजदारी न्यायसम्बन्धी हक अन्तर्गत आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने हक[२], स्वच्छ पुर्पक्षको अधिकार[३], हिरासतमा रहेकै अवस्था देखि आफूले रोजेको कानुन व्यवसायीको परामर्श पाउने हक[४], गिरफ्तार गरिएको व्यक्तिलाई मानवोचित व्यवहार गर्नुपर्ने, राज्यले दैनिक खाना, लुगा कपडा, पत्रपत्रिका, सञ्चारका साधन सीपमूलक रोजगारको व्यवस्था, असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायताको हक[५] प्रदान गरेको पाइन्छ। तर अपराधबाट पीडित व्यक्ति, परिवारको लागि सार्थक प्रयास हुन सकेको थिएन।

नेपालको संविधान (२०७२) ले नेपालको संवैधानिक इतिहासमा पहिलोपल्ट अपराध पीडितको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेपछि[६] अपराध पीडितको लागि यो संवैधानिक व्यवस्था कोसेढुङ्गा सावित हुन गएको छ। संविधानले अपराध पीडितको हक अधिकारअन्तर्गत मूलतः अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक, कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक जस्ता अधिकार प्रत्याभूत गरेको छ[७]। मौलिक हकको कार्यान्वयनका लागि तीन वर्षभित्र कानुन बनाइ कार्यान्वयन गर्ने[८] संवैधानिक व्यवस्थाअन्तर्गत सङ्घीय संसदबाट अपराध पीडित संरक्षण ऐन २०७५[९] जारी भई कार्यान्वयनमा आइसकेको छ। यस ऐनले अपराध अनुसन्धान बारे जानकारी पाउने, राहत क्षतिपूर्ति र परिपूरण र सामाजिक पुनःएकीकरणमा अपराध पीडितको अधिकार सुनिश्चित गरेको छ। नेपालको कानुनी इतिहासमा पहिलोपल्ट जारी ऐनले अपराध पीडितलाई अपराधको प्रतिकूल प्रभावलाई कम गर्न सहयोग गर्दछ। न्याय प्रकृयामा सभ्य, शिष्ट, निष्पक्ष र सम्मानित व्यवहारको हक प्रदान गर्दछ। पीडितको धर्म, आस्था, रङ, लिङ्ग, जाति, उत्पत्ति, भाषा, वैवाहिक अवस्था, उमेर, शारीरिक वा मानसिक असुरक्षा, असक्षमता, वैचारिक आस्थाको आधारमा भेदभाव नहुने सुनिश्चितता गरेको छ।

त्यसैगरी बलात्कार, अपमानजनक व्यवहार र हस्तक्षेपलाई रोक्दै अपराधिक अनुसन्धान, अभियोजन र अदालती कारबाहीको हरेक अवस्थामा अपराध पीडितको गोपनीयताको हकलाई सुनिश्चित गरेको छ भने पीडितको पहिचानलाई गोप्य राख्नु पर्ने दायित्व तोकेको पाइन्छ। पीडित माथि अपराधीबाट हुन सक्ने थप शारीरिक, मानसिक आक्रमणबाट सुरक्षाको हक प्रदान गर्दै पीडितलाई कानुनी सहयोग, चिकित्सकको उपचार सहित क्षतिपूर्ति पाउने हक प्रदान गरेको छ। त्यसैले "समृद्ध र सुखी नेपाली" भन्ने वर्तमान सरकारको नारालाई व्यवहारमा उतार्न यस ऐनको कार्यान्वयन हुन सकेमा अपराध पीडितले न्यायको महसुस गर्न सक्ने पर्याप्त सम्भावना रहेको देखिन्छ।

यसका अतिरिक्त अपराध पीडितलाई मुद्दाको कारबाही र जानकारीसहित क्षतिपूर्ति पाउने हकलाई सुनिश्चित गर्न मुलुकी अपराध (संहिता) ऐन २०७४ ले समेत व्यवस्था गरेको पाइन्छ। अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक[१०] प्रदान गरेको छ। मुलुकी

१. निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश ३ कार्यालय, ललितपुर
२. नेपाल संविधान (२०७२)को धारा २० को उपधारा (७)
३. ऐ.ऐ. धारा २० को उपधारा (९)
४. ऐ.ऐ. धारा २० को उपधारा (२)
५. ऐ.ऐ. धारा २० को उपधारा (१०)
६. ऐ.ऐ. धारा २१
७. ऐ.ऐ. धारा २१ को उपधारा (२)
८. ऐ.ऐ. धारा ४७
९. मिति २०७५।६।२ गते प्रमाणीकरण भइ लागु भएको।
१०. मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा ३२

अपराध (संहिता) ऐन २०७४ ले फौजदारी कानुनको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ। अपराध पीडितलाई सामाजिक पुन:स्थापना सहित क्षतिपूर्ति[११] भराइ दिने अभियोग लागेको व्यक्तिले क्षतिपूर्ति वा रकम पीडितलाई तुरुन्त उपलब्ध गराउनु पर्ने र पीडितलाई मुद्दाको सम्बन्धमा तत्काल सूचना दिनुपर्ने जस्ता कानुनी व्यवस्थाले पीडितलाई परम्परागत न्याय प्रणाली भन्दा पृथक विशेष कानुनी अधिकार प्रदान गरेको पाइन्छ।

## अपराध पीडित संरक्षण ऐन, २०७५ को उद्देश्य

नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रक्रियाको अभिन्न अंगका रूपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने र कानुन बमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसुरको परिमाण स्वरूप व्यहोर्नु परेको क्षति वापत पीडितलाई क्षतिपूर्ति समेतका व्यवस्था गरी पीडितको हक संरक्षण गर्ने उद्देश्यले[१२] अपराध पीडित संरक्षण ऐन २०७५ जारी भएको पाइन्छ। उक्त ऐनले अपराध पीडितलाई देहायका अधिकार प्रदान गरेको छ।

### स्वच्छ व्यवहार पाउने अधिकार

फौजदारी अपराधबाट पीडित व्यक्तिलाई फौजदारी मुद्दाको अनुसन्धान तहकिकातदेखि फैसला कार्यान्वयन हुँदासम्मको न्यायिक प्रकृयामा सेवा प्रदायकबाट शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने हक प्रत्याभूति गरेको छ।[१३]

### भेदभाव विरुद्धको अधिकार

फौजदारी न्यायिक प्रकृयामा पीडितको धर्म, वर्ण, लिङ्ग, जातजाति, यौनिकता, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अस्वस्थता, अपाङ्गता वा वैचारिक आस्था वा अन्य कुनै पनि आधारमा भेदभाव गर्न हुँदैन।

तर नाबालिक, ज्येष्ठ नागरिक वा शारीरिक वा मानसिक रूपले अशक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रकृयाको रोहमा विचार गर्नुपर्ने भएमा सम्भव भएसम्म त्यस्तो पीडितप्रति विशेष व्यवहार गर्न रोक लगाएको मानिने छैन[१४] भन्ने कानुनी व्यवस्था रहेको छ।

### गोपनीयताको अधिकार

जबरजस्तीकरणी, हाडनाता, करणी, मानव बेचविखन, यौन दुर्व्यवहार लगायत नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको अन्य फौजदारी कानुनमा कसैले पनि पीडितको पहिचान कुनै पनि रूपबाट प्रकट गर्न हुँदैन।[१५]

फौजदारी कसुरको अनुसन्धान तहकिकात र अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज,बयान वा वकपत्र गराउनु परेमा पीडितको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर, पीडितको वास्तविक स्वर बदल्न दिएर, अभियुक्तले देख्न, सुन्न नपाउने किसिमले श्रव्यदृष्य सम्वाद प्रविधि प्रयोग गरेर, अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने गरी व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरी पीडितको गोपनीयता संरक्षण गर्नुपर्ने कानुनी व्यवस्था गरेको देखिन्छ।

### अनुसन्धानसम्बन्धी सूचनाको अधिकार

पीडितले माग गरेमा अनुसन्धान अधिकारी वा निकायले पीडितलाई देहायको विषयमा यथाशीघ्र सूचना दिनु पर्ने छ।[१६]

- पीडितले प्राप्त गर्ने चिकित्सकीय मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानुनी वा अन्य कुनै सेवामा परामर्श
- अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना
- अनुसन्धान गर्ने निकायको नाम र पूरा ठेगाना
- अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर
- अनुसन्धान तथा तहकिकातको प्रगति विवरण
- शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया
- शंकास्पद व्यक्ति पक्राउ भएमा सो को व्यहोरा
- शंकास्पद वा अन्य व्यक्तिले कसुर सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा
- अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुन: पक्राउ भएमा सो को व्यहोरा
- अनुसन्धान अधिकारीले हिरासतमा रहेको व्यक्तिलाई हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानुन बमोजिम हिरासतबाट छाडेमा सो को व्यहोरा
- कसुरका सम्बन्धमा अनुसन्धान तथा तहकिकातमा प्रकृयासम्बन्धी सामान्य जानकारी इत्यादि।

तर अनुसन्धानमा प्रतिकूल प्रभाव पर्ने सम्भावना भएका वा शंकास्पद वा निज सम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्तिमाथि खतरा हुन सक्ने भएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिन बाध्य हुने छैन। त्यसरी सूचना दिन नमिल्ने व्यहोराको कारण सहित जानकारी भने पीडितलाई दिनुपर्ने कानुनी व्यवस्था रहेको छ।

### अभियोजन सम्बन्धी सूचनाको अधिकार

अभियोजन गर्ने निकाय वा अधिकारीले कसुरको सम्बन्धमा पीडितलाई निजले माग गरेका देहायका सूचना यथाशीघ्र दिनु पर्नेछ।[१७]

- मुद्दा नचलाउने निर्णय गरेको भएमा सो निर्णय गर्नुको आधार र कारण।

११. ऐ.ऐ. दफा ४८ को उपदफा (२)
१२. अपराध पीडित संरक्षण ऐन २०७५ को प्रस्तावना।
१३. अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४
१४. ऐ.ऐ. दफा ५
१५. ऐ.ऐ. दफा ६
१६. ऐ.ऐ. दफा ७
१७. ऐ.ऐ. दफा ८

- कुनै व्यक्तिविरुद्ध मुद्दा चलाउने निर्णय गरिएको र कुनै व्यक्तिको हकमा मुद्दा नचलाउने निर्णय गरिएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण
- मुद्दा चलाउने निर्णय गरेकोमा अभियोग पत्रको एक प्रति प्रमाणित प्रतिलिपी
- अदालती कारवाहीको प्रकृया सम्बन्धी सामान्य जानकारी
- मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा प्रचलित कानुन बमोजिम थप माग दावी लिएकोमा सो को व्यहोरासहित मुद्दा हेर्ने अधिकारीले गरेको आदेश
- पीडित व्यक्ति कसुरको साक्षी समेत भएकोमा निजले साक्षीको रूपमा निर्वाह गर्नुपर्ने भूमिकासम्बन्धी जानकारी
- फरार अभियुक्त पक्राउ भई आफैं हाजिर हुन आएमा सो को व्यहोरा र
- अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सो को व्यहोरा।

**सुरक्षित हुन पाउने अधिकार**

पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसुरदार वा निजको सम्बन्ध रहेको व्यक्ति वा अभियुक्त साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितका आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकारलाई कानुनले संरक्षण गरेको छ।[१८]

**कानुन व्यवसायी राख्न पाउने अधिकार**

पीडितले चाहेमा फौजदारी न्यायिक प्रकृयामा छुट्टै कानुन व्यवसायी राख्न पाउने हक प्रदान गरेको छ।[१९]

**सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार**

पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसुरका सम्बन्धमा हुने अदालतको सुनुवाइसम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाइ राख्न पाउने हक हुनेछ। तर पीडित व्यक्ति मुद्दाको साक्षीसमेत भएकोमा साक्षीको रूपमा नीजले वकपत्र नगरेसम्म भने अदालतले नीजलाई खास कारबाहीमा उपस्थित हुन रोक लगाउन सक्नेछ।[२०]

सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्ने र अदालतले अन्यथा आदेश दिएमा बाहेक पीडितको सुरक्षा र हितको निमित्त सम्पर्क गर्न नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने कानुनी व्यवस्था रहेको छ।[२१]

**निवेदन दिन वा पुनरावेदन गर्न पाउने अधिकार**

कुनै कसुरमा अदालतबाट भएको आदेश वा निर्णय पीडितलाई चित्त नबुझेमा सो को आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णयविरुद्ध निवेदन दिन वा पुनरावेदन गर्न सकिने रहेछ भने पीडितले त्यस्तो निवेदन दिन वा पुनरावेदन गर्न सक्ने[२२] र पीडितले दिएको निवेदन वा पुनरावेदनमा उल्लेख गरिएको आधार र कारण विचार गरी सम्बन्धित अधिकारीले निर्णय गर्नुपर्ने र त्यस्तो निर्णयको जानकारी निवेदकलाई समेत दिनु पर्नेछ।

**पीडित प्रभाव प्रतिवेदन**

कसुरको कारणले प्रत्यक्ष रूपमा पीडितलाई परेको क्षतिको उल्लेख गरी पीडितले अदालतमा अभियोग पत्र दायर हुनु भन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने, कावु बाहिरको परिस्थितिमा परि उक्त प्रतिवेदन पेश गर्न नसकेमा सो को प्रमाण राखी अभियोग पत्र अदालतमा दायर भएको मितिले एक महिना भित्र अभियोग पत्र दायर गर्ने अधिकारी समक्ष प्रतिवेदन दिनु पर्ने र उक्त प्रतिवेदन गोप्य राख्न चाहेमा गोप्य रहने व्यवस्था रहेको देखिन्छ।[२३]

**क्षतिपूर्तिसम्बन्धी व्यवस्था**

पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्ने[२४] त्यसरी आदेश भएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत उपलब्ध गराउनु पर्ने, अदालतबाट फैसला हुँदा कसुरदार ठहर भएका कसुरदारबाट ३५ दिन भित्र त्यस्तो रकम कोषमा जम्मा गर्न आदेश दिने[२५] अदालतले अन्तिम फैसला गर्दा कसुरदारबाट पीडितलाई मनासिव रकम क्षतिपूर्ति स्वरूप भराइ दिने गरी आदेश गर्न सक्ने[२६] तर कसुरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसुर स्थापित भएको तर कसुरदार कायम हुन नसकेको अवस्थामा वा कसुरसँग सम्बन्धित मुद्दा प्रचालित कानुन बमोजिम फिर्ता भएमा अदालतले पीडित राहत कोषबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराइ दिने गरी आदेश गर्न सक्ने[२७] आदेश प्राप्त भएको ३५ दिन भित्र कोषबाट क्षतिपूर्ति वापतको रकम पीडितलाई उपलब्ध गराइने व्यवस्था रहेको पाइन्छ।

**क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरू[२८]**

अदालतले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले व्यहोर्नु पर्ने वा चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिव खर्च, पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च, यातायात खर्च, कानुन व्यवसायीको खर्च, पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति, क्षति पुगेको व्यक्तिगत सामानको मर्मत सम्हार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता, पीडितको

---

१८. ऐ.ऐ. दफा १०
१९. ऐ.ऐ. दफा १२
२०. ऐ.ऐ. दफा १३
२१. ऐ.ऐ. दफा १४
२२. ऐ.ऐ. दफा २० को उपदफा (१)
२३. ऐ.ऐ. दफा २६ को उपदफा २(ग)
२४. ऐ.ऐ. दफा २९ को उपदफा १
२५. ऐ.ऐ. दफा २९ को उपदफा ३
२६. ऐ.ऐ. दफा ३० (१)
२७. ऐ.ऐ. दफा ३० को उपदफा (५)
२८. ऐ.ऐ. दफा ३१

शारीरिक सौन्दर्यमा परेको प्रतिकुल असर, पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति, जबरजस्ती करणीको कसुरको हकमा पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव, गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च, कसुरको कारण गर्भपतन भएकोमा औषधोपचार खर्च, पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति, नाबालिक सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व आदि आधारमा निर्णय गर्नुपर्नेछ।

### पीडितलाई क्षतिपूर्ति उपलब्ध नगराइने

जुन कसुरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसुर गर्ने, सो को उद्योग गर्ने, कसुर गर्न दुरुत्साहन दिने, षड्यन्त्र गर्ने, कसुर गर्न सहयोग गर्ने वा कसुरमा संलग्न मतियारलाई उपलब्ध गराइने छैन।[२९] त्यसैगरी क्षतिपूर्ति दाबी गर्ने व्यक्ति अन्य कुनै कसुरमा संलग्न भएको बखत सोही कारणले निजविरुद्ध कसुर भएकोमा, कसैको विरुद्ध कसुर गर्न गएको बखत वा सोही कारणबाट मृत्यु भएको व्यक्तिको पारिवारिक पीडित, सवारी दुर्घटनाको कारणबाट भएको क्षतिको सम्बन्धमा तेस्रो पक्षको बिमाको बिमा व्यवस्था अन्तर्गत क्षति पाउने व्यक्ति, कसुरको कारणबाट पीडितलाई गर्नु पर्ने उपचार सरकारको तर्फबाट नि:शुल्क गरिएको वा सरकारले खर्च व्यहोरेको र पीडितलाई निको हुने सम्भावना भएमा त्यस्तो व्यक्ति, प्रचलित कानुन बमोजिम कैद सजाय पाइ थुनामा रहेको अवधिमा निज विरुद्ध कसुर भएको कारणबाट मानसिक क्षति व्यहोरेको पीडित कैदी, राज्य विरुद्धको कसुरमा कसुरदार ठहरिएको व्यक्ति, संगठित अपराधमा कसुरदार ठहरिएको व्यक्ति, पीडितले आफू विरुद्ध कसुर गर्न उक्साएको वा निजको आचरणको कारण पीडित व्यक्ति, कसुरका सम्बन्धमा अनुसन्धान वा अदालती कारबाहीमा जाहेरी नदिने, झुट्टा जाहेरी दिने, अनुसन्धानमा असहयोग गर्ने, कसुर संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले बकपत्र गर्ने, प्रमाण पेश गर्ने, अनुसन्धान अधिकारी समक्ष भएको बयान भन्दा अदालतमा प्रतिकूल बयान वकपत्र गर्ने व्यक्तिलाई पनि क्षतिपूर्ति उपलब्ध नगराउने कानुनी व्यवस्था छ।

### नेपालमा पीडितको अधिकार र मानव अधिकार सम्बन्धी व्यवस्था

नेपाल कानुनमा पीडितको अधिकार संरक्षणसम्बन्धी परम्परागत रूपमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९, जातीय (भेदभाव तथा छुवाछुत) ऐन २०६८, मानव बेचविखन तथा ओसारपसार र नियन्त्रण ऐन २०६४, गाली र बेइज्जती ऐन २०१६, केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७, छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८, उपभोक्ता संरक्षण ऐन २०७५, विद्युतीय कारोवार ऐन २०६३, मानव अधिकार आयोग ऐन २०६८ आदि ऐन[३०] मुलुकी ऐन २०२० को जवरजस्ती करणीको महलले अपराध पीडितलाई राहत क्षतिपूर्तिसम्बन्धी छिटफुट कानुनी व्यवस्था गरेको थियो।

मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धनको परिचालनाको लागि गठित राष्ट्रिय मानव अधिकार आयोगको स्थापनादेखि नै मानव अधिकारको उलङ्घनबाट पीडितको उजुरी लिने, अनुसन्धान गर्ने र नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ। राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना (२०१५-२०२०) ले भने अपराध पीडित व्यक्तिका अधिकार संरक्षणको लागि सरकारी निकायसँग सहकार्य गर्ने, अपराध पीडितको आर्थिक, सामाजिक अवस्था, न्यायका लागि सरोकारवालासँग अन्तरक्रिया परामर्श गर्ने, अपराध तथा शक्तिको दुरूपयोगबाट पीडितको न्यायका आधारभूत सिद्धान्त १९८५ द्वारा प्रदत पीडितका मानव अधिकारको अध्ययन अनुसन्धान गरी आवश्यक सिफारिस गर्ने[३१] जस्ता पीडितको अधिकार संरक्षणको लागि पहिलोपल्ट आफ्नो रणनीतिक योजनामा समावेश गरी कार्य प्रारम्भ गरेको छ। रणनीतिक योजनाको कार्यान्वयनको सिलसिलामा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस कार्यान्वयन अवस्था र पीडितको आवाजसम्बन्धी खोजमूलक अनुसन्धान प्रतिवेदन सार्वजानिक गरि नेपाल सरकारलाई पीडितको हक अधिकार संरक्षणका लागि २३ बुँदे सिफारिससमेत गरेको छ।[३३]

### निष्कर्ष

विश्वका विरलै मुलुकमध्ये संविधानको मौलिक हकमा अपराध पीडितको हकको प्रत्याभूत हुनु हामी सबै नेपालीको लागि गौरवको विषय हो। पीडित न्याय प्रणालीका प्रेणतामा डा. शंकरकुमार श्रेष्ठले पीडित न्याय प्रणालीको लागि चलाउनु भएको अभियान संविधान सभाका सदस्यहरूको सुझबुझपूर्ण निर्णय आदिका कारण मौलिक हकमा अपराध पीडितको हक समावेश हुन सम्भव भएको हो। मौलिक हक कार्यान्वयनका लागि जारी भएको अपराध पीडितको हक संरक्षण ऐन २०७५ आम अपराध पीडितको अधिकार प्रत्याभूतिको लागि कोसेढुंगा सावित हुन सक्ने देखिन्छ। गरेको अपराध पीडित संरक्षण ऐनबाट सार्क मुलुक लगायत अन्य देशले समेत नेपालको कानुनी प्रणालीबाट केही सिक्न सक्ने छन्।

---

२९. ऐ.ऐ. दफा ३४

३०. पुन:स्थापकीय न्याय र राष्ट्रिय कानुन अध्ययन प्रतिवेदन २०७३ पृ. २८, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

३१. रणनीतिक योजना (२०१५-२०२०), राष्ट्रिय मानव अधिकार आयोग, पृ.३४

३२. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन र पीडितको अवस्था अध्ययन प्रतिवेदन २०७५, पृ. १५९



यज्ञप्रसाद शर्मा

# प्रदेश १ सरकारको एक वर्ष

**१. विषय प्रवेश**

नेपाली जनताको अभूतपूर्व सहभागितामा २०७४ सालमा सम्पन्न निर्वाचनपछि गठन भएको प्रदेश सरकारको एक वर्ष पूरा भएको छ।

'हामीले सुकुलमा बसेर प्रदेश सरकारको काम थालेका हौँ।' प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश सरकारले एकवर्ष पुगेको अवसरमा आयोजित कार्यक्रममा भन्नुभएको थियो। हुनत प्रदेश सरकारले यसबीचमा एउटा पनि सुकुल किनेको बिल भुक्तानी गरेको मैले थाहा पाएको छैन। तर, पनि उहाँको भनाइ सत्य हो। किनकी मन्त्रालय र कुर्सीको समेत व्यवस्था नभएको अवस्थामा २०७४ फागुन ३ गते प्रदेश सरकारले कार्यभार सम्हालेको थियो। त्यसैले पहिलो काम 'मन्त्रालय व्यवस्थापन गर्नु' थियो। कर्मचारी व्यवस्थापन गर्नु थियो। तिनीहरू रहने कोठा, बस्ने कुर्सी, काम गर्ने टेबल, लेख्ने खाता, माइन्युट, यात्रा गर्ने सवारी साधन र सचिवालय पुस्तिकाको सबै व्यवस्था गर्न बाँकी नै थियो। अनि यी सबै व्यवस्था भइसक्दा आवश्यक मात्रामा कर्मचारी नहुने, भएका कर्मचारी सङ्घीय सरकारले जथाभावी सरुवा गरिदिने मात्र होइन कुनै काम र निर्णय कसरी गर्ने भन्ने कानुनी आधार र कार्यविधि बनेकै थिएन। 'हाम्रो हात बाँधिएको छ' भन्नुपर्ने र मन्त्रीले कर्मचारीलाई, कर्मचारीले मन्त्रीलाई र प्रदेश सरकारले सङ्घीय सरकारलाई दोष दिँदै अगाडि बढ्ने अवस्था नदेखिएको होइन। मातृपार्टीको सल्लाह र निर्देशन पाउने त कता हो कता उल्टै सरकारमा बसेकाहरूको आलोचना गर्ने र एक प्रकारको असहयोग भएजस्तो वातावरण पनि कताकता नदेखिएको होइन। जतिकै प्रतिकूलता भए पनि सरकारले एक वर्ष पार गरेको छ। संविधान कार्यान्वयनको एक वर्ष पूरा भएको छ भनेर जनताले पनि बढो धैर्य र संयमताका साथ हेरिरहेका छन् कम्युनिष्ट सरकारको एक वर्ष।

**२. जग बसाउने काम**

मुख्यमन्त्री शेरधन राई नेतृत्वमा २०७४ फागुन ३ गते गठन भएको पाँच सदस्यीय प्रदेश सरकारले यस अवधिमा दुईवटा नीति र कार्यक्रमहरू प्रस्तुत गरेको छ। 'सबैभन्दा बेश एक नम्बर प्रदेश' भन्ने नाराका साथ समृद्ध र सुसंस्कृत प्रदेश निर्माणको अभियानमा लागेको छ। यस अवधिमा प्रदेश मन्त्रिपरिषद्को ३७ वटा बैठक भई १ सय ५८ वटा निर्णय भएका छन्। एउटा अध्यादेश, २३ वटा विधेयक स्वीकृत भएको छ भने कार्यविधि ३० वटा, निर्देशिका तीनवटा तथा नियमावली दुईवटा स्वीकृत भएका छन्। प्रदेश सरकारको काम तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन ११ वटा मन्त्रालय स्तरीय कार्यालय तथा मन्त्रालय अन्तर्गत १ सय ५५ वटा निर्देशनालय तथा जिल्लास्थित कार्यालयहरू स्थापना भएका छन्। प्रदेश मन्त्रालयहरूमा ४ सय ४९ तथा मातहतका निकायहरूमा ३ हजार ४ सय ४३ गरी स्वीकृत दरबन्दी ३ हजार ८ सय ८२ जना रहेको छ। जसमध्ये मन्त्रालयहरूमा २ सय ९४ तथा मातहत निकायमा १ हजार ८ सय २६ गरी २ हजार १ सय २० वटा (५४.६१ प्रतिशत) पदपूर्ति भएका छन्। रिक्त दरबन्दी १ हजार ७ सय ६२ रहेको छ।

**३. नारा नै नारा**

प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रममा 'सबैभन्दा बेस १ नं. प्रदेश' निर्माण गर्ने अभिप्रायका साथ कार्यक्रमहरूलाई नारा नै नाराका रूपमा अगाडि सारेको छ। प्रदेशमा उपलब्ध जमिनको अधिकतम उपयोग गर्ने, प्राङ्गारिक क्षेत्र बनाउन अध्ययन गरिने, 'उत्पादन गरौँ प्रदेश समृद्ध बनाऔँ' भन्ने नीति लागू गर्ने, 'बचत गरौँ समृद्ध बनौँ' भन्ने कार्यक्रम सञ्चालन गरिने, 'एक नम्बर प्रदेशको शान, सबैको अनुहारमा मुस्कान' भन्ने नाराका साथ यस प्रदेशको विकास र समृद्धिमा पर्यटन क्षेत्रको विकास र प्रर्वद्धन गर्ने, 'प्रदेशको पानी जनताको लगानी, घरघरमा बिजुली जनजनमा शेयर' को नीति लागु गर्ने उल्लेख छ। अन्तर्राष्ट्रिय औद्योगिक प्रर्दशनी केन्द्र स्थापना गरिने, 'दिगो विकास र समृद्धिको आधार-पर्याप्त पूर्वाधार' लाई मूलमन्त्र मानी भौतिक पूर्वाधारको विकास गर्नेकार्यक्रम छन्। दिगो विकास र समृद्धिको आधार तयार गर्ने, 'मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम' सञ्चालन गरिने, 'हाम्रो गौरव हाम्रै शान, सगरमाथा र केचनाले प्रदेशकै राख्छ उच्च मान' र 'स्वस्थ नागरिक स्वस्थ प्रदेश' को नीति अवलम्बन गर्ने, 'सामाजिक न्याय र समानताका लागि मुख्यमन्त्री कार्यक्रम' सञ्चालन गरिने, 'सङ्घीय गणतन्त्र नेपालको उपहारः एक परिवार एक रोजगार' को नारा साकार पार्ने जस्ता लोकप्रिय कार्यक्रम छन्। 'आफ्नो ठाउँ आफै सफा गरौँ' भन्ने स्वच्छता अभियानकासाथ सरसफाइ कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। 'समृद्ध प्रदेश, खुशी जनता' को नारालाई सार्थक बनाउने, 'विकास र समृद्धि हाम्रै स्रोतले' भन्ने मूल मन्त्रका साथ प्रदेश सरकारले राजस्व र खर्चमा तादम्यता कायम गर्ने, 'म अघि बढ्छु' भन्ने नाराकासाथ विद्यालयस्तरमा सगरमाथा टिनएज क्लब कार्यक्रम सञ्चालन गरिने, 'सुरक्षित सीमा, सुरक्षित जीवन' कार्यक्रम सञ्चालन गर्ने जस्ता महत्वपूर्ण नीतिगत व्यवस्थासहित आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र सोही अनुसार वार्षिक बजेट विनियोजन गरी कार्यान्वयन भइरहेको छ।

**४. मापन योग्य उपलब्धिहरू**

प्रदेश सरकार एक वर्ष पुगेको अवसरमा सार्वजनिक गरिएको पुस्तिकामा उल्लेखित महत्वपूर्ण उपलब्धिहरू यसप्रकार छन्।

१. १४ जिल्लामा विपद् खोज, उद्दार तथा राहतसम्बन्धी विद्यमान क्षमता नक्साङ्कन गरिएको, पाँचथर, तेह्रथुम र धनकुटाका सात वटा स्थानीय तहमा सुख्खा प्रभावित ३ हजार ७ सय ९० परिवारलाई १ करोड ८९ लाख ५० हजार रूपैयाँ राहत उपलव्ध गराएको। विपद् पश्चातको खोज, उद्धार र राहतको लागि पूर्वतयारी गर्न प्रादेशिक

गोदामघर स्थापना गरी सामग्रीहरू भण्डारण गरिएको।

२. सडकको पहुँच भएका गाउँपालिकाहरूलाई ७० वटा एम्बुलेन्स खरिद गरी हस्तान्तरण गरिएको

३. कर सुदृढीकरण कार्यदल बनाई प्रदेश अन्तरगत कर तथा गैरकरका सम्भाव्य स्रोत, क्षेत्र, दायरा, दर लगायतका विषयमा अध्ययन गरिएको।

४. तराई मधेस हरियाली वन विस्तार कार्यक्रम अन्तर्गत झापा, मोरङ र सुनसरीमा नर्सरी स्थापना र स्तरोन्नति भई १३ लाख ८० हजार विरुवा उत्पादन भइरहेको, एक घर पाँच विरुवा कार्यक्रम अन्तर्गत मोरङ र झापा जिल्लामा इमली, रुख कटहर, सोहिजन, बेल र अमला प्रजातिका १ लाख २० हजार विरुवा कृषकलाई वितरण गरिएको, ताप्लेजुङ, भोजपुर, ओखलढुङ्गा, धनकुटा, तेह्रथुम र पाँचथरका विशेष क्षेत्रका कृषकहरूलाई रुद्राक्ष, चाँप, लौठसल्ला, लाम्पाते आदि प्रजातिका १२ हजार विरुवा खरिद गरी वितरण गरिएको छ।

५. झापाको बाहुनडाँगी र सुनसरीको कोशीटप्पु क्षेत्रमा हात्ती-मानव द्वन्द्व न्यूनीकरण गर्न छेकवार पूर्वाधार विकास कार्यक्रम सञ्चालन भइरहेको

६. तराईको हुलाकी राजमार्ग क्षेत्रलाई विशेष आर्थिक कोरिडरको रूपमा विकास गर्दै आगामी पाँच वर्षमा त्यस कोरिडरको गरिबी न्यूनीकरण गर्ने लक्ष्यका साथ तरकारी र अन्नको उन्नत बीउ तथा उत्पादन सामग्रीमा सहयोग गर्ने गरी राजमार्ग कोरिडोर व्यावसायिक कृषि कार्यक्रम शुरु भएको।

७. मिल्क होलिडेलाई समाप्त गर्न बिराटनगर दुग्ध वितरण आयोजनाको पाउडर प्लान्ट स्तरोन्नति र सुदृढ गर्ने तथा डेरी व्यवसायीहरूको संलग्नतामा थप पाउडर प्लान्ट स्थापना गर्ने कार्य अगाडि बढाइएको।

८. सहकारीहरूको वित्तीय तथा मासिक प्रगति प्रतिवेदनहरू सहकारी सूचना प्रणालीमार्फत अपडेट गर्ने कार्य भई १ सय ७७ सहकारी सङ्घसंस्थाहरूबाट अनलाइन् प्रतिवेदन प्राप्त भइरहेको।

९. सडक र पुल निर्माणतर्फ तीनवटा पक्की पुलको प्रारम्भिक सर्भेक्षण भएको, करिब ११४ कि.मीका दुईवटा सडकहरू र छ वटा झोलुङ्गे पुलहरूको डिपिआर तयार भइसकेको, प्रदेश अन्तर्गत ८२ वटा सडक तथा पुलहरूको डिपिआर तयार भई ७५ वटा ठेक्का लगाइसकिएको।

१०. चालु वर्षको रातो किताबमा परेका सडक तथा पक्की पुलका योजनाहरूमध्ये बहुवर्षीय योजनाको लागि ५६ वटा निर्वाचन क्षेत्रमा ५६ वटा सडक र ५६ वटा पक्की पुलहरू छनौट भइसकेको।

११. तटबन्धन निर्माण गर्ने कार्य अन्तरगत सुनसरी, झापा र उदयपुर जिल्लाका पाँच वटा खोलामा करिब २० किलोमिटरमा डिपिआर तयार भएको र झापा, मोरङ र सुनसरी जिल्लाका ३६ स्थानमा तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी ३ सय २ स्थानका सिंचाइ तथा तटबन्ध योजनाहरूको डीपीआर तयार भई २ सय ९ योजनाहरूको ठेक्का लगाइएको।

१२. भ्यूटावर तीन, बसपार्क एक, स्टेडियम एक, धर्मशाला र ज्येष्ठ नागरिकको लागि भवन दुई र सामुदायिक भवन नौ गरी १५ वटाको डीपीआर तयार भइसकेको।

१३. प्राविधिक विश्वविद्यालय सम्भाव्यता अध्ययन कार्यदलले प्रतिवेदन बुझाएको र प्रदेश विश्वविद्यालय सम्भाव्यता अध्ययन कार्यदलले काम गरिरहेको। त्यस्तै प्रादेशिक नीति तथा ज्येष्ठ नागरिक ग्राम र वृद्धाश्रम सम्भाव्यता अध्ययन कार्यदल र अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा प्रादेशिक नीति तथा कार्यक्रम व्यवस्थापन र कार्यान्वयन सुझाव दलले प्रतिवेदन पेश गरेको।

१४. पथरी शनिश्चरेमा बहुसांस्कृतिक ग्राम निर्माणको अवधारणा निर्माणसम्बन्धी कार्यदल तथा भाषा, साहित्य, कला र संस्कृतिको विकासको लागि सुझाव दिन गठित प्रदेशस्तरीय कार्यदलले काम गरिरहेको आदि।

**५. फर्केर हेर्दा**

प्रदेश सरकारले इमान्दारीसाथ काम गरिरहेको छ। मुख्यमन्त्री शेरधन राईकै भाषामा सुकुलमा बसेर कार्यारम्भ गरेको प्रदेश सरकार अहिले कुर्सीमा बसेर काम गर्ने अवस्थामा छ। नीति र संरचनाहरू बनेका छन्। तर, प्रदेशको नाम र राजधानी अझै टुङ्गो नलगाएको कारण खालखालका दबाब झेलिरहनु परेको छ। लोकतन्त्रलाई घरघरमा पुऱ्याउन जनताले सरकार छामेर भेट्टाएको महसुस गराउन सहभागितामूलक लोकतन्त्रको मान्यता अनुसार नीति, निर्माणमा जुनस्तरको नागरिक सहभागिता वा छलफल र विमर्श हुनुपर्ऱ्यो, त्यो हुनसकेको छैन। मातृपार्टी र सरकारकाबीचमा समन्वय र सम्वादको संरचना बनेको छैन। अर्को कुरा, लोकतन्त्र ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने नागरिक समाजलाई उचित भूमिका दिइएको छैन। बरू कताकता कर्के नजरले हेरेको पो हो कि भन्ने अनुभूति हुनथालेको छ।

**६. प्रचुर संभावना**

हिमाल, पहाड र तराईका १४ वटा जिल्ला समेटेर बनेको प्रदेश १ मा ४५ लाख भन्दा बढी जनता २५ हजार ९ सय ५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएर रहेका छन्। विश्वको अग्लो सगरमाथादेखि नेपालको होचो कचनाकवल यस प्रदेशमा छन्। जैविक विविधता र प्राकृतिक साधनस्रोतले भरिपूर्ण छ। छोटो दूरीमा नै अत्यन्तै फरक किसिमको हावापानी, जीवजन्तु र वनस्पतिहरू पाइन्छन्। व्यापार, पर्यटन, उद्योग, कृषि र वन्यजन्तु आरक्षणको संभावना नै संभावना छन्। ९ सय मेघावाट भन्दा बढी क्षमताको जलविद्युत आयोजना बन्न सक्नेछ। विराटनगर, किमाथाङका, काकरभिट्टा, पशुपतिनगर, सन्दकपुर र ओलाङ्चुङ्गोला जस्ता व्यापारिक नाकाहरू तथा विराटनगरसहित १४ वटा विमानास्थलहरू यस प्रदेशमा छन्। प्रतिनिधि सभाको २८ र प्रदेश सभाको ५६ निर्वाचन क्षेत्रमा १ सय ३७ वटा स्थानीय तहसहित १ सय ३८ वटा सरकारहरू क्रियाशील छन्। राजनीतिक, शैक्षिक, सांस्कृतिक, जैविक, प्राकृतिक र भौगोलिक रूपले सम्पन्न यो प्रदेशमा योजनाबद्ध काम गर्ने हो भने साँच्चै सबैभन्दा बेस प्रदेश बनाउन सकिने सम्भावना छ।

yagyasarma@yahoo.com



रोशन जनकपुरी*

# प्रदेश २ : मानव अधिकारप्रति संवेदनशीलता आवश्यक

राजनीतिक अधिकार प्राप्तिको निम्ति नेपाली जनताले अनेकौं आन्दोलन, सशस्त्र द्वन्द्व र जनसङ्घर्षको माध्यमबाट गरेको त्याग, तपस्या र बलिदानको परिणाम हो सङ्घीय लोकतान्त्रिक गणतन्त्र। नेपालको संविधान (२०७२) बमोजिम राज्यसत्ताको कार्यकारिणी अधिकार सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ। संविधानले निर्धारण गरेको सीमाभित्र तीनै तहको निर्वाचन सम्पन्न भएर तीनै तहको सरकारबाट कार्यकारिणी अधिकारको प्रयोग पनि शुरु भइसकेको छ। सङ्घीय व्यवस्थापिका अर्थात प्रतिनिधिसभामा नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा सरकार गठित छ। त्यस्तै सातवटा मध्ये ६ वटा प्रदेशमा नेकपाकै सरकार छ भने प्रदेश दुईमा सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीको गठबन्धन सरकारले गत माघमा एक वर्ष पूरा गरेको छ।

जब कुनै राज्यसत्ताले जनताको राजनीतिक अधिकारहरूको दमन गर्छ र मौलिक अधिकार अर्थात् मानवीय जीवनको आधारभूत र आवश्यक अधिकारलाई निषेध गर्छ , अनि यसको प्रतिरोधमा जनताले अनेक आन्दोलन, र जनसङ्घर्षको माध्यमबाट जनहित अनुकूलको परिवर्तनको चाहना व्यक्त गर्छ। तात्पर्य के हो भने राज्यसत्ताको मूल्याङ्कन जनताको जनअधिकार र समग्रमा मानवअधिकार संरक्षणको दृष्टिले सबैभन्दा महत्त्व राख्छ। हाम्रो देशको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानको अवधारणा अनुरूप सङ्घ, प्रदेश र स्थानीय सरकारहरूले जनताको अपेक्षा र हित बमोजिम मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने अपेक्षा जनताले राख्नु स्वाभाविक नै हुन्छ।

वर्ग विभाजित समाजमा मानव अधिकार पनि विभाजित हुने गर्छ। यस अर्थमा समाजको अधिकांश श्रमजीवि वर्ग र उत्पीडित समुदायको राजनीतिक, आर्थिक र साँस्कृतिक अधिकार र राज्यको सबै अवसरहरूमा समान हैसियतमा सहभागी हुन पाउने अधिकार नै वास्तविक अर्थमा मानव अधिकार हो। संविधान प्रदत्त मानव अधिकारलाई आमजनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, अभिव्यक्तिको स्वतन्त्रता, निर्वाचनमा सहभागिता र सरकारले उपलब्ध गराएको अवसरहरूको उपभोगको स्थितिलाई व्यवहारिकस्तरमा समीक्षा गर्दा अझै धेरै रूपान्तरणको आवश्यकता देखिन्छ। मानव अधिकारको विश्वव्यापी मान्यताले मानिसको आधारभूत आवश्यकतासँगै पहिचान, अभिव्यक्तिको स्वतन्त्रता र स्वायत्ततताजस्ता राजनीतिक साँस्कृतिक विषयहरूलाई पनि मानिसको सार्वभौमिक अधिकारमा सामेल गरेको छ। नेपालमा सङ्घीयताको आन्दोलन र नेपालको संविधान-२०७२ ले देशलाई सङ्घीय घोषणा गर्नुमा जनसमुदायको यिनै पहिचान र आफ्नो स्वायत्तताअनुसार सत्ता सञ्चालन गर्न पाउने चाहनाको सम्बोधन हो।

गणतन्त्र घोषणापछिको अन्तरिमकालमा सङ्घीयतासम्बन्धी संवैधानिक अमुर्तताको विरुद्ध ०६४/६५ पछिका मधेश आन्दोलनहरूको भूमिका सर्वाधिक उल्लेखनीय छ। र, यसै श्रृङ्लाबद्ध मधेस आन्दोलनको आधारभूमिबाट विकसित सङ्घीय समाजवादी फोरम, नेपाल र तराई मधेसका ६ वटा क्षेत्रीय पार्टीहरू मिलेर बनेको राष्ट्रिय जनता पार्टी, नेपालले प्रदेश नम्बर दुईमा संयुक्त रूपमा सरकार सञ्चालन गरिरहेको छ। यसरी प्रदेश नम्बर दुईमा संसफो र राजपाको संयुक्त सरकारको समीक्षा गर्दा उपर्युक्त विषयहरू महत्त्वपूर्ण हुनेछन्। यस दृष्टिले हेर्दा संसफो र राजपाको संयुक्त सरकारको विगत एक वर्षको कार्यकाल उत्साहजनक देखिँदैन।

गत माघ महिनामा प्रदेशनम्बर दुईको संसद गठन भएको एक वर्ष पुगेको छ। ०७४ माघ २१ मा गठन भएको संसदमा सरकारले पारित गरेका विधेयकहरू र उनीहरूको गतिविधि हेर्दा उनीहरूको एकवर्ष मुख्यमन्त्री, मन्त्री, प्रदेशसभा सदस्यहरूको पारिश्रमिक, मुख्य न्यायाधिवक्ताको सेवा, सुविधा, अधिकार तथा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा आदि पारित गर्नमा र अर्कोतिर सङ्घीय सरकारसँगको विवादमा बितेको देखिन्छ। तराई मधेसमा केन्द्रित संसफो र राजपा लगायतका दलहरूले मधेशप्रतिको केन्द्रीय शासनको विभेदपूर्ण व्यवहार र संविधानमा नागरिक अधिकारमा असमान रहेको दावी गर्दै संविधान संशोधनको मुद्दालाई आधार बनाएर प्रदेशमा सरकार बनाउन सफल भएका हुन्। यसै संविधान संशोधनको मुद्दालाई प्रमुख एजेन्डा बनाएर उनीहरूले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सङ्घीय सरकारसँग सम्झौता गरेर समर्थन दिएका हुन्। यसै समर्थनको बलमा नेकपाले दुई तिहाइ मतको सङ्घीय सरकार बनाउन पनि सफल भएको हो। अब त प्रदेश २ को गठबन्धन सरकारको एकघटक संसफो सङ्घीय सरकारमा समेत सामेल छ र यस पार्टीका अध्यक्ष उपेन्द्र यादव उपप्रधान र स्वास्थ्यमन्त्री छन्। तर प्रदेश सरकारको एकवर्ष बितिसक्दा पनि नागरिकतासम्बन्धी संविधान संशोधनको मुद्दा सङ्घीय संसदमा लम्बिएकै छ।

प्रदेश दुईमा सरकारले संविधान संशोधनको मुद्दा र सङ्घीय सरकारद्वारा

---

* *लेखक राजनीतिक विश्लेषक हुन्।*

गरिएको भेदभावलाई प्रदेशले गर्न नसकेको कामको निम्ति अवरोधको रूपमा प्रस्तुत गर्दै आएको छ। प्रदेशले पारित गरेको संसदसँग सम्बन्धितहरूको सेवा र सुविधाका अतिरिक्त अन्य विधेयकहरूमा नीति आयोग गठन र सञ्चालन विधेयक र बहुमतबाट पारित विवादास्पद प्रदेश प्रहरी विधेयक र सार्वजनिक प्रशासन करार कर्मचारी भर्ना विधेयक हो। सङ्घीय सरकारले कानुनीरूपमा स्थिति सहज न बनाइदिएका कारण प्रदेशमा सीडिओ र प्रहरी प्रमुख तथा सङ्घीय सरकार मातहतका सरकारी कार्यालयका प्रमुखहरूले प्रदेश सरकारलाई नटेरेको आरोप प्रदेश सरकारका मन्त्रीहरूले लगाउँदै आएका छन्।

सार्वजनिक प्रशासन, करार कर्मचारी प्रशासन भर्ना विधेयक र प्रदेश प्रहरी विधेयक यसैको परिणाम हो। प्रदेश संसदमा टेबुल भएर पारित हुने प्रतिक्षामा रहेका विधेयकहरूमा विपद् व्यवस्थापन, आकस्मिक कोष सञ्चालन तथा प्रशासकीय कार्यविधि विधेयकहरू हुन्। मानव अधिकारको दृष्टिले संसदको अध्ययन समितिमा मदरसा शिक्षा बोर्ड, दलित सशक्तिकरण जस्ता केही विधेयकहरू छन्, तर ती तल्लो प्राथमिकतामा देखिन्छन्। अध्ययन समितिमा रहेका केही अन्य विधेयकहरूमा गाउँ, नगर र गिलन सभा सञ्चालन कार्यविधि, नगरसभा र गाउँसभा कानुन प्रक्रिया, प्रादेशिक विद्युत विधेयक र दुग्ध विकास बोर्ड स्थापना र व्यवस्थापन विधेयकहरू छन्। यसरी विगत एकवर्षमा प्रदेशसभामा भएका 'बिजनेस' हरूमा प्रदेश सरकार र सांसदहरूको सुविधा तथा पारिश्रमिक पहिलो प्राथमिकतामा थिए भने जनताको हित र मानवअधिकारका विषयहरू की त निम्न प्राथमिकतामा कि त उपेक्षित रहे।

प्रदेशमा सक्रिय मानव अधिकारसँग सम्बन्धित संस्थाले प्रकाशन गरेको तथ्याङ्कअनुसार यस प्रदेशमा ६ सय १ वटा मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका छन्। यस मध्ये ११ वटा राज्यपक्षबाट र ५ सय ९० वटा नागरिक पक्षबाट भएको देखाइएको छ। प्रकृतिको हिसाबले मानव अधिकार उल्लङ्घनका यी घटनाहरूमा हत्या, धम्की, कुटपिट, यातना, जातीय विभेद, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार, महिला अधिकार, अपहरण, आर्थिक-सामाजिक-साँस्कृतिक अधिकार, अमानवीय व्यवहार, बाल अधिकार र घाइतेका घटनाहरू यसमा सामेल छन्। तर यी तथ्याङ्कहरूले मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्राविधिक स्थिति मात्र व्यक्त गर्दछन्। राज्यको प्रवृत्तिको दृष्टिले भन्ने हो भने प्रदेश दुईको सरकार र संसदमा समेत यस प्रकारका घटनाहरू बारे गम्भीररूपमा बहस भएको पाइएन। कथम्कदाचित केही सांसदहरूले कुरा उठाए पनि ती औपचारिकता पूरा गरेजस्तो मात्र थियो, ती विषयहरू प्रदेश संसदको 'बिजनेस'मा सामेल हुन सकेनन्। यस्तै सरकारले नीतिगत तहमा समाधान गर्नुपर्ने आर्थिक, सामाजिक र सांस्कृतिक विषयसँग सम्बन्धित मानव अधिकार उल्लङ्घनका घटनाहरूले प्रदेश संसदलाई सम्बोधन गर्न सकेन। कमर्चारीतन्त्र यी घटनाहरूलाई आपराधिक प्रवृत्तिको घटनाको रूपमा यसमा सक्रिय त भयो, तर आर्थिक सामाजिक, साँस्कृतिक र अर्थराजनीतिक बेथितिबाट जन्मेको समस्याको रूपमा प्रवृत्तिगत रूपमा यसलाई हल गर्नुपर्ने सरकार र संसदको दायित्वबोध कतैबाट देखिएन। जबकि राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्धि सम्झौताअनुसार मानव अधिकारको विश्वव्यापी मान्यताको पालन गर्ने बचनवद्धता सङ्घीय र प्रादेशिक सत्ताले पटक-पटक दोहोऱ्याइरहन्छन्।

विकासको दृष्टिले प्रदेश नम्बर दुई पछि परेका प्रदेशहरूमा दोस्रो हो। गरिबी, अशिक्षा, कमजोर स्वास्थ्यस्थिति, दाइजो, दलित विभेद, कमजोर नारी अधिकार आदि यस प्रदेशका प्रमुख समस्याको रूपमा देखिएका छन्। पानी नचल्ने, जातीय पहिचानको कारण कोठा भाडामा नपाइने, र जातको आधारमा सत्तामा समेत विभेद गरिएको अभिव्यक्ति स्वयं सांसदहरूले नै गरेका छन्। त्यस्तै महिला भएकै कारण आफूहरूले भेदभाव र उपेक्षाको शिकार हुनुपरेको कुरा प्रदेश संसददेखि स्थानीय सरकारमा समेत पटकपटक उठ्दै आएको छ। प्रदेशको सरकारले ओठेरूपमा यी समस्याबारे कहिलेकाहीं चर्चा गरे पनि कर्म र वचन दुबैस्तरमा गम्भीर भने देखिएन।

बिडम्बना के छ भने वर्गीय र जातीय भेदभावको शिकार आमजन मात्रै होइन, प्रदेश सांसदसमेत हुनुपरेको छ। प्रदेशसभा सदस्य फूलियादेवीले कथित तल्लो जात भएकै कारण घरभाडामा पाउन नसकेको प्रसङ्ग चर्चामा आएको हो। अहिले एशियाली विकास बैंकको सहयोगमा प्रदेशको विभिन्न शहरहरूमा विकास कार्यहरू चल्दैछन्। सडकहरू फराकिलो पारिँदैछ र यसको निम्ति बाटा छेउका घरहरू भत्काइँदैछन्। विकासको उपरी दृष्टिले यसलाई सकारात्मक मान्न सकिन्छ। तर, यस क्रममा थोरै जग्गामा घर बनाएर बसिरहेको गरीब जनताको उठिवासको हिसाब कसैले राखेको छैन। प्रदेशको राजधानी जनकपुरमा सडक फराकिलो पार्न जनताको जग्गा अधिग्रहण गर्दा कुनै मुआब्जा दिइएको छैन। कसैले कुरा उठाए त्यसलाई बलजफ्ती मौन बनाइयो।

दुईवर्ष पहिले रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकामा जनता आवास योजना अन्तर्गत घर बनाइदिने भनेर मुसहरहरूको छाप्रा भत्काइए। तर अहिलेसम्म पनि जनता आवासको घर बनेको छैन, र त्यहाँका ७६ मुसहर परिवारहरू खुला आकासमुनि बस्न बाध्य छन्। यस्तै सप्तरीमा पनि आ.व. ०७३/०७४मा जनता आवास कार्यक्रम अन्तर्गत निर्माण शुरु भएका एक हजार घरमध्ये ९ सय ६० घर अधूरै रहेको छ भने ०६७/०६८ देखि नै त्यहाँका आवासविहीन दलित र गरीबहरू सरकारी योजनाका घरहरू बन्ने प्रतीक्षामा छन्।

प्रदेश सरकारको पहिलो वर्षको कार्यकालमै प्रदेशको अस्थायी राजधानी जनकपुरधाममा रेलवेस्टेसन छेउमा तीसवर्ष देखि छाप्रो हालेर बस्दै आएका गरिब भूमिहीन मेस्तरहरूको उठिवास भयो। कुनै वैकल्पिक व्यवस्था नै नगरी उनीहरूको छाप्रो भत्काइयो। जनकपुरधामबाट प्रकाशित मिडियामा आएको खबर अनुसार यसैकारण जाडोमा कठाङ्ग्रिएर एकजना वृद्ध नेरु मेस्तरको मृत्यु भयो। छाप्रो भत्किएर उठिवास भएका भूमिहीन मेस्तरहरू यसको निम्ति स्थानीय सरकारदेखि प्रादेशिक सरकार तथा सङ्घीय सरकार मातहतका प्रमुख जिल्ला

अधिकारी समक्ष अनेक गुहार लगाए पनि सुनवाइ भएन। सडक, नाला र घरको दिसा फोहोर समेत सफा गरेर जीविका चलाएका यी मुसहरहरू अहिले पनि अलपत्र छन्।

गौर नगरपालिका स्थित टिकुलियाघाटमा ०७५ भदौ राती डुङ्गा दुर्घटनामा पाँच जनाको मृत्यु भयो। यस दुर्घटनाको मुख्य कारण लालबकैया नदीमा समयमा पुल निर्माण नभएको र यसैक्रममा बनाएर छाडिएको पीलरमा ठोक्किएर डुङ्गा पल्टिनुलाई भनियो। यस पुलको ठेक्का पप्पु कन्सट्रक्सनको थियो। पीडितहरूले पप्पु कन्सट्रक्सनको विरुद्ध किटानी जाहेरी समेत दिएका थिए। अफसोस, अहिलेसम्म कसैको गिरफ्तारी भएन।

गुणात्मक शिक्षा जनताको मौलिक अधिकारको विषय हो। तर संवैधानिकस्तरमा नै निजी विद्यालयको अवधारणाको कारण शिक्षामा विभेदीकरणलाई कानुनी अवसर दिएको यथार्थ त छँदैछ, सरकारी विद्यालयहरूको स्थिति झन् दयनीय छ। अझ आधारभूत विद्यालयको दयनीयता त अवर्णनीय छ। ग्रामीण क्षेत्रका विद्यालयहरूमा कतै शिक्षकको दरबन्दी पूर्ति भएको छैन, भने कतै विद्यालय त छ तर विद्यार्थी नै छैनन्। सरकारीस्तरमा चलाइएका शैक्षिक अभियानहरू प्रभावहीन छन्। यस प्रसङ्गमा बालिकाहरूलाई लक्षित गरि प्रदेश सरकारले ल्याएको 'बेटी बचाओ बेटी पढाऊ' योजनालाई पहिलो नजरमा प्रशंसा गर्न सकिन्छ। तर, यसका प्रावधानहरू जटिल छन्। प्रदेश सरकारले यसलाई अत्यन्त महत्वाकांक्षी योजनाको रूपमा प्रस्तुत गर्दै छ। छोरी जन्मिँदा एकलाख रुपियाँ दिने भनेर सरकारले यस योजनाअन्तर्गत छोरी जन्मने बित्तिकै लाखपति हुने प्रचार गर्दैछ। तर यथार्थ के हो भने छोरी जन्मिँदा बीसवर्ष पछि भुक्तानी पाउने गरी उसको बैंक खातामा करिब १३ हजार रुपियाँ जम्मा गरिनेछ। पुरुष प्रधान समाजमा नारी अधिकारको दृष्टिले यस योजनालाई सकारात्मक नै मान्नु पर्छ। तर, गर्भपरीक्षण गर्दा छोरी रहेको थाहा पाएर गर्भपतन गराउने, गरीबीको कारण विद्यालयको साटो बालिकालाई घरधन्दा र अन्यकाममा लगाउने प्रवृत्ति, विद्यालय गएपनि आवश्यक संरक्षणको अभावमा बिचैमा विद्यालय छाड्ने समस्या र प्रदेशमा विद्यमान ३६ प्रतिशत कुपोषित बालबालिकाहरूमा बालिकाको सङ्ख्या अधिकतम् रहेको तथ्यहरूले स्थितिको गम्भीरता बुझ्न सकिन्छ। यस वास्तविकताप्रति गम्भीर भएर छोरी बचाउने र सामाजिक, साँस्कृतिक सुरक्षा तथा विश्वासको धरातलीय पक्षलाई ध्यानमा राखेर योजना नबनाएसम्म २० वर्षपछि छोरीले १ लाख पाउने योजना कुनै दूर देशको कथा जस्तै हुनेछ। यस कोणबाट विचार गरिएन भने मानव अधिकारका विषयहरू फगत औपचारिकतामा मात्र परिणत हुने देखिन्छ। व्यवहारिकरूपमा त यसको महत्त्व त सबैभन्दा बढी छ, तर प्रदेश सरकारले मानव अधिकारको सैद्धान्तिक अन्तर्य आत्मसात गरेर संसदमा उच्च प्राथमिकताका साथ यसबारे नीतिगत छलफल, बहस गरी विधेयक पारित गरेन भने न त सैद्धान्तिक जिम्मेवारीबोध, न त व्यावहारिक लक्ष्य नै स्प्ष्ट हुनेछ।

मानव अधिकारको कोणले प्रदेश दुईको सरकारको विगत एक वर्षको कार्यकाललाई निराशाजनक नै मान्नु पर्दछ। सबैभन्दा महत्त्वपूर्ण के छ भने तराई मधेसका जनताले गरेका अनेक सङ्घर्ष र आन्दोलनपछि परिवर्तित परिस्थितिमा सकारात्मक परिवर्तनको अपेक्षा गरेका थिए। तर सुशासन, जनहित तथा सामाजिक सुरक्षाको अर्थमा प्रदेशमा लैङ्गिक असमानता, दुर्व्यवहार, यातना, जातीय विभेद अझै प्रमुख समस्याको रूपमा विगतको वर्षझैं निरन्तर देखिएको छ। विगतको दशकभन्दा मानव अधिकारका घटनाहरूमा कमी आएको देखिए पनि सरकारले सामाजिक सुरक्षा र शान्ति सुरक्षाप्रति आश्वस्त नगराएसम्म र मानव अधिकारसँग सम्बन्धित विषयमा जिम्मेवारपूर्ण ढङ्गले प्रस्तुत नभएसम्म स्थितिलाई सन्तोषप्रद मान्न सकिँदैन। आशा गरौं प्रदेश दुईको आगामी कार्यकाल जनहित र मानव अधिकार दुबै दृष्टिले सकारात्मक उल्लेखनीय हुनेछ।

**बालिकाहरूलाई लक्षित गरि प्रदेश सरकारले ल्याएको 'बेटी बचाओ बेटी पढाऊ' योजनालाई पहिलो नजरमा प्रशंसा गर्न सकिन्छ। तर यसका प्रावधानहरू जटिल छन्। प्रदेश सरकारले यसलाई अत्यन्त महत्त्वकांक्षी योजनाको रूपमा प्रस्तुत गर्दैछ। छोरी जन्मिँदा एकलाख रुपियाँ दिने भनेर सरकारले यस योजनाअन्तर्गत छोरी जन्मने बित्तिकै लखपति हुने प्रचार गर्दैछ। तर यथार्थ के हो भने छोरी जन्मिँदा बीसवर्ष पछि भुक्तानी पाउने गरी उसको बैंक खातामा करिब १३ हजार रुपियाँ जम्मा गरिनेछ। पुरुष प्रधान समाजमा नारी अधिकारको दृष्टिले यस योजनालाई सकारात्मक नै मान्नु पर्छ। तर, गर्भपरीक्षण गर्दा छोरी रहेको थाहा पाएर गर्भपतन गराउने, गरीबीको कारण विद्यालयको साटो बालिकालाई घरधन्दा र अन्य काममा लगाउने प्रवृत्ति, विद्यालय गए पनि आवश्यक संरक्षणको अभावमा बिचैमा विद्यालय छाडने समस्या र प्रदेशमा विद्यमान ३६ प्रतिशत कुपोषित बालबालिकाहरूमा बालिकाको सङ्ख्या अधिकतम् रहेको तथ्यहरूले स्थितिको गम्भीरता बुझ्न सकिन्छ। यस वास्तविकताप्रति गम्भीर भएर छोरी बचाउने र सामाजिक, साँस्कृतिक सुरक्षा तथा विश्वासको धरातलीय पक्षलाई ध्यानमा राखेर योजना नबनाएसम्म २० वर्षपछि छोरीले १ लाख पाउने योजना कुनै दूर देशको कथा जस्तै हुनेछ।**

विश्लेषण



प्रताप विष्ट*

# प्रदेश ३ सरकार : सिक्दै अघि बढ्दै

**भूमिका**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ,प्रदेश र स्थानीय तह गरी तीन तह रहने व्यवस्था नेपालको संविधानले गरेको छ। संविधानमा नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने उल्लेख छ। राज्यशक्तिको बाँडफाँड अनुसार संविधानको अनुसूची ५ देखि ९ सम्म एकल तथा साझा अधिकार सूचीहरूलाई व्यवस्था गरेको छ। संविधानले गरेको व्यवस्थाअनुसार सातवटै प्रदेशमा प्रदेश सरकार गठन भई कार्य प्रारम्भ भएको झण्डै १४ महिना हुन लागिसक्यो।

सङ्घीय राजधानीसमेत रहेको यस प्रदेश सरकारको १४ महिना कर्मचारी, कार्यालय र ऐन कानुनको व्यवस्थापनमा नै बितेको छ। साझा अधिकार सूचीका कारणले पनि प्रदेशले आफ्नो कामलाई अगाडि बढाउन सकिरहेको छैन। अर्कोतर्फ प्रदेश शून्यबाट सुरु भएकाले एक वर्ष बित्दा पनि गति लिन सकेको छैन। १३ वटा जिल्ला कार्य क्षेत्र रहेको प्रदेश–३ सरकारले आफ्नो मातहतका करिब १ सय ६५ वटा कार्यालयहरू स्थापना गरेको छ। क्रमश: विकासका कामहरू अगाडि बढिरहेका छन्।

मुलुकमा राजनीतिक परिवर्तन भए पनि संस्कार र मानसिकतामा परिवर्तन नभएकाले कुनै पनि कामले 'पिकअप' लिने नसकेको प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलको जिकिर छ। उनी भन्छन् 'प्रदेश शुन्यबाट सुरु भएकोले २ सय ५० वर्षको इतिहास भएको सङ्घीय सरकार र पाँच दशक भन्दा बढी लामो इतिहास भएको स्थानीय तहसँग तुलना गर्न मिल्दैन।'

प्रदेशको राजधानी र नामले सधैं प्रदेश सभा सदस्य र प्रदेश सरकारलाई टाउको दु:खाइ भएको छ। प्रदेश राजधानीका बारेमा टुङ्गो नलागेकाले पनि कर्मचारीदेखि लिएर प्रदेश सभासदहरू अस्थिर मानसिकतामा देखिन्छन्। सरकारले प्रदेश सभामा ल्याएको विधेयक घनिभूत ढङ्गले छलफल नगरी पारित गर्ने प्रवृति देखिन्छ। १४ महिनाकाबीच २४ विधेयक पारित भइसकेका छन् भने पाँच वटा विधेयक संसदमा छलफलकै क्रममा छन्। प्रदेश तथा नीति योजना आयोगले प्रदेशको विस्तृत प्रोफाइल, आवधिक योजना तयार पारेको छन् भने योजना बैंकको स्थापना गरेको छ।

प्रदेश प्रमुख अनुराधा कोइरालाले २०७४ माघ २९ गते प्रदेश–३ का मुख्यमन्त्री डोरमणि पौडेललाई मुख्यमन्त्रीको रूपमा सपथ ग्रहण गराएर मुलकमा सङ्घीयताको सुरुवात गरिएको थियो। प्रदेश-३ को मन्त्रिपरिषद्मा २०७४ माघ २९ गते मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षतामा भौतिक पूर्वाधार विकास मन्त्री तथा आन्तरिक मामिला तथा कानुन मन्त्रीसमेत गरी प्रारम्भमा तीन सदस्यीय मन्त्रिपरिषद् गठन गरिएको थियो। फागुन १७ गते अन्य चार मन्त्रीहरू थप भई मुख्य मन्त्रीसहित सात सदस्यीय मन्त्रिपरिषद् गठन भई प्रदेश–३ को मन्त्रिपरिषदले पूर्णता पाएको थियो। तर, अहिले मन्त्रिपरिषद् ६ सदस्यीयमात्र छ।

प्रदेश–३ को हालसम्म मन्त्रिपरिषद्को ४५ वटा बैठक बसेको छ। कानुन निर्माणमा प्राथमिकताको दाबी गर्दै आएको प्रदेश सरकारले प्रदेश सभामा भने पर्याप्त काम दिन सकेको छैन। सुस्त देखिएको प्रदेश सरकारले हालसम्म एक संशोधन सहितको २८ वटा विधेयक दर्ता गर्न सफल भएको छ।

प्रदेशसभामा भने प्रमुख प्रतिपक्षी दलले सतही विषयमा मात्रै आवाज उठाउँदै आएको छ। संसदमा बोल्ने अधिकांश विषय सङ्घीय सरकारको आलोचनामा बिताउँदा प्रदेश सरकारको टिप्पणीमा मौनता देखिएको हो। जनताले अनुभूत गर्ने गरी काम नभएको आरोप प्रदेश सभाका प्रतिपक्ष दलका नेता इन्दबहादुर बानियाँले लगाउँदै आएका छन्। सत्तापक्षले भने त्यसको प्रतिवाद गर्दै आएको छ। कानुन, कार्यविधि निर्माण र आफ्ना संयन्त्रहरू स्थापना गर्दै प्रदेश सरकारले चालु आवको ६ महिनामा करिब प्रतिशत भन्दा बढी पूँजीगत खर्च गर्न सफल भएको छ।

प्रदेश–३ मा सङ्ख्यात्मक रूपमा कमजोर रहेको प्रतिपक्षी ऐन निर्माणमा सहयोगी रहँदै आएको बानियाँको दावी छ। सरकारको नीति तथा कार्यक्रम र बजेटबाहेक सरकारले प्रस्तुत गरेका हरेक विधेयक सर्वसम्मत स्वीकृत भएका छन्।

प्रमुख प्रतिपक्षीको भनाइअनुसार पार्टीको आन्तरिक कलहका कारण पनि सरकारको काम देखिएको छैन। सरकार पक्षको पार्टीभित्रको व्यवस्थापन नै चुनौतीको विषय बनेको बानियाँको तर्क छ। राजधानीको विषय टुङ्ग्याउन नसकिएको कारण पनि यही भएको बताउँदै बानियाँले आउदो अधिवेशनको सुरुमै राजधानीको मुद्दा पेस नगरे आफूले संसद् अवरुद्ध गर्ने चेतावनी दिएका छन्।

---

** बिष्ट, इन्सेक मकवानपुरका पूर्व प्रतिनिधि हुन् ।*

**मातहतमा ४५ कार्यालय स्थापना**

प्रदेश-३ को भौतिक पूर्वाधार मन्त्रालयको मातहतमा ४५ वटा कार्यालय स्थापना भएको छ। सबैभन्दा धेरै बजेट भएको मन्त्रालयले खर्च भने खासै खर्च गर्न सकेको छैन। विशेषत: प्रदेश सरकारको एक वर्षमा मन्त्रालयले ऐन निर्माणमा समय ि गरेको दावी गरे तापनि हालसम्म एउटा भन्दा धेरै ऐन बन्न सकेको छैन। मन्त्रालयमा खर्च भए पनि सम्बन्धित कार्यालयहरूले बजेट कार्यान्वयनको प्रगति विवरण पठाउन नसक्दा भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रगति न्यून देखिन्छ।

३ नम्बर प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत यातायात पूर्वाधार निर्देशनालय एउटा, पूर्वाधार विकास कार्यालयहरू ६ वटा, जलस्रोत तथा सिँचाइ विकास डिभिजनहरू १३ वटा, भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनहरू दुई वटा, शहरी विकास तथा भवन कार्यालयहरू पाँच वटा, खानेपानी तथा सरसफाइ डिभिजनहरू पाँच वटा, यातायात व्यवस्था कार्यालयहरू १० वटा, नारायणी लिफ्ट गरी सिँचाइ व्यवस्थापन कार्यालय एउटा र नयाँ शहर आयोजना कार्यालयहरू दुई वटा रहेका छन्। जसमध्ये र दुई वटा नयाँ शहर आयोजना कार्यालयहरू सङ्घीय सरकारको मातहतमा गइसकेका छन्। मन्त्रालयले चालु बाहेकका बजेट खर्चको लागि चार वटा क्षेत्र छुट्याएको छ।

सडक तथा यातायात क्षेत्रमा सबैभन्दा धेरै बजेट ५४ दशमलव ३८ अर्थात ७ अर्ब ९८ करोड ९५ लाख बजेट छुट्याएको छ। यो क्षेत्रमा ८ सय ७८ योजना रहेका छन्। जसमा हालसम्म ३८ वटा प्याकेजमा ६ सय ३८ किलोमिटरको प्राविधिक अनुसन्धान तथा परामर्शसम्बन्धी काम भएको मन्त्रालयले जानकारी दिएको छ। यस्तै उर्जा, जलउत्पन्न र सिँचाइमा ८ सय ५१ छ जसका लागि २ अर्ब ७४ करोड ४१ लाख बजेट छुट्याइएको छ। यो मन्त्रालयको कूल बजेटको २० दशमलव ७६ प्रतिशत हो। यस्तै खानेपानी तथा सरसफाइको क्षेत्रमा ७ सय ७६ योजना लागि १२ दशमलव २० प्रतिशत अर्थात १ अर्ब ६१ करोड ३२ लाख बजेट रहेको छ। त्यस्तै आवास, भवन तथा शहरी विकासको क्षेत्रमा ९८ योजना रहेको छ। यो क्षेत्रको लागि मन्त्रालयले १ अर्ब १ अर्ब ५८ करोड ९ लाख बजेट छुट्याएको छ।

**धमाधम उठाउँदै राजस्व**

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले आफ्नो अधिकार क्षेत्रमा आएदेखि राजश्व धमाधम उठाइरहेको छ। गत आर्थिक वर्षको सञ्चित कोषको ६ करोड ७३ लाखबाहेक मन्त्रालयले यो आर्थिक वर्षमा वनका समुदाय ३४ करोड ५५ लाख राजश्व उठाएको छ। यस्तै उद्योग क्षेत्रबाट ६ करोड ६९ लाख राजश्व सङ्कलन भएको छ। प्रदेश-३ को उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले ऐन, कार्यविधि निर्माणमा तीव्रता देखाउँदै अगाडि बढिरहेको छ।

मन्त्रालयले सरकार गठन भएको एक वर्षमा ऐन, सैद्धान्तिक सहमति, कार्यविधि तथा मस्यौदा गरी आठ वटा तयार पारेको छ। मन्त्रालयले १५ वटा डिभिजन वन कार्यालयको स्थापना तथा ९६ वटा सब-डिभिजन वन कार्यालयको स्थापना गरेको छ। ललितपुर र सिन्धुपलाञ्चोकमा २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना भएको छ। सात वटा घरेलु कार्यालयका स्थापना तथा ६ वटा घरेलु विकास समितिबाट उद्योग क्षेत्रका कामहरू सम्पादन भइरहेको मन्त्रालयले जानकारी दिएको छ। मन्त्रालयले सरकारी परियोजनाको रूपमा पर्यटन विकास आयोजना स्थापना गरेको छ। प्रदेश–३ को१३ वटै जिल्लामा १३ पर्यटन र्यालय स्थापना भई कार्य प्रारम्भ भएको पनि जानकारी दिएको छ। प्रादेशिक व्यापार व्यवसायसम्बन्धी ऐन २०७५ को मस्यौदा तयार गरेको छ।

मन्त्रालयले तयार गरेको ऐनको मस्यौदा अनुसार अब प्रदेश ३ भित्र चिकित्सा विज्ञानबाट निको नहुने भनी प्रमाणित भएको रोग निको हुने अलौकिक वस्तु हो भनी विश्वासमा पारेर बिक्री वितरण गर्ने सञ्जालयुक्त कार्य गर्न नपाइने उल्लेख गरिएको छ। त्यसकारण अब धामी झाँक्रीको नाममा व्यवसाय गर्न नपाइने भएको हो। मन्त्रालयले १० वटा हिल स्टेशनको पहिचान तथा अध्ययनको थालनी, जुगल हिमाल आरोहण खुल्ला गर्ने जस्ता निर्णय एक वर्षको अवधिमा गरेको छ।

**देखिने काम गर्दै सामाजिक विकास मन्त्रालय**

प्रदेश-३ को सामाजिक विकास मन्त्रालयले प्रदेशको मन्त्रालयहरू मध्येमा सबैभन्दा धेरै देखिने काम गरेको देखिन्छ। सामाजिक विकास मन्त्रालयले प्रदेश भित्र विभिन्न पाँच स्थानमा स्वास्थ्य कार्यालयको स्थापना गरेको छ भने एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत २० वटा विद्यालयमा नर्स गएर काम नै सुरु गरिसकेका छन्। यस्तै मन्त्रालयले १५ शैया अस्पताल सञ्चालनका लागि चिकित्सक छनौट सम्बन्धी कार्यविधि बनाई छनौट प्रक्रिया पनि पूरा गरिसकेको छ।

मन्त्रालयले विभिन्न सङ्घसंस्था, सामुदायिक विद्यालयमा दिइने अनुदान सम्झौता पनि सम्पन्न गरिसकेको छ। कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले १३ जिल्लाका १ सय १९ वटै स्थानीय तहका विषयगत कर्मचारीलाई मन्त्रालयको बजेट कार्यान्वयको विषयमा जानकारी गराएको छ। कर्मचारीको अभावको गुनासो बारम्बार गर्दै आएको मन्त्रालयले यो आर्थिक वर्षमा कूल ४ अर्ब २१ करोड ८५ लाख १६ हजारमध्ये २ अर्ब ३३ करोड ९७ लाख ४६ हजार अख्तियारीमा पठाएको छ। मन्त्रालयले अख्तियारीमा पठाएको बाहेक अन्य १ दशमलव ८४ प्रतिशत खर्च गरेको छ।

प्रदेश–३ को आर्थिक मामिला मन्त्रालयले प्रदेशको गत चैत २ गते आर्थिक कार्याविधि नियमित तथा व्यवस्थित गर्ने कार्यविधि बनाएर ऐनको निर्माणमा पहिलो कदम उठाएको थियो। मन्त्रालयले आर्थिक ऐनदेखि प्रदेश आकस्मिक कोषसम्मको ऐनहरूको निर्माण गरेको छ। मन्त्रालयले सबै स्थानीय तहमा सशर्त अनुदान दिने काम गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले कर तथा गैरकर राजस्वसम्बन्धी ऐन-२०७५, प्रदेश विनियोजन ऐन, २०७५, प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४, स्थानीय तहका पदाधिकारी तथा

सदस्यको सुविधासम्बन्धी ऐन २०७५ प्रदेश विनियोजन ऐन २०७५, आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ निर्माण गरिसकेको छ। यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पनि आफ्नो गति भने खासै बढाउन सकेको छैन। प्रदेश प्रहरी ऐनको तयारी गरेको मन्त्रालयले सङ्घीय सरकारको तयारीपश्चात उक्त ऐनलाई पनि थाँती राख्नु परेको थियो। प्रदेश-३ को आन्तरिक मामिला मन्त्रालयले प्रदेश भरका सबै गाउँपालिकामा कानुनी सहजकर्ता नियुक्त गरेर आफ्नो काम देखाउन खोजेको छ। मन्त्रालयले प्रदेशस्तरका केही लिखत प्रमाणीकरण ऐन पनि निर्माण गरिसकेको छ।

**कर्मचारीको पिरलो**

प्रदेश-३ का सबै मन्त्रालयहरूमा मुख्य समस्याको रूपमा कर्मचारीको अभाव रहेको प्रदेश सरकारका मन्त्रीहरूले नै भाषण गर्दै आएका छन्। कानुन निर्माणको समयमा प्रदेशमा कानुनी सेवाका कर्मचारीहरूको पनि अभाव देखिएको छ। प्रदेश-३ का सरकारका मन्त्रालयहरूमा कानुन अधिकृतको अभाव रहेको छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार आवश्यक कानन अधिकृत, कानुन उपसचिवको अभाव देखिएको छ। प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयसहित सबै मन्त्रालयलाई एक-एक जना कानुन अधिकृत, मुख्यमन्त्री कार्यालय, प्रदेश सभा सचिवालय र आन्तरिक मामिला मन्त्रालयमा एक एक जना कानुन उपसचिव र मुख्यमन्त्री कार्यालयमा एक जना कानुन सचिवको दरबन्दी रहेको छ। यस्तै अन्य प्रशासनिक कर्मचारीहरूको पनि अभावको कारण कार्यसम्पादनमा समस्या आएको भन्दै प्रदेशका सामाजिक विकास मन्त्री युवराज दुलालले सार्वजनिक कार्यक्रममा नै औंल्याउदै आएका छन्।

**असन्तुष्टि र आलोचना गर्नु पर्ने छैन– मुख्यमन्त्री**

१४ महिनामा जति काम गर्न सफल भएका छौं, त्यसले सन्तुष्टि दिएको छ। असन्तुष्टि व्यक्त गर्नु पर्ने र कसैलाई आलोचना गर्नु पर्ने छैन प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेले भने। प्रदेश सरकार गठन भएको एक वर्ष पूरा भएको छ। सङ्घीय सरकारको साढे २ सय वर्षको स्थानीय तहको पनि आधा शताब्दी भन्दा बढीको इतिहास छ तर प्रदेश सरकार शून्यबाट सुरु भएको हो।

प्रदेश सरकारको निम्तिमात्र होइन, सबैको निम्ति प्रादेशिक सरकार नयाँ हो त्यसैले नयाँ अभ्यास गरिरहेका छौँ मुख्यमन्त्री डोरमणि पौडेलले भने, 'प्रदेश सरकारले काम गर्नका निम्ति हात-खुट्टालाई सवल बनाउने काम गरिरहेको छ भने हिँड्ने बाटाहरूका काँडाहरू पनि पन्छाउने काम गरिरहेको छ।' प्रदेश सरकार विस्तारै विस्तारै अगाडि बढिरहेको छ जुन कुरा तपाइँहरूले पनि अनुभूति गर्दै जानु भएको छ।

सरकार गठन भएपछि कर्मचारीहरूको चर्को अभाव थियो। त्यो अभावलाई विस्तारै परिपूर्ति गर्दै अहिले २४ वटा कानुन बनाइसकेका छौँ उनले भने ५ वटा प्रदेश सभामा विचाराधीन अवस्थामा छ। अब कानुनका हिसाबले अगाडि बढ्न सक्ने भएका छौँ भने विकास निर्माणका निम्ति प्रदेश मातहतमा रहने गरी १३ वटा जिल्लामा १ सय ६५ वटा भन्दा बढी कार्यालयहरू स्थापना भइसकेका छन्।

धेरै कार्यालयहरूले आफ्ना विकास निर्माणका कामहरू थालनी गरिसकेका छन् मुख्यमन्त्री पौडेलले भने, 'जनताले अनुभूत हुने गरी आगामी आवदेखि काम हुन्छन्।' मुलुकमा अहिले तीन वटा सरकार छन्। तीन वटै सरकार सफल हुनका लागि तीन वटै सरकारबीच समन्वय हुन जरुरी छ। समन्वयको अभावमा कुनै पनि सरकार सफल हुँदैन, त्यसैले सरकारहरूबीच समन्वय र सहकार्य अनिवार्य छ उनले भने। समन्वय अभावमा कसले कुन काम गर्ने भन्ने नै छुट्याउन समस्या भएको उनको भोगाइ छ। समन्वयको अभावले गर्दा एउटै योजनामा तीन वटै सरकारले बजेट विनियोजन गरेका छन्।

अहिले पनि प्रदेश सरकारलाई काम गर्न अझै अनुकूल अवस्था बनेको छैन। तर, हात बाँधेर बस्ने अवस्था पनि नभएकाले विकास निर्माणका कामलाई तीव्रता दिएको उनले बताए। परिणाममुखी काम गर्न रुचाउने मुख्यमन्त्री पौडेलले कृषि र पर्यटन क्षेत्रलाई जोड दिएका छन्। सामूहिक कृषि खेती, अर्गानिक कृषि खेती र पर्यटन क्षेत्रहरूको विकास गर्न मन्त्रालयहरूलाई परिचालन गरेका छन्। त्यतिमात्र होइन योजना बैंकको पनि सुरुवात गरेका छन्। केही कामहरू साझा अधिकारका कारणले पनि काम गर्न कठिनाइ भएको बताएका छन्। प्रदेश प्रहरी ऐन, प्रदेश लोकसेवा आयोग र भूमिसम्बन्धी ऐनहरू सङ्घीय सरकारले बनाउन ढिलाइ गरेकाले प्रदेश सरकारलाई उक्त क्षेत्रमा काम गर्न समस्या भएको उनले सुनाए।

विकास निर्माणको काम गर्न सबैभन्दा ढिलाइ हुने मुख्य कारण सार्वजनिक खरिद ऐन हो। 'एउटा विकास निर्माणको कामको सुरुवात गर्न नौ महिना लाग्छ, यही सार्वजनिक खरिद ऐनको कारणले हो' उनले भने, विकास निर्माणलाई तीव्रता दिन यो ऐन संसोधन गर्नैपर्छ। प्रदेशको राजधानी र नामकरण दीर्घकालीन ढङ्गले प्रभाव पार्ने विषय हुन्। कसैको इच्छा, लहडमा निर्णय गर्ने विषयमात्र होइन यो राजनीतिक सहमतिकै आधारमा निर्णय हुनु पर्छ जसले गर्दा मुलुकमा सकारात्मक प्रभाव पर्छ। 'त्यसैले सहमतिकै पखाईमा रहेका छौँ' उनले भने, 'अब बस्ने अधिवेशनले यस्को टुङ्गो लगाउने छ। सङ्घीय राजधानीसमेत रहेको तीन नम्बर प्रदेश सबै क्षेत्रमा अगाडि छ र प्रदेश सरकारको काम पनि अगाडि रहेको उनले दावी गरे।'

**सम्भावना र चुनौती**

२० हजार ३ सय किलोमिटर क्षेत्रफलमा फैलिएको यस प्रदेश समुन्द्र सतहबाट १ सय ४१ मिटरदेखि ७ हजार २ सय २७ मिटरको उचाइसम्म रहेको छ। १३ जिल्लामा विभाजित यस प्रदेशमा तीन महानगरपालिका, एक उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिकासहित १ सय १९ स्थानीय तह छन्।

२०६८ को जनगणना अनुसार यस प्रदेशमा ५५ लाख २९ हजार ४ सय ५२ जनसङ्ख्या रहेको छ। यो मुलुकको कूल जनसङ्ख्याको २० दशमलव ८७ प्रतिशत

हो। यस प्रदेशको दोलखा, सिन्धुपाल्चोक, रामेछाम, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक र धादिङको जनसङ्ख्या वृद्धिदर नकारात्मक रहेको छ। उमेर बढ्दै जाँदा जनसङ्ख्याका प्रतिशत पनि कम हुँदै गएको छ। घट्दै गएको प्रजनन् दर र बढ्दै गएको औसत आयुका कारण बालबालिकाको अनुपात घट्दो छ भने ज्येष्ठ नागरिक र काम गर्ने उमेर जनसङ्ख्या बढ्दो छ। काम गर्ने शक्ति उर्जाशील जनसङ्ख्या यस प्रदेशमा अर्थात १८ वर्षदेखि ४० वर्ष मुनिका ७५ प्रतिशत रहेको छ। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष खिमलाल देवकोटाले भने, 'यो नै यस प्रदेशको सबै भन्दा ठूलो पूँजी हो।' ६० वर्ष उमेरमाथिका ज्येष्ठ नागरिक ८ दशमलव १३ प्रतिशत छन्।

नेपालको कूल जनसङ्ख्याको ६२ दशमलव ९५ प्रतिशत शहर अर्थात नगरपालिकामा बस्छन् र ३७ दशमलव ७ प्रतिशत जनसङ्ख्या गाउँपालिकामा बस्छन्। तर यस प्रदेशको कूल जनसङ्ख्याको ७२ दशमलव ५७ प्रतिशत शहरमा र २७ दशमलव ५७ प्रतिशत र २७ दशमलव ४३ प्रतिशत जनसङ्ख्या गाउँ अर्थात गाउँपालिकामा बस्छन्। 'नेपालको इतिहासमा शहरी जनसङ्ख्या गाउँको भन्दा बढी भएको यो पहिलो हो' आयोगका उपाध्यक्ष देवकोटाले भने, 'शहरमा जनसङ्ख्या बढी हुनु भनेको काम गर्ने जनशक्ति उपलब्धता हो, यो विकासका लागि अवसर हो।'

यस प्रदेशका परिवारले प्रयोग गर्ने शौचालयमध्ये ३५ दशमलव ९ प्रतिशत परिवारले फ्लसयुक्त शौचालय प्रयोग गर्छन् भने ९९ प्रतिशतको घरमा शौचालय रहेको तथ्याङ्क छ। यस प्रदेशमा मुख्यत: तामाङको २० दशमलव ४२ प्रतिशत, ब्राम्हण १८ दशमलव २८ प्रतिशत, क्षेत्री १७ दशमलव २८ प्रतिशत र नेवारको १६ दशमलव ९२ प्रतिशत जनसङ्ख्या रहेको छ। यो प्रदेशमा मुलुकको अन्य भागमा नभएको वनकरिया जातिको पनि बसोबास रहेको छ।

प्रदेश-३ मा मातृभाषा नेपाली भएकाको सङ्ख्या ५७ दशमलव ४ प्रतिशत रहेको छ भने तामाङ भाषाको १८ दशमलव ३ प्रतिशत र नेवारी भाषा मातृभाषा भएको जनसङ्ख्या १२ दशमलव ३ प्रतिशत रहेको छ। मिश्रित समुदाय र धर्मावलम्वीहरूको बसोबास रहेको यस प्रदेशको विकासका पूर्वाधार मिश्रित समुदाय पनि हो। 'यस प्रदेशमा ७१ प्रतिशत हिन्दूधर्मालम्वी छन् भने २३ प्रतिशत भन्दा बढी बौद्धमार्गी छन्। २ दशमलव ९ प्रतिशत क्रिश्चियन धर्मावलम्बीहरू छन्।'

यस प्रदेशमा प्रकृतिपूजक, वोन, जैन, बाही, शिख गरी नौ वटा धर्मका अनुयायीहरू छन। प्रदेश नीति तथा योजना आयोगाका अनुसार नेपालमा ३९ दशमलव ९ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय छन भने यस प्रदेशमा ४२ दशमलव ५ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले क्रियाशील छन्। जुन तथ्याङ्क मुलुकको भन्दा २ दशमलव ६ प्रतिशत बढी छ।

मानव विकासको सूचकाङ्कको हिसाबले नेपालको सूचकाङ्क ० दशमलव ४९० छ भने यस प्रदेशको ० दशमलव ५५८ छ। जुन अन्य प्रदेश भन्दा उच्च हो। मानव विकास सूचकाङ्कमा अगाडि रहेका १० जिल्लामध्ये यस प्रदेशमा पाँच जिल्ला पर्छन्। आयोगका उपाध्यक्ष देवकोटाका अनुसार काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र काभ्रे रहेका छन्। प्रदेश भित्रको मानव विकासको सूचकाङ्कमा काठमाडौं जिल्ला सबैभन्दा धेरै ० दशमलव ६३२ छ भने सिन्धुली सबैभन्दा कम ० दशमलव ४ सय ४० छ। साक्षरताको हिसाबले पनि यो प्रदेश अन्य प्रदेश भन्दा साक्षरताको प्रतिशत बढी छ। नेपालको साक्षरता ६५ दशमलव ९४ प्रतिशत छ भने यस प्रदेशको साक्षरता कूल जनसङ्ख्याको ७४ दशमलव ८५ प्रतिशत रहेको छ। यो प्रदेश दुध, मासु र अन्डामा आत्मनिर्भर रहेको छ।

नेपालमा रहेका ११ वटा औधोगिक क्षेत्रमध्ये चार वटा औधोगिक क्षेत्रमा यस प्रदेशमा पर्छन्। पर्यटनको हिसाबले यो प्रदेश अब्बल रहेको छ। सबै भन्दा बढी तारे होटललगायत अन्य होटल र विश्वसम्पदा सूचीमा परेका नेपालका १० वटामध्ये ८ सम्पदा ३ नम्वर प्रदेशमा पर्छन। पर्यटनको क्षेत्रको विकाससँगसँगै यस प्रदेशको समग्र विकास गर्न सकिने प्रदेश नीति तथा योजना आयोगको दावी छ। मुलुकमा हालसम्म १ हजार ६ मेगावाट विद्युत उत्पादन भएको छ। त्यसमध्ये यस प्रदेशमा ३ सय ४० मेगावाट विद्युत रहेको छ।

सडकका हिसाबले यस प्रदेश अन्तर्गत रहेका जिल्ला सदरमुकामहरू कालोपत्रे सडकले जोडिएका छन् भने जिल्ला सदरमुकामदेखि स्थानीय तहको केन्द्रसँग कच्ची सडकले भए पनि जोडिएको अवस्था छ। विकासको महत्वपूर्ण पूर्वाधार सडक भएकाले यस प्रदेशमा सडक सञ्जालको अवस्था राम्रो रहेकाले ३ नम्बर प्रदेशको विकास गर्न सबैभन्दा यो सकारात्मक पक्ष रहेको आयोगले जनाएको छ। यस प्रदेशको १३ वटा जिल्लामध्ये दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा नुवाकोट,काभ्रे र धादिङमा जनसङ्ख्याको वृद्धिदर नकारात्मक रहेको छ।

यो प्रदेशको चुनौतीको रूपमा रहेको आयोगको ठहर छ। यो प्रदेशको केही जिल्लामा पुरुषको सङ्ख्या बढी र महिलाको जन्मदर सङ्ख्या कम रहेको छ। यस प्रदेशका सबै जिल्लामा ५ वर्ष मुनिको उमेर समूहमा बालिकाको भन्दा बालक सङ्ख्या बढी छ। यस कारण आगामी पुस्तामा आउन सक्ने सामाजिक विकृतिलाई रोक्ने र छोरीहरूको जीवन रक्षा अर्थात सुरक्षा चुनौती रहेको ठहर गरेको छ।

यस प्रदेशको ६५ दशमलव २८ प्रतिशत जमिनमा सिँचाइ सुविधाको अभाव रहेको छ। यस प्रदेशमा ३ लाख ८९ हजार ९ सय ६१ मेट्रिक टन खाद्यान्न अपुग छ। कृषिको उत्पादकत्व बढाउनु यस प्रदेशको मुख्य चुनौती रहेको आयोगका उपाध्यक्ष देवकोटाले वताए। खाद्यान्न न्यूनता सरकारका लागि चुनौतीको रूपमा देखापरेको छ।

**प्रदेशका उल्लेख्य कार्यहरू**

प्रदेश-३ सरकारले प्रदेश भित्र रहेका प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वियनमा ल्याएको छ। चालु आवमा २० वटा माध्यमिक विद्यालयबाट उक्त कार्यक्रम सुरु गरेको छ। विद्यालयमा रहेका शिक्षक र विद्यार्थीलाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम ल्याएको हो।

यसैगरी विपन्न, लोपोन्मुख तथा अल्पसङ्ख्यक जातिहरू, दलित, महिला




जनआदोलन २०६२ / ०६३ को एक काठमाडौँको बसुन्धरामा निकालिएको जुसुल

# जनआन्दोलन २०६२/६३ का उपलब्धिहरू

जन आन्दोलन २०६२/६३ को मागहरू मध्ये संविधान सभा पनि थियो। संविधान सभाले २०७२ सालमा नेपालको संविधान जारी गऱ्यो। संविधानको कार्यान्वयन गर्ने सिलसिलामा २०७४ सालमा भएका स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनले सङ्घीयताको बारेमा देशलाई डोऱ्याएको छ। मुलुक संघीयता मार्फत गणतन्त्रको संस्थागत प्रक्रियामा अघि बढेको छ। हाम्रो देशका लागि सङ्घीयता नौलो अभ्यास भएकाले यसको कार्यान्वयनका क्रममा आइपर्ने चुनौतीको सामना गर्दै अगाडि बढ्नु आजको आवश्यकता।

– **विमलचन्द्र शर्मा**




जनआदोलन २०६२ / ०६३ मा  काठमाडौँको कलङ्कीमा संविधान सभाको माग गर्दै एक युवा



स्थानिय तहको पहिलो चरणको निर्वाचणमा ललितपुरको एक मतदान केन्द्रमा मतदान गर्दै एक महिला




संविधान समयमै घोषणा गर्न दबाब दिन काठमाण्डौको नयाँ बानेश्वरमा निकालिएको जुलसका एक सहभागी




जनआदोलन २०६२ / ०६३ मा खुलामंच मा आयोजित आमसभा गणतन्त्रको समर्थनमा एक युवा

स्वास्थ्य स्वयम्सेविका, शहिद तथा बेपत्ता परिवार, सशस्त्र द्वन्द्वका घाइतेलाई निःशुल्क स्वास्थ्य परीक्षण गरी उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी दिने उद्देश्यले प्रदेश–३ सरकारले मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम हेटौँडा अस्पतालबाट सुरु गरेको छ।

हेटौँडा अस्पतालसहित भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र धादिङ जिल्लाका १/१ वटा अस्पतालमा उक्त कार्यक्रम सञ्चालन गरिएको छ। स्थानीय तहका लक्षित समूहलाई निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले उक्त कार्यक्रम सञ्चालन गरेको हो। आर्थिक अभावकै कारण आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी समेत लिन नसक्ने समूहलाई लक्षित गरी प्रदेश सरकारले विभिन्न नसर्ने रोगको पहिचान गर्ने गरी कार्यक्रम ल्याएको हो। प्रदेश सरकारले पाँच वटा जिल्लाका २/२ हजार व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने गरी ती स्थानीय तहमा रहेका अस्पतालहरूलाई बजेट समेत निकासा गरिसकेको छ।

अस्पताललाई प्रतिव्यक्ति २ हजार २ सयका दरले स्वास्थ्य परीक्षण शुल्क उपलब्ध गराइएको छ। नागरिकले आफ्नो स्वास्थ्यको अवस्था कस्तो छ भन्ने थाहा पाउन उक्त कार्यक्रम सञ्चालन गरेको परामर्शदाता डा. खेमबहादुर कार्कीले बताए। स्वास्थ्य अवस्था पहिचान भएपछि आवश्यत्तकताअनुसार उपचार भने नागरिकले आफ्नै खर्चमा गर्नुपर्नेछ।

उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्षका लागि ३ करोड २० लाख रुपियाँ बजेट विनियोजन गरी नमूना कार्यक्रमको रूपमा सुरुवात गरेको हो। सङ्घीय सरकारले नसर्ने रोगबाट प्रभावितहरूका लागि स्वास्थ्य उपचारमा सहुलियत समेत प्रदान गरिरहेको सन्दर्भमा प्रदेश सरकारले निश्चित समूहलाई स्वास्थ्य समस्या पहिचान गर्न सहयोग गर्दै आवश्यक्ताअनुसार सङ्घीय सरकारको कार्यक्रमबाट समेत लाभ लिन परामर्श सेवा प्रदान गर्न सकिने जनाएको छ।

मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रममा ३० वर्ष पूरा भएका नागरिक हुनुपर्नेछ। मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७५ को अनुसूचिअनुसार वडाअध्यक्षहरूबाट सिफारिस लिनुपर्नेछ। मकवानपुरको हेटौंडा अस्पताल, धादिङको धादिङ अस्पताल, भक्तपुरको भक्तपुर अस्पताल, सिन्धुपाल्चोकको चौतारा अस्पताल र सिन्धुलीको सिन्धुली अस्पतालमा स्वास्थ्य परीक्षण गरिनेछ।

बालविवाह व्याप्त रहेको यस प्रदेशमा प्रदेश–३ सरकारले २०७८ सम्म यस प्रदेशलाई बालविवाह मुक्त प्रदेश घोषणा गर्ने जनाएको छ। बालविवाहलाई निरुत्साहित गर्न स्थानीय तहलाई प्रदेश सरकारले कार्यक्रमसहित निर्देशन जारी गरेको छ।

यसैगरी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरूलाई सहजीकरण गर्ने उद्देश्यले प्रदेश-३ सरकारले प्रत्येक स्थानीय तहमा एक/एक जना कानुनी सहजकर्ता नियुक्ति गरेर पठाएको छ।


**मानव अधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको**

# मानव अधिकार शिक्षा कार्यक्रम

**रेडियो नेपालको मिडियम वेभ प्रशारण र रेडियो नेपालका आफ्नै एफएम स्टेशनहरू ९८, १०० र १०३ मेगाहर्ज (२१ ओटा) बाट आइतबार बिहान ८:१५ बजे, पाख्रिबास एफएम १०४ मेगाहर्जमा सङ्खुवासभाबाट आइतबार साँझ ६:३० बजे र रेडियो राईट्स नेपाल १०५.३ मेगाहर्ज पोखराबाट आइतबार बिहान ८:१५ बजे प्रशारण हुन्छ।**

**त्यसैगरी यो कार्यक्रम कार्यक्रम प्रशारणकै समयमा रेडियो नेपालको वेभसाइट** www.radionepal.gov.np **बाट र**

**आफूले चाहेका बेला**

www.insec.org.np,

www.inseconline.org,

www.nepalmediaonline.com

**लग अन गरी सुन्न र डाउनलोड गर्न सक्नुहुन्छ।**

विश्लेषण



गीरधारी सुवेदी*

# गण्डकी प्रदेश सरकारको एक वर्ष

नेपालको संविधान २०७२ जारी भएपछि संविधानले परिकल्पना गरेको तीन तहको सरकारमध्ये प्रदेश सरकार आफ्नो अधिकार क्षेत्रको प्रयोगमा स्वतन्त्र छ। संविधानको अनुसुची ६ ले प्रदान गरेको एकल अधिकार प्रदेश सरकारहरूले सोभै प्रयोग गर्न सक्छन्। तर प्रदेश सरकार, केन्द्र (सङ्घीय) र स्थानीय तहलाई जोड्ने बन्नुपर्नेमा प्रदेश सरकार सङ्घीय सरकारको आलोचना गर्ने र स्थानीय सरकारको अधिकारको कटौती गर्ने अङ्ग बन्न पुगेको आरोप स्थानीय सरकार तथा सङ्घीय सरकारका जनप्रतिनिधिहरूको छ। यसले गर्दा सङ्घीयताको मूल मर्मलाई सही रूपमा कार्यान्वयन गर्न प्रदेश सरकार असफल बनेको त होइन भन्ने शङ्का जनमानसमा छ। संविधानको अनुसूची ७ मा उल्लेखित सङ्घ र प्रदेशको साझा अधिकारको सूची तथा अनुसूची ९ मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीले प्रदेश सरकारलाई कार्य गर्न जटिल र अप्ठ्यारो बनाएको छ। यसले गर्दा तीन तहको सरकार आवश्यक होइन भन्ने जन-अभिमत समेत पाइन्छ।

नेपालको सन्दर्भमा सङ्घीयता नयाँ अनुभव भएता पनि तीन तहको संरचना र प्रदेश सरकारको संवैधानिक, कानुनी उपस्थितिले जरा गाड्न नसकेको परिवेशमा यसका केही चुनौतीहरू छन्। विश्वमा तीन तहको सङ्घीय संरचना भएका धेरै मुलुकहरू छन्। तर तिनीहरू सङ्घीयताको अभ्यासले पूर्ण र खारिएका पाइन्छन्। यसको उदाहरण अष्ट्रेलिया, क्यानाडा र अमेरिकालाई लिन सकिन्छ। यी तीन वटा देशमा तीन तहको सङ्घीय सरकार अस्तित्वमा छन्। तर पनि कार्य क्षेत्र र क्षेत्र अधिकार फरक फरक छ।

अधिकारहरू प्रयोगमा ती मुलुकहरूमा कुनै विवाद भएको पाइँदैन। तर नेपालको हकमा सङ्घीयता नौलो प्रयोग भएको कारणले केही अन्यौल, दुविधा रहेको देखिन्छ।

प्रदेश सरकारको १ वर्षको अवधि **अनुभवको अवधि** रहेको भनाइ प्रदेश सरकारका जिम्मेवार मन्त्रीहरूको छ। सङ्घीय संरचना अनुसारका कानुनहरू निर्माण नभई सङ्घीय संविधान जारी भएकाले प्रदेश सरकार मुटु र अस्थिपंजर विनाका सङ्घीय सरकारहरू बनिरहेको अनुभव प्रदेश सभाका सदस्यहरूले बताउँछन्।

गण्डकी प्रदेश सरकार/ प्रारम्भमा ४ नं. प्रदेश सरकारको नामबाट सुरु भएको यस प्रदेशको यात्रा प्रदेशको नामाकरणमा सर्वसम्मत नाम कायम गर्न सक्नु नै यसको सबैभन्दा राम्रो उपलब्धिलाई लिन सकिन्छ। २०७५ असार १८ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट यस प्रदेशको राजधानी निर्धारण गरिएको थियो भने असार २२ गतेको बैठकले यसलाई गण्डकी प्रदेशको नामबाट नामाकरण गर्ने निर्णय गरिएको थियो। प्रदेशको नामाकारणमा पहिचानवादी मत राख्ने केही व्यक्ति, समूहको विरोध रहेको देखिएता पनि त्यस्तो विरोध नाम मात्रको हो भने प्रदेश सरकारले विकास र पूर्वाधार संरचनाको जग बनाएको पाइन्छ। सङ्घीयता, कानुनको अभावमा सुदृढ हुन सक्दैन। प्रदेश सरकारले सोका लागि आवश्यक कानुन बनाएको पाइन्छ। गत १ वर्षको अवधिमा गण्डकी प्रदेशले २५ वटा विधयेक प्रदेश सभाबाट पारित गराइ प्रमाणिकरण भइसकेका छन् भने १ सय १७ वटा कार्यविधि पारित गरिसकेको छ। प्रदेश सरकार र सङ्घीय सरकारबीच संविधानको अनुसूची अनुसारका अधिकार प्रयोगमा द्वन्द्व रहेको प्रदेश सभाका माननीयहरूको दृष्टिकोण छ। प्रदेशले कर्मचारीको अभाव, बजेटको अभाव तर नागरिकको बढ्दो अपेक्षाबीच सन्तुलन भएर कार्य गर्नुपर्ने बाध्यता रहेको छ। प्रदेश सरकारलाई प्राप्त कूल २४ अर्बको बजेट मध्ये पनि पूँजीगत खर्चको न्यून अवस्थाले प्रदेश सरकारले चाहे अनुरूप खर्च गर्न सक्ने क्षमताको विकास गर्न नसकेको देखिन्छ।

**प्रदेश सरकारले एक वर्षमा भोगेका समस्या**

**१. भौतिक संरचना र पूर्वाधारको अभाव**

प्रदेश सरकारको गठन सगँसँगै पूर्वाधारको समस्या प्रमुख रहेको पाइन्छ। गण्डकी प्रदेशमा साविकका अञ्चल कार्यालयहरू, पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गतका क्षेत्रीय कार्यालयहरू तथा जिल्ला कार्यालयहरूलाई नै मिलान गरी प्रदेश सरकारका मन्त्रालयहरूको मुकाम कायम गरिएको थियो। ती मन्त्रालयहरू साविकका कार्यालयमा राखिएको थियो। यद्यपि सेवा प्रदायकको दृष्टिकोणबाट हेर्दा ती सेवाग्राही मैत्री छैनन्। निर्वाहमुखी भौतिक संरचनाले उचित ढङ्गबाट सेवा दिन सकेको पाइँदैन। प्रदेश संरचना अन्तर्गत कायम गरिएका मन्त्रालयका मन्त्री तथा सचिवहरूलाई समेत उचित आवासको समेत समस्या रहेको छ। यही प्रकृतिको समस्या सबै प्रदेशमा छ।

**२. कर्मचारी**

प्रदेश सरकारको दोश्रो महत्त्वपूर्ण समस्या कर्मचारीको अभाव हुनु हो। जनप्रतिनिधि जनताका वारेस हुन जसले विकासका नयाँ खाका प्रस्तुत गर्दछन् र तिनीहरूलाई लागु गर्न चाहान्छन्। जनप्रतिनिधिका कार्यक्रम लागु गर्ने कर्मचारी हुन्। प्रदेश सरकार गठनसँगै आवश्यक जनशक्तिको अभावमा प्रदेशका नीति, योजना, कार्यक्रमहरू लागु हुन सकेनन्। फलस्वरूप प्रदेश सरकार प्रतिको आमनगारिकको धारणा सकारात्मक रहेन। नागरिकको तहबाट हेर्दा उनीहरूलाई प्रशासनको आन्तरिक संयन्त्रलाई बुझ्ने ज्ञान र क्षमता हुँदैन। यसको अर्थ राज्य व्यवस्था प्रतिको असन्तुष्टि नजिकको सरकारमा पर्दछ। त्यो सरकार प्रदेश सरकार बन्यो। किनभने स्थानीय सरकाले प्रदेश सरकारको तुलनामा केही हदसम्म सेवा प्रवाह गरिसकेको थियो।

---

* *लेखक त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक हुन्।*

**प्रदेश सरकारले आफ्नो स्पष्ट एजेण्डा र कार्यक्रमलाई लागु गर्न अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरू लागु गर्नुपर्ने हुन्छ। निर्वाचनको समयमा प्रदेशको विकासका लागि सम्बन्धित दलहरूले आफ्नो घोषणपत्रमा उल्लेख गरेका कार्यक्रम नै प्रदेश समृद्धिको आधार हो। त्यसलाई उचित ढङ्गबाट कार्यान्वयन गर्न प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको साझा दायित्व हो। त्यस्ता कार्यक्रमहरू उचित समयमा कार्यान्वयन हुन सकेमा यस प्रदेशको विकास र समृद्धिको आधार निर्माण हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ। जुन कार्यान्वयन तहमा कसरी अघि बढ्छन् हेर्न बाँकी नै छ।**

**३. कानुन**

स्थानीय तहको गठन प्रदेश सरकारको गठनभन्दा करिब १ वर्ष अगाडि नै भएको हुँदा यसले आवश्यक कानुन निर्माण गऱ्यो। तर संविधानको अनुसूची ६ अन्तर्गतका अधिकार क्षेत्रको प्रयोगमा आवश्यक कानुनको अभावमा एक वर्षको अवधिमा प्रदेशले आशातीत उपलब्धि हासिल गर्न सकेन। सङ्घीय सरकारले प्रदेश सरकार संचालनका लागि निर्माण गर्नुपर्ने कानुनहरू पारित नगरेकाले प्रदेश सरकारले स्वतन्त्र रूपमा कानुनहरू निर्माण गर्न सकेनन्। एकातिर कर्मचारीको अभाव अर्कातिर आवश्यक कानुनको अभावले प्रदेश सरकारले अपेक्षित गति लिन सकेन। संविधानको अनुसुची ७ अन्तर्गतको सङ्घ र प्रदेशको साझा अधिकारको सूची तथा अनुसूची ९ अनुसारको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको व्यवस्थाले प्रदेश सरकारलाई आफ्नो कार्य सम्पादन प्रभावकारी बनाउन संकुचित बनाएको पाइन्छ।

**४. बजेट**

प्रदेश सरकार स्थापनाको पहिलो वर्ष उचित बजेट अभावमा प्रदेश सरकारले आफ्नो कार्ययोजना पेश गर्न सकेनन्। चालु आ.व.मा झण्डै २४ अरब बजेट केन्द्र सरकारबाट विनियोजन भई आए बमोजिम कार्य गरिआएको छ। उक्त बजेटको झण्डै ५० प्रतिशत भौतिक संरचना निर्माणमा खर्च गरिआएको देखिन्छ। प्रदेश सरकारको आफ्नो नियमित आर्थिक श्रोत कम भएको अवस्थामा सङ्घसरकार प्रति निर्भर रहनुपर्ने देखिन्छ।

प्रदेश मन्त्रिपरिषद्को २०७४ फागुन ४ गते सम्पन्न बैठकले पाँच वर्षे दूरदृष्टियुक्त आठ वटा कार्यक्रमहरू लागु गर्ने निर्णय गरेको थियो। एक वर्षको अवधिमा मन्त्रिपरिषद्का ५१ वटा बैठकहरू बसिसकेका छन्। ती बैठकहरूले विशेषगरी ऐन नियम, कार्यविधि, नियुक्ति, भ्रमण, नीतिगत निर्णय उपर सैद्धान्तिक सहमति, गाउँपालिकाहरूको विवाद समाधान गर्ने, गाउँपालिकाको केन्द्र र नाम परिवर्तन लगायतका निर्णयहरू गरेको छ। बैठकको निर्णयहरू निम्न छन्।

- आगामी पाँच वर्षभित्र अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न सम्मेलन केन्द्रको स्थापना गर्ने।
- उज्यालो प्रदेश कार्यक्रम सञ्चालन गरी सो अन्तर्गत आगामी दुई वर्ष भित्र सबै गाउँबस्तीमा विद्युत सेवा उपलब्ध गराउने।
- आगामी पाँच वर्ष भित्रमा स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसँग स्तरीय सडक सञ्जालबाट आवद्ध गर्ने।
- आगामी पाँच वर्ष भित्रमा अत्यधुनिक सुविधासम्म क्यान्सर, मुटुरोग तथा मृगौला उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने।
- आगामी दुई वर्ष भित्र प्रत्येक गाउँबस्तीमा खानेपानीको व्यवस्था गर्ने।
- प्रदेशमा बोलिने सम्पूर्ण भाषा र संस्कृतिको संरक्षण एवं संवर्द्धन गर्न विभिन्न जाति र जनजातिको पहिचान झल्कने गरी बहुसांस्कृतिक ग्राम स्थापना गर्ने।
- सरकारको कार्य सम्पादनलाई छिटो छरितो चुस्त जनताप्रति उत्तरदायी बनाउन विद्युतीय सुशासन स्थापना गर्ने।
- अन्तर्राष्ट्रियस्तरको बुहउपयोगी खेल मैदान आगामी पाँच वर्षमा निर्माण गर्ने।

यिनै आठ वटा निर्णयहरूको आलोकमा प्रदेश सरकारको एक वर्ष कार्यक्रमको समीक्षा गर्नु उपयुक्त हुन्छ। यी कार्यक्रमहरूलाई प्रदेश सरकारले संवोधन हुने गरी वार्षिक कार्यक्रमको खाका पेश गरेको पाइँदैन। प्रदेशले आफ्नो समृद्धिको आधार पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन, सुशासन तोकेको अवस्थामा ती आधार प्राप्ति गर्न उचित योजना र रणनीति आवश्यक छ। प्रदेशले पूर्वाधार विकासलाई मुख्य जोड दिएको छ। त्यसैगरी, मन्त्रिपरिषद्को पहिलो बैठकका निर्णहरूलाई कार्यान्वयन गर्न प्रदेश तहमा १ सय १९ वटा सडकहरूका आयोजना गण्डकी प्रदेश उज्यालो प्रदेशको कार्यक्रम, गण्डकी विश्वविद्यालय र गण्डकी इन्स्टिच्युट अफ टेक्नोलोजीको स्थापना, प्रदेशमा ३ सय वटा होम स्टेका स्थापना गर्ने कार्यक्रमहरू अगाडि सारेको छ। प्रदेशका मुख्य योजनाहरूमा पूर्वाधार निर्माणसँग बढी केन्द्रित छन्।

जसमध्ये प्रदेश गौरवको आयोजनाका रूपमा रहेको पोखरा-दुम्कीबास सडक खण्डलाई द्रुत मार्गको रूपमा निर्माण गर्न चिनियाँ कम्पनीबाट सम्भाव्यता अध्ययन गराउन नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको छ। सडकतर्फ आह्वान एक निर्वाचन क्षेत्र एक सडकहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गरी ठेक्का आह्वान गरिसकिएको, १० वटाको विस्तृत आयोजना प्रतिवेदन सम्पन्न भई ठेक्का तयारी भइराखेको र बाँकी सडकहरूको विस्तृत आयोजना प्रतिवेदन तयारी भइरहेको छ।

(ख) वर्ग र (ग) वर्गका १ सय ५८ प्रादेशिक सडकहरू मध्ये एउटा सडक सम्पन्न भएको छ। ६ वटा सडक सम्झौता तथा ७८ वटा सडकहरूको ठेक्का आह्वान गरिएको छ भने बाँकीको लागत अनुमान स्वीकृतिको चरणमा छ।

- १ सय १९ वटा सडक आयोजनाहरू स्थानीय तहको साझेदारीमा कार्यान्वयन भइरहेका छन्।
- सडक पुलतर्फ कास्कीमा तीन वटा सडक, पुलहरू र लमजुङबाट एक सडक, पुलको ठेक्का आह्वान गरिएकोमा सम्झौता हुने अवस्थामा छ। २५ वटा सडकपुलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्नको लागि परामर्शदाता छनौट गर्ने कार्य भइराखेको छ।
- सङ्घबाट हस्तान्तरित ४१ सडक पुलहरू मध्ये तीन वटा पुलहरूको निर्माण कार्य सम्पन्न भइसकेको छ।
- झोलुङ्गे पुलतर्फ चार वटाको विस्तृत आयोजना प्रतिवेदन तयारी अन्तिम चरणमा पुगेको छ।

**प्रदेशका चुनौती**

**कर सङ्कलन**

प्रदेशले आफ्नो क्षेत्र भित्र कर सङ्कलनको उचित दायारा एकीन गर्न सकेको छैन भने कर दाताहरूको सूचीसमेत पहिचान गर्न सकेका छैन। प्रदेशको आफ्नो औद्योगिक ग्राम निर्माण गरी उद्योग व्यवसायीहरूलाई सेवा दिन सकेको खण्डमा करदाताहरूको सङ्ख्यामा बृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

**नेपालको सन्दर्भमा सङ्घीयता नयाँ अनुभव भएता पनि तीन तहको संरचना र प्रदेश सरकारको सवैधानिक, कानुनी उपस्थितिले जरा गाड्न नसकेको परिवेशमा यसका केही चुनौतीहरू छन्। विश्वमा तीन तहको सङ्घीय संरचना भएका धेरै मुलुकहरू छन्। तर तिनीहरू सङ्घीयताको अभ्यासले पूर्ण र खारिएका पाइन्छन्। यसको उदाहरण अष्ट्रेलिया, क्यानाडा र अमेरिकालाई लिन सकिन्छ। यी तीन वटा देशमा तीन तहको सङ्घीय सरकार अस्तित्वमा छन्। तर पनि कार्य क्षेत्र र क्षेत्र अधिकार फरक फरक छ।**

**जनशक्तिको अभाव**

प्रदेशको आफ्ना नीति योजना र कार्यक्रमहरूलाई लागु गर्न दक्ष र प्रभावकारी कर्मचारीतन्त्र आवश्यक पर्छ। यस्तो किसिमको जनशक्ति वर्तमान अवस्थामा प्रदेश सरकारसँग छैन। कर्मचारी प्रशासन स्थायी सरकार भएता पनि प्रदेशका प्रथामिकताहरूलाई बुझ्ने, लागु गर्ने जनशक्ति जबसम्म हुँदैन राजनीतिक नेतृत्वले मात्र त्यसलाई पूरा गर्न सक्दैन। राजनीतिज्ञको नीति योजना र कर्मचारीतन्त्रको कार्यान्वयन गर्ने क्षमताबीच जब समान्जस्यता हुँदैन तबसम्म सङ्घीयता माथि नै प्रश्न उठिरहन्छ।

**प्रभावकारी सेवा प्रवाह, सुशासन**

प्रत्येक सरकारको मुख्य कार्य नै प्रभावकारी सेवा प्रवाह हो। चाहे त्यो केन्द्र सरकार होस् वा स्थानीय सरकार। यदि सेवा प्रवाह प्रभावकारी भएन भने नागरिकको असन्तुष्टि राज्यव्यवस्था माथि पर्दछ। अहिले प्रदेशको निकै समस्या नै अप्रभावकारी सेवा प्रवाह हो। जबसम्म सेवा प्रवाहको लागि आफ्नो संयन्त्र गठन र निर्माण हुँदैन तबसम्म समस्या आइरहन्छ।

**उपसंहार तथा निष्कर्ष**

प्रदेश सरकारले आफ्नो स्पष्ट एजेण्डा र कार्यक्रमलाई लागु गर्न अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरू लागु गर्नुपर्ने हुन्छ। निर्वाचनको समयमा प्रदेशको विकासका लागि सम्बन्धित दलहरूले आफ्नो घोषणपत्रमा उल्लेख गरेका कार्यक्रम नै प्रदेश समृद्धिको आधार हो। त्यसलाई उचित ढङ्गबाट कार्यान्वयन गर्न प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको साझा दायित्व हो। त्यस्ता कार्यक्रमहरू उचित समयमा कार्यान्वयन हुन सकेमा यस प्रदेशको विकास र समृद्धिको आधार निर्माण हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ। जुन कार्यान्वयन तहमा कसरी अघि बढ्छन् हेर्न बाँकी नै छ।



युवराज कँडेल

# प्रदेश ५ : सुशासनमा अलमल

**प्रदेश सरकारले प्रदेशको समग्र अवस्था र आवश्यकताको विस्तृत अध्ययन गरी भावी योजनाहरू बनाउनु पर्नेमा पहुँचवालाको मागमा आधारित भएर नीति कार्यक्रम बनाउने र बजेट विनियोजन गरिरहेको गुनासो पनि आइरहेको छ। खासगरी प्राथमिकताक्रम तोक्न नसकेको, प्रचारमुखी काममा बढी ध्यान केन्द्रित गरेको विनियोजित बजेट खर्च गर्न नसकेको, फजुल खर्च गरेका आरोपबाट प्रदेश सरकार मुक्त हुन सकेको छैन। प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट विनियोजन गर्दा आर्थिक वृद्धिलाई उच्च दरमा उकाल्दै जनताको जीवनस्तरमा देख्न सकिने र नाप्न सकिने सुधार ल्याउन मानवीय पूँजी विकास र उत्पादन सहयोगी भौतिक पूर्वाधारको विकास गर्दै समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउने, कृषिक्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्ने, गुणस्तरीय र भरपर्दो खानेपानी सुविधाको विस्तार गर्ने, समावेशी र सन्तुलित विकासलाई प्रवर्धन गर्ने तथा प्रदेशभर चुस्त दुरुस्त शासनको अनुभूति गराउने उद्देश्यहरू राखेको छ। तर आर्थिक वर्ष सकिन तीन महिना मात्र बाँकी रहँदा यी उद्देश्यहरू हासिल गर्न छुट्याएको बजेट एक चौथाइ पनि खर्च हुन नसकेको प्रदेश सरकारका मन्त्रालयहरूका प्रगति विवरणले देखाएन।**

ऐतिहासिक संविधानसभाबाट बनेको नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना बनाएको छ। संविधान बमोजिम बर्दघाट पश्चिमको नवलपरासी, रूपन्देही, पाल्पा, कपिलवस्तु, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, पुर्वी रुकुम, दाङ, बाँके र बर्दिया गरी १२ जिल्लाहरू समावेश भएको प्रदेश नं ५ बनेको छ। यस प्रदेशमा तराईका ६ र पहाडका ६ गरी १२ जिल्ला रहेका छन्। यस प्रदेशमा चार उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १ सय ९ वटा स्थानीय तहहरू रहेका छन्। ती स्थानीय तहका ९ सय ८३ वटा वडाहरू रहेका छन्। स्थानीय तहको सङ्ख्याको हिसाबले यो प्रदेश चौथौ स्थानमा रहेको छ। यस प्रदेशको क्षेत्रफल १७,८१० वर्ग कि.मी रहेको छ जसअनुसार यो प्रदेश छैठौं स्थानमा रहेको छ।

यो प्रदेशको कूल जनसङ्ख्या ४४ लाख ५८ हजार २५३ रहेको छ। ती मध्ये ४७.५७ प्रतिशत पुरुष र ५२.४३ प्रतिशत महिला रहेका छन्। यो देशको कूल जनसङ्ख्याको करिब १७.५ प्रतिशत हो र चौथो धेरै जनसङ्ख्या भएको प्रदेशमा पर्दछ। यस प्रदेशको जनसङ्ख्याको सबभन्दा धेरै अर्थात १९.६ प्रतिशत रूपन्देहीमा र सबैभन्दा कम १.२ प्रतिशत जनसङ्ख्या रुकुम (पूर्वी भाग) मा बसोबास गर्दछन्। २०६८ को जनगणनाअनुसार यस प्रदेशमा कूल ८ लाख ८५ हजार २ सय ३ घरपरिवार रहेका छन्। यस प्रदेशको लैङ्गिक अनुपात ९१ रहेको छ जुन नेपालको समग्र ९४ भन्दा कम हो। २०६८ को जनगणनाअनुसार पाल्पा, अर्घाखाँची र गुल्मीको जनसङ्ख्या वृद्धिदर घट्दो रहेको छ भने बसाइसराइका कारण रूपन्देही, कपिलवस्तु, दाङ र बर्दियाको जनसङ्ख्या वृद्धिदर राष्ट्रिय औसत (१.३५ प्रतिशत) भन्दा बढी छ। राष्ट्रिय योजना आयोगको पछिल्लो तथ्याङ्कअनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको अनुपात २९.९२ प्रतिशत छ, जुन नेपालको औसत गरिबी प्रतिशत २८.६२ भन्दा बढी हो। गरिबीको सघनतासमेत राष्ट्रिय औसत भन्दा केही माथि छ। मानव विकास प्रतिवेदन २०१४ का अनुसार यस प्रदेशको औसत मानव विकास सूचकाङ्क ०.४६१ रहेको छ जुन राष्ट्रिय औसत भन्दा कम हो। यस अनुसार यो प्रदेश तेस्रो उच्च मानव विकास सूचकाङ्क भएको प्रदेशमा पर्दछ। मानव विकास सूचकाङ्कमा पनि रोल्पा र प्यूठानको कमजोर अवस्था रहेको छ। पाल्पा जिल्लाको मानव विकास स्थिति यस प्रदेशमा सबभन्दा बढी छ रूपन्देही र नवलपरासीको पनि मानव विकासको स्थिति राष्ट्रिय औसत (०.४९०) भन्दा बढी छ।

सम्माननीय राष्ट्रपतिद्वारा २०७४ माघ ३ मा उमाकान्त झालाई प्रदेश प्रमुख नियुक्त गरेपछि पाँच नम्बर प्रदेश सरकारको स्वरूपको शुरुवात भएको थियो। प्रदेश सभाको निर्वाचनपछि २०७४ फागुन ३ मा शंकर पोखरेलको मुख्यमन्त्रित्वमा तीन सदस्यीय मन्त्रिमण्डल गठन भएको थियो र पछि २०७४ चैत ५ मा मन्त्रिमण्डल विस्तार भई ६ सदस्यीय बनाइएको थियो। प्रदेश सरकार गठन हुँदाको समयमा प्रदेश सरकारले झण्डै शून्य संरचनाको जगमा खडा भएको थियो। भौतिक संरचना र साधनश्रोतको न्यूनता, सीमित जनशक्ति र संगठन संरचनाको प्रबन्ध र प्रदेश सरकार तथा प्रदेशसभा सञ्चालनका लागि कानुनको अभावबीचबाट प्रदेश सरकारले कार्यआरम्भ गर्नु परेको थियो। प्रदेश सरकार सञ्चालन गर्न कानुन अभाव भएकोले सरकारलाई आवश्यक पर्ने कानुनको मस्यौदा तयार गर्न २०७४ फागुन १० गते डा. कुमार शर्मा आचार्यको अध्यक्षतामा ३ सदस्यीय प्रदेश कानुन मस्यौदा तथा सुझाव आयोगको गठन गरिएको थियो। त्यसैगरी प्रदेशको आवधिक योजना तयार गर्न र नीति निर्माणमा साहयोग गर्ने उद्देश्यले प्रदेश सरकार मन्त्रिपरिषद्ले २०७४ चैत ६ गते प्रदेश योजना आयोग समेत गठन गरेको थियो।

स्थानीय सरकारको अभ्यास सुरु भएको ९ महिनापछि गठन भएको प्रदेश सरकारलाई काम शुरु गर्न निकै कठिन

थियो। अस्थायी नाम र अस्थायी राजधानी मात्र पाएको प्रदेश सरकारले लगभग शून्यबाटै काम सुरु गर्नु परेको थियो। मन्त्रालय र विभागहरूको लागि कार्यालय लगायत भौतिक व्यवस्थापन गर्नु, कर्मचारीहरू परिचालन गर्नु र नीति नियमहरू बनाएर कार्य प्रारम्भ गर्नु वास्तवमै चुनौतिपूर्ण कार्य थियो। सरकार गठन भएपछि पनि काम गर्न कठिनाइ भइरहेको समयमा प्रादेशिक जग निर्माणका लागि प्रदेशको स्थितिपत्र तयार पार्ने काम सम्पन्न भएको गरिएको थियो भने सरकार बनेको सय दिन नपुग्दै प्रदेश सरकारले आ.व. २०७४/ २०७५ को नीति तथा कार्यक्रम र बजेट प्रदेश सभामा पेश गरी सर्वसम्मत ढंगले पारित गराउन सकेको थियो।

प्रदेश सरकारको पहिलो नीति र कार्यक्रम आर्थिक वर्षको लगभग अन्तिमतिर आएकाले ठूला र नयाँ कार्यक्रमहरू ल्याउनु भन्दा सङ्घीय संरचनालाई नै अघि बढाउने खालका थिए। अधिकांश कार्यक्रमहरू पछिल्लो वर्षमा गर्ने भनिए पनि सरकारले कानुन व्यवस्थाका केही योजनाहरू भने अघि सारेको थियो। संविधानप्रदत्त मौलिक हक र अधिकारको निर्वाध उपयोगको वातावरण सिर्जना गर्न तद्नुकूल आन्तरिक सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रदेश अनुसन्धान ब्यूरो गठन गरी परिचालन गर्ने, प्रदेश भित्रको शान्ति, सुरक्षा सुदृढ र सुव्यवस्था कायम गर्न प्रहरी प्रशासनलाई सक्षम र जिम्मेवार बनाउन विशेष नीति लिइने, प्रदेश प्रहरी स्थापनाका लागि आवश्यक पहल गरिने र सङ्घसंस्था दर्ता, अभिलेखीकरण र नियमन गर्ने कार्यलाई व्यवस्थित गरिने नीति सरकारले अवलम्बन गर्ने उल्लेख गरिए पनि सङ्घीय प्रहरी ऐन नल्याइएकोले प्रहरी, शान्ति सुरक्षा र स्थानीय प्रशासनसम्बन्धी कार्यहरू प्रदेश सरकारले एक वर्ष पूरा हुँदासम्म शुरु गर्न सकेको छैन। बरु उल्टै प्रहरी र जिल्ला प्रशासनको अधिकार प्रदेश सरकारलाई नदिएकोले प्रहरीले मन्त्रीलाई टेरेनन् भन्ने गुनासो स्वयम् मन्त्रीहरूले नै गर्दै आएका छन्। गृह प्रशासनको क्षेत्रमा प्रदेश सरकारले ठोस कार्य गर्न नसक्दा प्रदेशमा हत्या, बलात्कार, लागु औषध कारोबार, तस्करी जस्ता आपराधिक कार्यहरूको नियन्त्रणमा प्रदेश सरकारको उपस्थिति शून्य देखिएको छ।

प्रदेश सरकारले सार्वजनिक गरेको प्रदेश प्रोफाइल अनुसार शारीरिक हिंसा भोगेका महिलाको प्रतिशत यस प्रदेशमा २२.६ प्रतिशत छ जुन नेपालको समग्र औशत भन्दा बढी हो। त्यस्तै गर्भवती हुँदा हिंसा भोगेका महिलाको प्रतिशत पनि नेपालको ५.८ रहँदा यस प्रदेशमा ६.० रहेको छ। त्यस्तै यौनजन्य हिसा खेपेका महिलाको प्रतिशत ८.३ र हिँसा हुँदा पनि कसैलाई नबताउने महिलाको सङ्ख्या ७०.४ प्रतिशत रहेको नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ ले देखाएको छ। खासगरी तराईका जिल्लाहरूमा बालबिबाह, दाइजो प्रथा र महिला हिंसाका अपराधहरू धेरै हुने गरेकोले सबैको लागि न्यायको व्यवस्था गर्नु प्रदेश सरकारको प्रमुख कर्तव्य बनेको छ। यस्ता कुरीति र सामाजिक अपराधहरूलाई न्यूनीकरण गर्न सङ्घीय सरकार भन्दा प्रदेश र स्थानीय सरकारले प्रत्यक्ष भूमिका खेल्न सक्ने भएकाले प्रदेश सरकारले आफ्नो पहिलो नीति र कार्यक्रममा समाजमा विद्यमान अन्धविश्वास, छुवाछूत, बोक्सीप्रथा, महिला हिंसा, घरेलु हिंसा, दाइजो प्रथालगायत विभिन्न कुरीतिविरुद्ध जागरण अभियान सञ्चालन गर्ने कुरा उल्लेख गरेको थियो। मानव अधिकारको प्रतिकूल हुने यस्ता कार्यविरुद्ध स्थानीय सरकार र स्थानीय सरोकारवालाले अभियान सञ्चालन गरिरहेका छन्। प्रदेश सरकारले अभियान चलाउने कुरा गरिरहे पनि यस्ता कुरीतिहरूलाई निरुत्साहित गर्ने छुट्टै नीति नियमहरू अहिलेसम्म ल्याउन सकेको देखिँदैन। कुरीति हटाउन शिक्षा आवश्यक हुन्छ। साक्षर जनता समृद्धिको आधार भएकोले प्रदेश सरकारले एक वर्ष भित्रमा प्रदेशलाई पूर्ण साक्षर बनाउने घोषणा गरेको थियो तर एक वर्ष बितिसक्दा पनि प्रदेश पूर्ण साक्षर भएको घोषणा गर्न सकेको छैन।

समाजमा सदाचार कायम गर्न, तडकभडक र फजूल खर्च नियन्त्रणका लागि यस प्रदेशअन्तर्गत सार्वजनिक पदमा कार्यरत व्यक्तिहरूले आफ्नो कूल परम्पराअनुसारका विवाह, ब्रतवन्ध, पास्नी, जन्मदिन मनाउने लगायतका सामाजिक कार्य गर्दा सहभागिताको सङ्ख्या र खर्च सीमा तय गरी कार्यान्वयन गर्ने नीति अवलम्बन घोषणा पहिलो नीति कार्यक्रममै गरिएको थियो। मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्री शंकर पोखरेलले प्रदेश सभामा पेश गर्नु भएको विनियोजन विधेयक २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिमा समेत प्रदेशलाई उपलब्ध सीमित स्रोतलाई मितव्ययी ढंगले उपयोग गर्ने मितव्ययीताको सिद्धान्त अबलम्बन गरी अनावश्यक फजूल खर्च नियन्त्रण गर्ने भन्ने कुरा उल्लेख थियो। पछिल्लो वर्ष प्रदेश सरकारका निकायहरूले आयोजना गरेका कार्यक्रमहरूलाई हेर्दा फजुल खर्च नियन्त्रण गर्ने भन्दा पनि तडकभडक गरेर प्रचार प्रसार गर्ने काममा बढी समय र रकम खर्च गरेको देखिन्छ। कार्यालयमा गर्न सकिने सामान्य कार्यक्रमहरू समेत महँगा होटेल र पार्टी प्यालेसमा गर्ने, उस्तै किसिमका कार्यक्रमहरू दोहोऱ्याएर गर्ने, सामान्य कार्यक्रममा समेत मन्त्री र उच्च पदस्थ व्यक्तिहरू लर्को लागेर जाने गरेको देखिएको छ। सरकारको यस्ता व्यवहारले मितव्ययिताको कुरा गफैमात्र भएको छ।

समृद्ध प्रदेश सुखी जनताको लक्ष्य हासिल गर्न भन्दै वैशाख महिनामा आर्थिक वर्ष २०७५/०७६ को प्रदेश नं. ५ प्रदेश सरकारको नीति कार्यक्रम सार्वजनिक गरेको थियो। यो नीति कार्यक्रममा नागरिक अधिकार र विकास निर्माणलाई उच्च प्राथमिकता दिइएको छ। संविधानप्रदत्त जनताका मौलिक हकहरूको प्रत्याभूति गर्न प्रदेश सरकारले उच्च प्राथमिकता दिने, मानव अधिकारको संरक्षणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, भयरहित वातावरणमा जिउने अधिकार, स्वच्छ वातावरणमा बस्न पाउने अधिकार, जातीय विभेदविरुद्ध मानवीय मर्यादा र सम्मानको अधिकार, भोकविरुद्ध खाद्य सुरक्षाको अधिकार जस्ता विषयहरूलाई मानव अधिकारको अङ्गको रूपमा समेटेको छ। सरोकारवालाहरूको सहभागितामा तर्जुमा गरिएका कार्यक्रमहरूबाट उल्लिखित विषयहरूलाई सम्बोधन गर्ने कुरालाई नीति कार्यक्रममा उच्च प्राथमिकतामा राखेको छ। असहाय बालबालिका, द्वन्द्व प्रभावित, हिंसापीडित, बेवारिसे तथा अभिभावक विहिन, घरबारविहिन, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई राहत दिन पुर्नस्थापना गृह निर्माण गर्ने, असहाय र महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिको

लागि क्षमता अभिबृद्धि र जीवनस्तर सुधार गर्न संरक्षणात्मक सेवा र सशक्तिकरण, मूलप्रवाहीकरण तथा असहाय ज्येष्ठ नागरिकहरूको लागि समेत विशेष संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने तथा लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तीकरणका माध्यमबाट लैङ्गिक हिंसा, भेदभावको अन्त्य गर्नुका साथै सहाराविहीन व्यक्तिहरूको संरक्षणात्मक र निरोधात्मक उपायहरू अवलम्बन गर्ने कार्यक्रम प्रदेश सरकारको २०७५/७६ को नीति कार्यक्रममा रहे पनि आर्थिक वर्ष सकिन तीन महिना मात्र बाँकी रहँदासम्म सरकारले ठोस कार्यक्रमहरू ल्याएको पाइँदैन।

प्रदेश सरकार गठन भएको सय दिन भित्रैमा ११ वटा कानुनहरू तयार गरिएको थियो। तीमध्ये ४ वटा कानुनहरू प्रदेश सभाबाट पारित भएर प्रमाणीकरण समेत गरिएको थियो। २०७५ असार मसान्त सम्ममा बनाइएका कार्यविधि, नियमावली र ऐनहरू सरकार सञ्चालनको लागि मात्र थिए। प्रदेश सभाको तेश्रो अधिवेशनमा अहिलेसम्म १९ वटा विधेयकहरू दर्ता गरिएका छन्। यीमध्ये सबैभन्दा धेरै कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका विधेयकहरू रहेका छन्। वन पर्यटन र उद्योग मन्त्रालयअन्तर्गतका दुई वटा र सामाजिक विकास मन्त्रालय अन्तर्गत तीन वटा विधेयकहरू प्रदेश सभामा दर्ता गरिएको छ। संसदमा दर्ता भएका विधेयकहरू मध्ये स्वास्थ्य र स्वास्थ्य सस्था सम्बन्धि विधेयक, बालबालिकासम्बन्धी विधेयक, खानीसम्बन्धी विधेयक, औद्योगिक व्यवसाय विधेयक, प्रसारण विधेयक, अन्तर प्रदेश बासिन्दासम्बन्धी विधेयक, संस्था दर्ता विधेयक र प्रदेश जाँचबुझ आयोगसम्बन्धी विधेयक प्रदेश र प्रदेशबासीलाई दूरगामी महत्व राख्ने विधेयकहरू छन्। छापाखाना प्रकाशनसम्बन्धी विधेयकको मस्यौदामा सरोकारवालाहरूले व्यापक विरोध जनाएपछि दर्ता हुन सकेको छैन र प्रदेश सभामा दर्ता भएको प्रदेश लोकसेवासम्बन्धी विधेयक पारित भएको छैन। मन्त्रालयहरूले प्रदेशको लागि कस्तो कानुन आवश्यक छ भन्ने कुराको मूल्याङ्कन नगरी कुन कानुन बनाउन सजिलो हुन्छ त्यही कानुन बनाउने र सङ्घीय कानुनको प्रतिलिपी उतार्ने प्रवृत्ति भएकोले प्रदेशको मौलिकता, आवश्यकताअनुसारका कानुनहरू बन्न नसकेको र यसैले गर्दा प्रदेशले गति लिन नसकेको प्रदेश सभासदहरू नै बताउँछन्।

प्रदेश सरकारले प्रदेशको समग्र अवस्था र आवश्यकताको विस्तृत अध्ययन गरी भावी योजनाहरू बनाउनु पर्नेमा पहुँचवालाको मागमा आधारित भएर नीति कार्यक्रम बनाउने र बजेट विनियोजन गरिरहेको गुनासो पनि आइरहेको छ। खासगरी प्राथमिकताक्रम तोक्न नसकेको, प्रचारमुखी काममा बढी ध्यान केन्द्रित गरेको विनियोजित बजेट खर्च गर्न नसकेको, फजुल खर्च गरेका आरोपबाट प्रदेश सरकार मुक्त हुन सकेको छैन। प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट विनियोजन गर्दा आर्थिक वृद्धिलाई उच्च दरमा उकाल्दै जनताको जीवनस्तरमा देख्न सकिने र नाप्न सकिने सुधार ल्याउन मानवीय पुँजी विकास र उत्पादन सहयोगी भौतिक पूर्वाधारको विकास गर्दै समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउने, कृषिक्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम तय गरेको छ। यसैगरी, स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्ने, गुणस्तरीय र भरपर्दो खानेपानी सुविधाको विस्तार गर्ने, समावेशी र सन्तुलित विकासलाई प्रवर्धन गर्ने तथा प्रदेशभर चुस्त दुरुस्त शासनको अनुभूति गराउने उद्देश्यहरू राखेको भएपनि आर्थिक वर्ष सकिन तीन महिना मात्र बाँकी रहँदा यी उद्देश्यहरू हासिल गर्न छुट्याएको बजेट एक चौथाइ पनि खर्च हुन सकेको मन्त्रालयहरूका प्रगति विवरणले देखाएन।

प्रदेश ५ सरकारले चालु वर्षको चालु खर्च तर्फ रु. ११ अर्ब ४६ करोड ५९ लाख २ हजार र पूँजीगततर्फ रु. १६ अर्ब ६२ करोड ४३ लाख ९८ हजार गरी रु. २८ अर्ब ९ करोड ३ लाख विनियोजन गरेकोमा फागुन मसान्तसम्ममा कूल बजेटको १५.११ प्रतिशत मात्र खर्च हुन् सकेको छ। सरकारले स्थानीय सरकारमा जाने विभिन्न शीर्षकका आयोजनाहरूको समपूरक बजेट छुट्याएको छ। प्रदेश सरकारले छुट्याएको बजेट स्थानीय तहमा पुगेर कार्यान्वयनमा आउन धेरै समय लाग्नेछ। यो अवस्थालाई हेर्दा प्रदेश सरकारले घोषणा गरेका धेरै कार्यक्रमहरू प्रभावकारी नहुने र असारे विकासमा धेरै खर्च हुने प्रवृत्ति प्रदेशमा पनि पुनरावृत्ति हुने प्रस्ट छ।

प्रदेश सरकारले "समृद्ध प्रदेश, खुशी जनता" को दूरदर्शी सोचलाई सफल पार्न विकासमा सन्तुलन र समावेशीकरणलाई प्राथमिकता, असल शासनका माध्यमबाट सामाजिक न्यायको प्रत्याभूति गर्दै आर्थिक समृद्धिमा लम्कन सरकारी संयन्त्रको क्रियाशीलता र वित्तीय पारदर्शीता र कठोर आर्थिक अनुशासन जस्ता कार्यहरूलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताइरहँदा नागरिकले त्यसको प्रत्याभूति गर्न सकेका छैनन्।

कानुन र कर्मचारीको अभाव तथा स्थानीय तथा सङ्घीय सरकारसँग तालमेलको कमीले गर्दा प्रदेश सरकारले विकासमा प्रगति गर्न सकेको छैन नै सुशासनको फरक अनुभूति समेत गराउन सकेको छैन। तर पनि पछिल्ला दिनहरूमा मन्त्रालयहरूले कानुन बनाउन देखाएको सक्रियता, सरोकारवालाहरूसँगको निरन्तर छलफलमा प्रादेशिक योजना निर्माणको तयारी, प्रदेशको पार्श्वचित्र निर्माण भएको छ। प्रदेशको वर्तमान अवस्था पहिचान गर्न मन्त्रालयहरूले विभिन्न अध्ययन अनुसन्धान गराइरहेका छन्। स्वास्थ्य, औसत आयु, शिक्षा, रोजगार आदिलाई आधार लिई प्रत्येक जिल्लाका मानव विकास सुचकाङ्कमा सबैभन्दा पछाडि परेका गाउँपालिकाहरू मध्ये तीनवटा गाउँपालिकामा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन गर्ने र यस कार्यक्रमबाट सबैभन्दा सीमान्तकृत समुदाय र क्षेत्रलाई विकासमा मूल प्रवाहीकरण गर्दै देख्न र मापन गर्न सकिने गरी जीवनस्तरमा सुधार ल्याइने कुरा सरकारका दुवै नीति र कार्यक्रमहरूमा भएबमोजिम यस वर्षदेखि १२ वटै जिल्लाका २/२ वटा स्थानीय तहहरूमा यो कार्यक्रम लागु गरिएको छ। सरकारले स्मार्ट कृषि गाउँ घोषणा गर्ने क्रम पनि चलिरहेको छ। कर्मचारी समायोजन भएर प्रदेशले भर्खर मात्र कर्मचारीहरू पाउन थालेको छ। विकासका योजनाहरू सफल पार्न मुख्यमन्त्रीको निरन्तर निर्देशनहरू आइरहेका छन्। यी अवस्थाहरूलाई हेर्दा प्रदेशमा सुशासन, स्थिरता र विकासको वातावरण निर्माण हुनेछ भन्ने विश्वास गर्ने केही आधारहरू भने देखिएका छन्।

yrkandel@gmail.com

विश्लेषण



कमलराज लम्साल*

# कर्णाली प्रदेशको एक वर्ष : नाममा पहिलो काममा कति ?

**सरकार अविछिन्न उत्तराधिकारवाला संस्था हो। जनताबाट निर्वाचित तथा अनुमोदित भएर मात्र राज्यशक्तिको प्रयोग गर्ने हक सरकारलाई हुन्छ। जथाभावी जे मन लाग्यो त्यही गर्न सरकारलाई छुट छैन। प्रदेश सरकार बढी समन्वयकारी भूमिकामा रहने भएकोले पनि स्थानीय सरकार र सङ्घीय सरकारसँगको सहकार्यमा धेरै कुरा प्राप्त गर्न सकिन्छ। सरोकारवालाहरूको सुझाव सरकारका लागि सधैं प्रेरणाको स्रोत हो। २०७४ माघ १४ र १५ गते सम्पन्न पहिलो प्रदेश समन्वय परिषदबाट पारित ३४ बुँदे साझा प्रतिवद्धता नै प्रदेश सरकारको तात्कालिक कार्यनीति हो।**

संविधान जारी गर्ने काम चानचुने थिएन। संविधान सहमतिको दस्तावेज जो बनाउनु थियो। मुलुकमा स्थायी शान्ति स्थापनाका लागि लोकतान्त्रिक संस्थाहरूको निर्माण गर्नु थियो। सबैभन्दा कठिन र नौलो काम राज्यको पुनर्संरचना थियो। सीमाना हेरफेर गर्नु सहज काम थिएन। जनमानसमा पुरानै संरचनाले जरा गाडेको थियो। कसैले आफ्नो पकड गुमाउन चाहँदैनथ्यो र चाहँदैन पनि।

देशभित्रै विभिन्न आन्दोलन भए। सङ्घीयतालाई मुलुक टुक्र्याउन लागेको भनी प्रचार पनि गरिए। त्यसो हैन भनेर बुझाउन पनि कसैले चाहेन वा सकेन। जनतालाई बुझाउन नसक्नुको पनि कारण थियो। त्यो हो हामीसँग सङ्घीयताको ठोस खाका नहुनु। छलफल गर्दै जाँदा आजको राज्य संरचनाको खाका कोरिएकोमा दुईमत छैन। हामीले यसलाई सङ्घीयताको मौलिक मोडेल भन्न सक्छौं।

२०७२ साउन २३ मा पहिलो पटक संविधानको मस्यौदा सार्वजनिक गर्दा प्रदेश ६ को स्वरूप अर्कै थियो। हालको कर्णाली र सुदूरपश्चिम एउटै प्रदेश थियो। लगत्तै सुर्खेतका युवा राजनीतिज्ञ तेजविक्रम बस्नेतको अगुवाइमा सुर्खेतबाट अखण्ड मध्यपश्चिमको आन्दोलन शुरु भयो। आन्दोलनमा अन्य जिल्लाबाट बल थपियो। आन्दोलनले सुर्खेत र जुम्लामा ४ जना शहीद जन्मायो। २०७२ भदौ ४ मा ७ प्रदेश जन्मिए। साविक रुकुमको आधा भागमा अरु नौ जिल्ला थपेर १० जिल्लाको कर्णाली प्रदेश बन्यो। आज यही भूमिमा टेकेर हामीले समृद्ध कर्णालीको सपना देखेका छौं।

## खस राज्यको निरन्तरता

कर्णाली राजनीतिक रूपले समृद्ध प्रदेश हो। जुम्ला केन्द्रमा ११ देखि १४ औं शताब्दीसम्म खस मल्ल राजाहरूले राज्य सञ्चालन गरेको इतिहास छ। यहाँ भेटिएका शिलालेख, अन्य प्रमाण र किंवदन्तीले कुरुक्षेत्रको युद्ध लडेका पाण्डवहरू जुम्लासम्म पुगेको पाइन्छ। उनीहरू त्यहाँका राजा विराटको दरबारमा कामदारको रूपमा गुप्तबासको अवधि व्यतित गरेको भन्ने जनश्रुति छ। यसका थप प्रमाणहरूको रूपमा यस क्षेत्रमा भेटिएका अक्षराङ्कित प्रस्तर खम्बाहरूलाई लिन सकिन्छ।

यसका अलावा सिँजाका तत्कालीन राजाको हिउँदे दरबार दैलेखको दुल्लुमा रहनु, सिँजा नेपाली खस भाषाको उद्गम क्षेत्र हुनु, विभिन्न थरको विकास राज्यसत्ता र राजकीय अधिकारसँग सम्बन्धित हुनु कर्णाली सरकारका विरासत हुन्। रुकुमकोट, जाजरकोट, दैलेख र सुर्खेतको गढीलगायत विभिन्न जिल्लामा रहेका किल्ला तथा दरबारले पनि कर्णाली प्रदेशमा विभिन्न कालखण्डमा विभिन्न राज्य रहेको देखिन्छ।

सरकार भूगोल र जनताबीचको सम्बन्धसेतु हो। प्राचीन समयमा समेत कर्णालीमा सरकार हुनुको खास अर्थ हो- यस क्षेत्रको ऐतिहासिक महत्त्व। यसकारण पनि भन्न सकिन्छ कि कर्णाली राज्य सञ्चालनको पुरानो अनुभव भएको प्रदेश हो। यहाँ राजनीतिक सचेतना कायम छ। र, यो नै कर्णाली प्रदेश सरकारको सबल पक्ष हो।

२०७४ फागुन ३ मा गठित सङ्घीय नेपालको पहिलो कर्णाली प्रदेश सरकारले ऐतिहासिक जिम्मेवारी पाएको छ। मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले मुलुककै ठूलो प्रदेश सञ्चालनको अभिभारा लिएका छन्। यहाँ उपलब्ध प्राकृतिक सम्पदा, जनतामा रहेको राजनीतिक चेतना तथा भाषिक, सांस्कृतिक र प्रशासनिक निरन्तरता नै प्रदेश सरकार सञ्चालनका स्रोत हुन्।

यहाँका २५ नगरपालिका र ५४ गाउँपालिकाका ७ सय १८ वडामा बस्ने १६ लाख जनताको सपना यही सरकारले पूरा गर्ने हो। किनभने शासन सञ्चालन गर्नु भनेकै चनचाहना पूरा गर्न हो। जमिनको सुरक्षा र जनताको हित गर्नु हो। मुलुकको

* *लेखक मध्यपश्चिमाञ्चल विश्वविद्यालय, द्वन्द्व र शान्ति अध्ययन विभागका उप-प्राध्यापक हुन् ।*

२१ प्रतिशत भूभागमा ६ प्रतिशत जनसङ्ख्या हुनु कर्णाली प्रदेशको अर्को सबल पक्ष हो।

**नाममा पहिलो**

नामाकरणका हिसाबले कर्णाली नेपालकै पहिलो प्रदेश हो। नाम र राजधानी प्रदेश सभाको दुई तिहाइ बहुमतबाट तोकिने संवैधानिक प्रावधान अनुसार २०७४ फागुन १२ मा बसेको ६ नम्बर प्रदेश सभाको चौथो बैठकले प्रदेशको नाम कर्णाली र स्थायी राजधानी सुर्खेतको वीरेन्द्रनगर तोकेको हो।

नेकपा एमालेका सांसद यामलाल कँडेलले प्रस्तुत गरेको प्रदेशको नामसम्बन्धी प्रस्तावलाई नेपाली काँग्रेसका दीनबन्धु श्रेष्ठ र नेकपा माओवादी केन्द्रका वीरबहादुर शाहीले समर्थन गरेका थिए। यस्तै नेपाली काँग्रेसका जीवनबहादुर शाहीको प्रदेश राजधानीसम्बन्धी प्रस्तावमा नेकपा एमालेका गुलावजंग शाहले समर्थन जनाएका थिए। सभामुख राजबहादुर शाहीले नाममा ३७ मा ३७ र केन्द्रमा ३७ मा ३६ मत परेकाले दुबै प्रस्ताव पारित भएको सुनाएका थिए। यो प्रदेश सरकारको पहिलो फड्को हो।

प्रदेशको नाम र राजधानीमा विवाद नहुनुको दुई अर्थ छ। पहिलो, यसले कर्णालीको ऐतिहासिक महानता स्थापित गरिदिएको छ। यहाँका जनता र भूगोलको एकाकार भएको छ। दोस्रो, यसले कर्णाली प्रदेशमा सजिलै र समयमै निर्णय लिन सक्ने नेतृत्व रहेको प्रमाणित गरिदिएको छ। विवादको विषय जति गाढा हुन्छ समृद्धि त्यति नै टाढा हुन्छ। संवैधानिक अधिकार प्रयोग गरी कर्णाली प्रदेश सभाले संवैधानिक द्वन्द्वको सहज समाधान गरेको छ।

**प्रदेश पहिलो अनुभव**

संविधानसभामा तत्काल कायम रहेका ९० प्रतिशत सदस्यले हस्ताक्षर गरेपछि २०७२ असोज ३ मा नेपालको संविधान जारी गरियो। कर्णाली प्रदेशमा संविधानको भव्य स्वागत भयो। यद्यपि संविधान सबै समस्याको समाधान थिएन/हैन। बरु संविधानमा निर्दिष्ट गरिएका लोकतान्त्रिक संस्थाको स्थापना र तिनको सञ्चालन महत्त्वपूर्ण कुरा हुन्।

हाल ७ सय ५३ स्थानीय सरकार, सात प्रदेश सरकार र केन्द्रमा सङ्घीय सरकार गरी जम्मा ७ सय ६१ सरकार छन्। सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्ने हो भने 'समृद्ध नेपाल सुखी नेपाली'को नारा साकार हुन धेरै समय लाग्दैन। मुलुकको लोकतान्त्रिक राजनीतिक इतिहासमा विरलै प्राप्त हुने दुई तिहाई बहुमतप्राप्त सङ्घीय सरकार, ७ मध्ये ६ प्रदेशमा नेकपाको सरकार गठन हुनुले मुलुकमा दूरगामी प्रभाव पार्ने विषयमा निर्णय लिन अनुकूल वातावरण छ। नेपालको संविधान, सरकारको सोच र निर्णय बमोजिम स्थानीय तहमा स्वशासनको अभ्यास गर्न स्थानीय सरकारहरूलाई समेत अवसर छ।

संविधानमा व्यवस्था भएबमोजिमको अधिकार प्रयोग गर्दै प्रदेश सरकारले जनताको मन जित्न प्रयास जारी राख्नुपर्छ। प्रदेश नितान्त नवीन संरचना भएकाले सरकारलाई आफ्नो अस्तित्व स्थापित गर्ने चुनौती कायमै छ। तथापि प्रदेश सरकार जनताको नजिकको सरकार भएकाले भोलिका दिनमा जनता अभ्यस्त हुने कुरामा दुईमत छैन। यसका लागि प्रदेश सरकारले अधिकार सम्पन्न स्थानीय सरकारहरूसँग सहकार्यको संस्कृति विकास गर्नुपर्छ।

प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरूले अधिकार कम भएकोले काम बढी गर्न नसकिएको बताए पनि धेरै हतारो केही छैन। बरु, विस्तारै तर योजनावद्ध ढङ्गले अघि बढेमा प्रदेशको विकास असम्भव छैन। कामभन्दा कुरा बढी, आत्मविश्वास भन्दा लघुताभास लिएर कर्णाली समृद्ध हुनै सक्दैन। प्रदेश नौलो संरचना भएकोले धेरै कुरा बिग्रनु अघि नै सोच्नु जरुरी छ। भोलि हामीले दोष देखाउन अर्को कोही छैन।

**चोकचोकमा सांसद, चिया पसलमा मन्त्री**

धेरैलाई लाग्दो हो नेताको सानो घेरो हुनुपर्छ। सबैसँग सधैं भेट्नुहुन्न। जनताको सहज पहुँच हुनुहुँदैन। अघिपछि मान्छे लगाएर हिँड्नुपर्छ। भेटघाट अलि जटिल बनाउनुपर्छ। यसको मतलब हो राजनीति कसका लागि भन्ने नबुझ्नु। जनताबाट निर्वाचित भएका सांसदले जनतालाई दिनहुँजसो भेट्नु, उनीहरूका पिरमर्का सुन्नु नै वास्तविक लोकतन्त्र हो।

कर्णाली प्रदेशमा यस्तै हुन्छ। सांसद वीरेन्द्रनगरका चोकचोकमा भेटिन्छन्। मन्त्री चियापसलमा। यसले कर्णाली प्रदेशको लोकतन्त्र कति सबल छ भन्ने देखाउँछ। राज्यशक्तिको प्रयोग कसरी गर्ने भन्ने सन्दर्भमा हामीले नै यस्तो मोडेलको विकास गरेका हौँ। जनताका समीपमा सरकार। पाइलैपिच्छे नेता। नेता-जनताको नियमित भेट नै समृद्धिको सकारात्मक सूचक हो।

कर्णाली प्रदेश सरकारले जनतासँग नजिक भई घुलमिल हुन हरेक महिनाको १ र १५ गतेलाई श्रम दिन घोषणा गरी सार्वजनिक स्थलको सरसफाइ गर्दै आएको छ। जसमा सरकारका मुख्यमन्त्री तथा मन्त्री लगायत अन्य सरकारी कर्मचारी जनताको नजिक पुगेर काम गर्छन्। कसैलाई लाग्ला यसको के अर्थ छ ? तर, यसले एकातिर सार्वजनिक पदमा बसेका मान्छे पनि अरुजस्तै सामान्य हुन्। उनीहरू हामीसँगै हुन्छन् भन्ने सन्देश दिन्छ। अर्कोतर्फ प्रदेश सरकारको पहिचान र अस्तित्वलाई यसले सबल बनाउँछ।

**स्रोत साधनले धनी, विवादित विषय न्यून**

जलजमिन, जङ्गल, जडीबुटी र जनता कर्णाली प्रदेशको सम्पत्ति हो। यहाँको भूभागमा प्रशस्त नदीनाला, ताल, तलैया छन्। जसको दोहन गर्न सके प्रदेशको आर्थिक हैसियत सबल बन्छ। जल नै कर्णाली प्रदेशको बल हो। यहाँ उपलब्ध जमिन, जङ्गल र जडिबुटीको उचित व्यवस्थापन जरुरी देखिन्छ।

कर्णालीको संस्कृति भव्य र ऐतिहासिक रहेको कुरा कतै छिपेको छैन। यहाँको संस्कृति र परम्परा नै यस प्रदेशका जनतालाई खुशी बनाउने माध्यम हुन्। यस्ता कला र संस्कृतिको जगेर्नामा प्रदेश सरकारले विशेष ध्यान दिनु आवश्यक छ। यद्यपि केही साँस्कृतिक विचलन र कुप्रथाहरूको अन्त्य गरी समय सापेक्ष नयाँ संस्कार स्थापित गर्नु जरुरी छ।

हामी कमजोर र गरिब छौँ भनेर हीन भावना राख्नु हुँदैन। सरकारी दस्तावेजमा लेखिने गरिब वा विकट प्रदेशले हाम्रा जनताको आत्मबल कमजोर बनाउँछ।

हामीले आफूसँग जे छ त्यसकै उच्चतम प्रयोग गर्ने हो। अरुसँग सहकार्य गर्ने हो। प्रदेशमा भएको अधिकार र उपलब्ध स्रोतको सही प्रयोग गर्ने हो भने छिटै कर्णाली मुलुकको समृद्ध प्रदेशमा दरिने छ।

कर्णाली र यहाँको विकटतालाई विगतमा जस्तो मागी खाने भाँडो बनाउने हो भने हाम्रो दुर्गति त्यहीँबाट शुरु हुन्छ। विकासका दृष्टिले असंतृप्त यस प्रदेशमा प्रचुर विकासको संभावना छ। यसका लागि केवल खाँचो छ-राजनीतिक इच्छाशक्ति।

जातीय संरचना, परम्परागत संस्कृति र स्वस्थ जीवनशैलीका कारण पनि यस प्रदेशमा विवादित विषय कम छन्। परम्पराको जगेर्ना गर्दै नवीन प्रविधिसँग घुलमिल हुने दीर्घकालीन योजना निर्माण गर्नु जरुरी छ। यी यावत् विषयमा प्रदेश सरकारले स्थानीय सरकारहरूसँग समन्वयात्मक सहकार्य गर्नु पर्छ।

**ऐतिहासिक एक वर्ष**

प्रदेश सरकारले आफ्नो पहिलो वर्षगाँठ मनाउँदै गर्दा तारिफ र आलोचना दुवै भएका छन्। प्रदेश सरकारले स्वाभाविक जनआकाङ्क्षा समेत पूरा गर्न नसकेको आरोप पनि छ। सरकार सञ्चालनमा परम्परागत शैलीको अभ्यास, आसेपासेको पृष्ठपोषण र अलमल भएको जनगुनासो छ। यद्यपि सरकारले १ वर्षमा जनताका पक्षमा आशलाग्दा काम नगरेको होइन। सरकारले गरेका कामको सकारात्मक सञ्चार आजको आवश्यकता हो।

मुख्यमन्त्रीले २०७५ फागुन २ गते सार्वजनिक गरेको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भएका कामहरूको सूची हेर्दा सरकार सञ्चालनमा आशलाग्दो अभ्यास भएको देखिन्छ। यस अवधिमा मन्त्रिपरिषद्का ४० बैठक भएका छन्। जसमार्फत् कर्णालीलाई समृद्ध र कर्णालीबासीलाई सुखी बनाउन विभिन्न कानुनी र संस्थागत बन्दोवस्त गर्ने निर्णय गरिएका छन्।

सरकारले ११ सदस्य रहेको कर्णाली विज्ञ समूह गठन गरी विभिन्न समयमा बैठकको आयोजना गरेको छ। प्रदेश विकासको योजनावद्ध आधार तयार गर्न कर्णाली प्रदेश योजना आयोगको गठन गरिएको छ।

यस अवधिमा कर्णाली प्रदेश सभाका २ अधिवेशनमा ६३ बैठक बसेका छन्। सभाले पारित गरेका १७ विधेयक प्रदेश प्रमुख दुर्गाकेशर खनालबाट प्रमाणीकरण भई लागू गरिएका छन्। मन्त्रिपरिषद्ले आठ विधेयक सभामा पेश गर्न स्वीकृति र २४ विषयमा विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गरेको छ।

यसका अलावा सरकारले २८ नीति, नियम, कार्यविधि, मापदण्ड, आचारसंहिता तथा निर्देशिका स्वीकृत गरेको छ। विषयगत मन्त्रालयबाट ४४ कार्यविधि तर्जुमा गरिएका छन् भने १ सय ८ वटा संगठन संरचना विस्तार गरी सेवा प्रवाह गरेको छ।

कर्णाली सरकारले पहिलो एक वर्षमा दुई वटा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ। यद्यपि आवश्यक कानुन र कर्मचारी अभावका कारण बजेट खर्च हुन पाएको छैन। बजेट कार्यान्वयन नहुँदा उपलब्धि हासिल गर्ने कुराको पनि अनुमान हुँदैन।

सरकारले कर्णाली प्रदेशलाई चिनाउन रारा कर्णाली पर्यटन वर्ष २०७५ को आयोजना गरी कर्णालीमा सम्भावित पर्यटनको ढोका खोलेको छ। यसलाई सहयोग पुग्ने गरी निजीस्तरबाट समेत विभिन्न समयमा कर्णाली महोत्सवको आयोजना गरिएका छन्।

सरकारले कर्णालीमा लगानी गर्नेलाई १० वर्षसम्म करछुट दिने नीति लिएको छ। सरकारको पहलमा प्रदेश राजधानी सुर्खेतलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्न नियमित सिधा हवाइउडान शुरु भएको छ।

प्रदेश सरकारले विभिन्न सामाजिक क्षेत्रमा पनि आफ्नो सकृयता बढाएको छ। आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारीको अध्यक्षतामा बाढीपहिरो समस्या समाधान समिति गठन गरिएको छ। ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई नि:शुल्क औषधोपचारको व्यवस्था मिलाइएको छ। पत्रकार स्वास्थ्य बीमा कार्यक्रम, हेलो मुख्यमन्त्री, प्रदेश राजपत्र प्रकाशन, कर्णाली प्रदेश वेबपोर्टल निर्माण, सात सदस्यीय कर्णाली स्वास्थ्य परामर्श समूह र १२ अस्पताल व्यवस्थापन समिति गठन आदि केही नमूना उदाहरण हुन्।

सुर्खेतमा रहेको मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई प्रदेश अस्पताल बनाइएको छ। अर्गानिक प्रदेश बनाउने अभियानस्वरूप विभिन्न जिल्लामा १० अर्गानिक नमूना गाउँको विकास र डिजिटल कर्णाली कार्यक्रम तय गरिएको छ। सरकारले ग्रामीण क्षेत्रको विकासका लागि मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम तथा उत्तरी छिमेकी चीनसँगको सीमासम्म सहज आवागमनका लागि सुर्खेत हिल्सा प्रधानमन्त्री द्रुत लोकमार्ग निर्माणको कार्यलाई तीव्रता दिएको छ।

प्रदेश सरकारले आफ्नो अधिकार प्रयोगका सन्दर्भमा र आफ्नो अस्थित्व जोगाई अन्य प्रदेशसँग प्रतिष्पर्धा गर्न विभिन्न महत्वाकाङ्क्षी योजनाहरू पनि प्रस्तुत नगरेको होइन। स्वाभाविक महत्वाकाङ्क्षाले नै जनतामा आशाको सञ्चार गर्ने हो।

**अन्त्यमा,**

सरकार अविछिन्न उत्तराधिकारवाला संस्था हो। जनताबाट निर्वाचित तथा अनुमोदित भएर मात्र राज्यशक्तिको प्रयोग गर्ने हक सरकारलाई हुन्छ। जथाभावी जे मन लाग्यो त्यही गर्न सरकारलाई छुट छैन। प्रदेश सरकार बढी समन्वयकारी भूमिकामा रहने भएकोले पनि स्थानीय सरकार र सङ्घीय सरकारसँगको सहकार्यमा धेरै कुरा प्राप्त गर्न सकिन्छ। सरोकारवालाहरूको सुझाव सरकारका लागि सधैं प्रेरणाको स्रोत हो। २०७४ माघ १४ र १५ गते सम्पन्न पहिलो प्रदेश समन्वय परिषद्बाट पारित ३४ बुँदे साझा प्रतिबद्धता नै प्रदेश सरकारको तात्कालिक कार्यनीति हो।

कर्णालीमा रहेका परम्परागत ज्ञान र सीपको प्रसार गरी युवा उद्यमशीलताको विकास गर्ने हो भने हामी सुनको सिरानी हालेर नुनको खोजीमा भौंतारिरहनु पर्दैन। सार्वभौमसत्ता सम्पन्न नागरिकका अधिकारको संरक्षण गर्दै आफ्ना योजना व्यवहारमा उतार्न कर्णाली प्रदेश सरकारलाई शुभकामना।

विश्लेषण



अर्जुन शाह*

# सुदूरपश्चिम सरकारको एक वर्ष

सिंहदरबारमा केन्द्रित शासन व्यवस्था गाउँगाउँसम्म पुऱ्याउन संविधानले सङ्घीय प्रणाली अवलम्बन गरेको हो। संविधानकै मर्म र भावनाअनुरूप सङ्घीय प्रणालीको एउटा हिस्सा हो, सरकार र प्रदेशसभा।

आधारभूत सेवासुविधाका लागि विगतजस्तो काठमाडौं धाउनैपर्ने अवस्थाको अन्त्य गर्ने परिकल्पनाका साथ तीन तहका सरकार र विधायिकाको व्यवस्था गरिएको हो। त्यही संवैधानिक व्यवस्थाको अधीनमा रही तीन तहमा निर्वाचन, सरकार गठन र कार्य सञ्चालन आरम्भ भइसकेको छ।

यही पृष्ठभूमिमा प्रदेश ७ अर्थात अहिलेको सुदूरपश्चिम प्रदेशसभा र प्रदेश सरकारसमेत आफ्नो एक वर्ष पूरा गरिसकेको छ। शून्य पूर्वाधारबाट काम सुरु गरेर एक वर्षको अवधिमा उल्लेख्य कार्य गर्न नसके पनि कानुन निर्माणको अभ्यास, बजेट विनियोजन, भौतिक पूर्वाधारको संरचनागत व्यवस्थापन प्रयासले सङ्घीयताको जग भने दिनदिनै मजबुत हुँदै गएको देखिन्छ।

सुदूरपश्चिम प्रदेश सरकारले यस अवधिमा १८ वटा विधेयक पारित, प्रदेशको नामाकरण र स्थायी राजधानीको निर्क्यौल, दुई वटा बजेट पेश गरी कार्यान्वयन सुरु, प्रदेश मातहतका सरकारी कार्यालय स्थापना लगायतका कार्यलाई प्रदेश सरकारले गरेका उपलब्धिमूलक काम मान्न सकिन्छ। तर पनि आमनागरिक भने प्रदेश सरकार र प्रदेशसभाको गति सुस्त भएकोमा त्यति सन्तुष्ट देखिँदैनन्। प्रदेश सरकारको 'एक वर्ष' लाई यहाँका अधिकांश सर्वसाधारणले सरकार भएको अनुभूति नै गराउन नसकेको प्रतिक्रिया दिन थालेका छन्।

प्रदेश शासन हामी सबैका लागि नितान्त नौलो अनुभव र अभ्यास हो। त्यसैले स्वाभाविक रूपमा यसको सञ्चालन सहज छैन। त्यसैमा शताब्दीयौँदेखिको केन्द्रिकृत शासन प्रणालीलाई व्यवहारिक रूपमै विकेन्द्रित गर्नु आफैमा जटिल कार्य हुँदाहुँदै पनि जनअपेक्षको चाङ प्रदेश सरकारतर्फ सोभिसक्यो।

प्रदेश शासनलाई आमजनताले आफूले सदियौँदेखि साँचेका समृद्धिका सपना साकार पार्ने शासनका रूपमा अपेक्षा गरेका छन्। एक वर्षको यो अवधिमा जनताका यिनै अपेक्षा र विश्वासमा प्रदेश शासन खरो उत्रिन सकेन भने विस्तारै जनतामा निरासाको मात्रा वृद्धि मात्रै हुने छैन, सङ्घीयताप्रतिको आस्था र विश्वास पनि खिइँदै जानेमा सम्बद्ध पक्ष कत्तिको चनाखो देखिए भन्नेमा प्रदेश सरकारको एक वर्षे शासन अवधिले संकेत गर्छ।

एक वर्षको यो अवधिमा प्रदेशसभाले प्रदेशका आम जनताको भावना र आवाजलाई कत्तिको मुखरित गऱ्यो ? जनताका जनजीविकाका सवालका साथै शान्ति सुरक्षा, रोजगारी, सामाजिक न्याय, दण्डहीनताको अन्त्य तथा मानव अधिकारको संरक्षण, सामाजिक तथा सांस्कृतिक कुप्रथाको अन्त्यसहित सामाजिक- आर्थिक- सांस्कृतिक सवालहरूप्रति प्रदेशसभामा कत्तिको गम्भीरताका साथ आवाजहरू उठे र ती आवाजहरूको सुनुवाइ प्रयत्न कत्तिको गम्भीर र संवेदनशील तरिकाले गऱ्यो ? प्रदेशको तीव्र आर्थिक समृद्धिको दिशातर्फ सरकारलाई डोऱ्याउन प्रदेशसभाले कत्तिको दृढतापूर्वक काम गऱ्यो ? प्रदेशको विधायिका र कार्यकारीले एक वर्षको अवधिमा जनताका यी सवालहरू के पहल गऱ्यो भन्ने बिन्दुबाट उसको एकवर्षे समीक्षा सान्दर्भिक हुनेछ।

कैलाली बहुमुखी क्याम्पसका प्राध्यापक डा. राजेन्द्रबहादुर चन्द भन्छन् 'प्रदेश सरकारले आफ्नो उपस्थिति नै देखाउन सकेन शान्ति सुरक्षामा सुधार, सुशासन कायम र प्रदेश गौरवका आयोजना अघि बढाउने लगायत नयाँ केही गर्न सक्ने अवसरलाई पनि सदुपयोग गर्न सकेको देखिएन।' डा. चन्दजस्तै प्रदेश सरकारको एक वर्ष अवधिको समीक्षामा व्यक्त गरेका टिप्पणी जस्तै अक्सरका टिप्पणी पनि त्यही वरपरका भएकाले उत्साहित भई हाल्नुपर्ने वा सुदूरपश्चिम सरकारले आफ्नो गतिलाई तीब्रता दिनुपर्ने अवस्था रहेको निष्कर्ष निकाल्न पर्ने हुन्छ।

प्रदेश सरकारले पहिलो वर्षलाई 'कानुन निर्माणको वर्ष' बताएको भए पनि हालसम्म १८ वटा ऐन बनाएको छ। चार ओटा नियमावली र २५ वटा कार्यविधिसमेत यो एक वर्षमा पारित गरेको छ। चार ओटा विधेयक प्रदेशसभामा विचाराधीन रहेका छन्। २५ वटा कानुन निर्माणका लागि सम्बन्धित मन्त्रालयलाई स्वीकृति दिइएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ। मुख्यमन्त्री भन्छन्, 'कानुन निर्माणमा हामी पछाडि छौं भन्न मिल्दैन।' तर प्रदेशले अझै कम्तीमा ९९ कानुन निर्माण गर्न बाँकी छ।

प्रदेशको नामाकरण र राजधानी निर्क्यौललाई प्रदेश सरकारले आफ्नो उल्लेख्य उपलब्धिका रूपमा दावी गर्दै आएको छ। तर नामाकरणमा खासै विवाद नदेखिए पनि प्रदेश राजधानी गोदावरीमा राख्ने निर्णयलाई भने कतिपयले अनुचित ठाने। वन मासेर राजधानी राख्नु उपयुक्त निर्णय नभएको आलोचकहरूको जिकिरलाई सरकारले वास्ता नगरेरै अघि बढ्यो।

प्रदेश सरकारले दुई वटा बजेट प्रस्तुत गरेको कुरालाई पनि उपलब्धिका रूपमा बताउने गरेको छ। तर वजेटबाट प्राप्त उपलब्धि के हो भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण पक्ष हो। बजेट प्रस्तुतिले सङ्घीयताको कार्यान्वयन पक्षलाई त बल मिल्ला तर बजेटको सदुपयोगले मात्रै आमनागरिकको अपेक्षालाई सम्बोधन गर्न सक्ने हुन्छ।

गत आर्थिक वर्षमा १ अर्ब २ करोडको आंशिक बजेट ल्याएको सरकारले चालु वर्षका लागि २५ अर्ब ६ करोडको बजेट प्रस्तुत गरेको थियो। १ अर्ब २ अर्बको आंशिक बजेटमा २३ करोड मात्रै खर्च गर्न

* *शाह इन्सेकका बाजुराका पूर्व प्रतिनिधि हुन।*

सकेको थियो। चालु वर्षको बजेटमा पनि दोस्रो चौमासिक बित्न लाग्दा १ अर्ब ४१ मात्र खर्च भएको सरकारले जनाएको छ। अहिले धेरैको चिन्ता विनियोजित बजेट खर्च हुन नसकेर रकम फ्रिज जानेमा देखिएको छ।

प्रदेशको प्रोफाइलको तयारी, प्रादेशिक योजना आयोग गठन, प्रदेश विकास परिषद् गठन लगायतका कार्यहरू वर्ष दिनभित्रै पूरा गर्नमा प्रदेश सरकार चुकेको धेरैको भनाइ रहेको छ। दुई तिहाइको सत्ता पक्ष र संख्यात्मक रूपमा दुर्वल देखिने विपक्ष छ सुदूरपश्चिममा। अझ कमजोर भएर होला, प्रमुख प्रतिपक्ष सत्तापक्षझैँ सहकार्यको भूमिकामा देखिन्छ। उनीहरूले सार्वजनिक रूपमा भन्दै पनि आएका छन्। तर सकारको काममा भने उनीहरू सन्तुष्ट देखिँदैनन्। 'सरकारले गति लिएन, यही ढङ्गले भविष्यलाई राम्रो गर्दैन' प्रमुख प्रतिपक्षी दलका प्रदेशसभा सदस्य भरतबहादुर खड्का भन्छन् 'गत आर्थिक वर्षको बजेटको कुनै हिसाबकिताब नदेखाएको सरकारले चालु आर्थिक वर्षको बजेटमा पनि पूँजीगत खर्च गर्न नसक्नु प्रदेशका बासिन्दाका लागि चिन्ताको सवाल हो।'

सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धिका लागि जलस्रोत, पर्यटन, कृषि, जङ्गल र जडिबुटीको सदुपयोगको आधारलाई प्रदेश सरकारले स्वीकार गर्दै आएको हो। तर यी क्षेत्रको विकासका लागि ठोस योजना भने अघि बढाउन नसकेको कतिपयको बुझाइ छ। सरकारले भने नौ वटै जिल्लामा समानुपातिक हिसाबले एकएक वटा सडकहरू प्रदेश गौरवका योजनाका रूपमा छनौट भई विस्तृत अध्ययन, सर्वेक्षण भइरहेको जनाएको छ। यस्तै प्रदेशमा प्रदेश बस सेवा सञ्चालनका लागि बस खरिद प्रक्रिया अगाडि बढाइएको र आर्थिक वर्षभित्र बस सेवा सञ्चालन ल्याइसक्ने सरकारको दावी छ। 'सङ्घीयता अभ्यासको सुरुआती अवस्था भएकाले अहिले निरास भई हाल्नु हुन्न' कैलाली उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष पुष्कर ओझा भन्छन्, 'आगामी दिनमा सरकारले गति चाहिँ बढाउनै पर्छ।'

एक वर्षको अवधिमा ३८ पटक मन्त्रिपरिषद्को बैठक बसेको छ। बैठकमा प्रदेशको विकास र समृद्धिका लागि निर्णयहरू हुने गरेको सार्वजनिक हुँदै आएको भए पनि कार्यान्वयनमा न्यून सङ्ख्यामा मात्रै कार्यान्वयन हुने गरेको देखिएको छ। यसअघि एक सय दिन पुगेको सन्दर्भमा पत्रकार सम्मेलन गरी प्रदेश सरकारले त्यस अवधिमा भएका उपलब्धिहरूको फेहरिस्त पेश गरेको थियो। त्यस क्रममा हेलो सीएम कार्यक्रम सञ्चालन, फोहोर मैला व्यवस्थापन, मुख्य न्यायधीवत्ताको नियुक्ति, प्रदेश पदाधिकारी र प्रदेशसभाका पदाधिकारीहरूको सुविधा निर्धारणलाई सरकारले एक सय दिनको उपलब्धिका रूपमा उल्लेख गरेको थियो।

भारतमा आफ्नो युवा उमेर भारतमा चौकीदारी गरेर गुजारेका नेता त्रिलोचन भट्टले मुख्यमन्त्रीमा नियुक्त भएपछि 'अब उप्रान्त सुदूरपश्चिमका युवाहरूले भारतमा चौकीदारी गर्न जानैपर्ने बाध्यताको अन्त्य गर्ने' बताएर निक्कै चर्चा बटुलेका थिए। तर वर्ष दिन बित्दासम्म युवाहरूले भारतमा चौकीदारी गर्नबाट छुटकारा पाउने गरी प्रदेश सरकारले कुनै ठोस योजना तथा कार्यक्रमहरू अघि बढाउन नसकेकोमा भने यहाँका युवाहरू खिन्नता व्यक्त गर्दछन्। वर्ष दिनमै यहाँका युवाहरूले रोजगारीका लागि भारत चहार्नुपर्ने बाध्यताको अन्त्य गर्न नसकिने भए पनि भनेअनुसार प्रदेश सरकारले ठोस नीति तथा योजना ल्याउन नसकेको विदेशबाट फर्केकाहरूको अनुभव छ।

सात जना मन्त्री र एक जना राज्यमन्त्री रहेको प्रदेश सरकारका मन्त्रीहरूको धेरैजसो समय औपचारिक कार्यक्रमको उद्घाटन र समापनमै बित्ने गरेकोमा पनि आलोचना हुँदै आएको छ। अर्कोतिर मन्त्रीहरूले गर्ने अनुगमन अनुगमनमै मात्र सीमित हुने गरेकोमा पनि सर्वसाधारणको गुनासो देखिन्छ।

सङ्घीय सरकारले प्रदेशलाई प्रत्यायोजन गर्नुपर्ने संविधानले व्यवस्था गरेबमोजिमका हकअधिकारहरू नदिएकाले पनि अवरोध भइरहेको मन्त्रीहरू बताउँछन्। सुरुका ६ महिनासम्म त प्रदेश सरकारले कर्मचारी र मातहतका संरचना अभावमै बिताएको आर्थिक मामिला तथा योजना मन्त्री झपट बोहरा बताउँछन्।

अधिकारको विषयलाई लिएर सङ्घ र प्रदेशबीच फाटो देखा पर्न थालेको छ। अधिकार हस्तान्तरण नगरेकोमा पछिल्लो समयमा प्रदेश सरकारका मन्त्रीहरूले खुलेरै सङ्घीय सरकारप्रति असन्तुष्टि प्रकट गर्न थालेका छन्। सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुन मन्त्री प्रकाशबहादुर शाहले प्रदेशसभामा बोल्दै प्रदेश सरकारको अप्ठेरो तथा असन्तुष्टि व्यक्त गरेका थिए। प्रदेशसभामा उनले भने, 'समस्या प्रदेशमा हुने, समाधान केन्द्रले खोजिदिनु पर्ने ? प्रहरी प्रदेशको हुने, कमाण्ड केन्द्रले गर्नुपर्ने ? अहिलेको अवस्थाले संविधानले गरेका व्यवस्था र सङ्घीयताको मर्ममा खिल्ली उडाउने काम भइरहेको छ।' त्यसक्रममा मन्त्री शाहले यही अवस्था कायम रहे प्रदेश र सङ्घको सम्बन्धमै खलल पुग्नेमा सचेत गराएका थिए। 'अधिकारविहीन अवस्थामा चुस्तदुरुस्त काम कसरी गर्न सकिन्छ ?' उनले भनेका थिए।

संविधानअनुरूप सङ्घ सरकारले प्रत्यायोजन गर्नुपर्ने कतिपय अधिकारहरूमा ढिलाइ गर्नाले पनि समस्या भएको प्रदेशको दावी रहँदै आएको छ। अब प्रदेश मातहतका संरचनाहरू स्थापना भएकाले अब कामहरू देखिने सरकारको दावी छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा अढाइ हजार बढी पूर्वाधार विकासका योजनाहरू तय गरेको जनाएको छ। ती योजनाहरूको गुणात्मक कार्यान्वय प्रदेश सरकारको चुनौती हो। नभए अहिले सरकारका मन्त्रीहरूले उनीहरूले आफ्ना निकटका व्यक्तिहरूलाई लक्षित गरी योजनाहरू विनियोजन गरेका छन् भन्ने आरोप सत्य सावित हुने देखिन्छ।


केन्द्र र स्थानीय सरकारबीचमा रहेको प्रदेश सरकारको भूमिका, काम कर्तब्य र अधिकारको विषयमा वर्तमान संविधानले व्यवस्था गरेको छ। संविधानको अनुसूची ६ मा प्रदेश अधिकारको सूची शीर्षकमा २१ विषय सूचीकृत गरिएका छन् । अनुसूची ७ मा सङ्घ र प्रदेशका साझा अधिकारको सूची शीर्षकमा २५ विषयमा प्रदेशले सङ्घसंग साझेदारी गर्नुपर्ने हुन्छ। त्यस्तै अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा सूचीकृत १५ विषय प्रदेशले स्थानीय तहको सङ्घसंग साझेदारी गर्नुपर्ने उल्लेख छ।

सबैले उसलाई बेसुरा मान्छे भन्छन्। छ पनि ऊ त्यस्तै। न कसैलाई उसले आफ्नो नाम भन्छ न ठेगाना। तर, ऊ भिखारी पनि हैन। कहिले टोलाइरहने, कहिले बर्बराइरहने, कसैलाई फर्केर नहेर्ने, आफ्नै मस्तीमा डुबिरहने। कुनैबेला पैसा लिने, कुनैबेला नलिने। अचम्मको छ ऊ। तैपनि मान्छेको मन न हो, खोतल्न खोज्छ, उधिन्न खोज्छन्। सबैलाई उसको एउटै जवाफ हुन्छ, "म मानव धर्ममा जन्मेको हुँ। " उसको जवाफ सुनेर हिन्दूहरूले खिल्ली उडाए भने ऊ भन्छ, "मोहम्मद कसम। तिमीहरूले गल्ती गर्दैछौ।" मुसलमानहरूले धम्क्याए भने उसको ठीक उल्टो उत्तर हुन्छ, "राम कसम। तिमीहरूले गल्ती गर्दैछौ।" दिनहरू बित्दै जाँदा उसले मानिसहरूका धार्मिक मान्यताहरूलाई गञ्जागोल पारिदियो। उसका रहस्यमय उत्तरहरू कट्टरपन्थी युवाहरूका लागि "हर्कत" हुनथाल्यो। हिन्दु-मुस्लिम दुवैले "खतरा" महसुस गर्नथाले। कुनै धाकधम्कीले पनि उसको "बेसुरापन" मा कहिल्यै कमी आएन। आकाशमा उडिरहेका चराहरू मात्र हैन, जमिनमा कुदिरहेका कमिलाहरूलाई पनि देखेर जब ऊ मस्तले रमाउँथ्यो तब उसको यो "हर्कत" सबैलाई असैह्य हुँदैगयो। एकदिन सहनुको सीमा नाघेपछि "तँ मुसलमान होस्" भन्दै हुल्याहा हिन्दुहरूमध्ये एउटा युवकले उसको हात नराम्रोसँग बटारिदियो। "मोहम्मद कसम। तिमीहरूले गल्ती गर्दैछौ। भाँच्ने हो भने हात भाँचिन्छ।" (शान्त स्वरमा उसको मुखबाट निस्किक्यो। तब मानौं, कुनै खुसीको कुरो सम्झेझैं गरी हाँस्दै उसले चौतारो छोड्यो। चौतारोबाट केही नजिकमै रहेको व्यस्त पार्कको एउटा कुनोलाई नै उसले आफ्नो नयाँ आश्रयस्थल चुन्यो। अर्को दिन हुल बाँधेर आएका मुसलमानहरूले "तँ हिन्दु होस्, भाग् यहाँबाट" भन्दै उसको टाउको फुटाइदिए। फुटेको टाउकोबाट रगतका थोपाहरू तप्...तप् भुइँमा झऱ्यो" राम कसम। तिमीहरूले गल्ती गर्दैछौ। रगत सबैको रातो हुन्छ। भुइँतिर हेरेर उसले लम्किदै भन्यो।

कुन्नि किन हो, एकपछि अर्को बज्रहरू उसको शीरमा खनिए पनि अनुहारमा कुनै दु:ख र पीडाका भाव-भङ्गिमाहरू लेशमात्र पनि देखिएन। मात्र केही थाकेजस्तो शरीर लिएर ऊ परको चौरमा गएर बस्यो। रगत अझै बगिरहेकै थियो। र, हावामा हात हल्लाएर ऊ के-के भन्दै थियो। उसैलाई हेर्दै

## कथा

# भीड



श्याम कार्की

सडकमा हिँडिरहेको एकजना भलादमीलाई देखेर ऊ फिस्स हाँस्यो। "के भएर तिम्रो टाउको फुट्यो ? किन नधोएको ?" जिज्ञासाबस आगन्तुकले उसैको नजिक गएर सोध्यो। "तपाईं पढे-लेखेजस्तो देखिनुहुन्छ, के पढ्नुहुन्छ ?" "म सुन्दर, पवित्र र शक्तिशाली शब्दहरू तथा भद्दा, अश्लील र कमजोर शब्दहरूको अणुरचनाबारे अनुसन्धान गरिरहेको प्रोफेसर हुँ- प्रोफेसरले यस्तो भनिरहँदा उसको ध्यान अन्तै गएजस्तो लाग्थ्यो र उसका हातहरू उसैगरी हल्लिरहेका थिए।" के सोचिरहेका छौ ? यी हातहरू किन हल्लाएको ? "प्रोफेसर महोदय, मैले तपाइँका कुराहरू बुझिसकें। म सोचिरहेको थिएँ कि संसारका ठूला धर्महरूको मन्दिरहरू भएको एउटा विशाल मन्दिर हुनेछ र त्यसको छानो एउटै हुनेछ। तपाईं हेर्दै जानुहोस्, म यस्तो महातीर्थ बनाउने छु। "लामो निस्श्वास छोड्दै आफ्ना तिखा आँखाले आकाश छेडुँलाझैं गरी उसले भन्यो। "असंभव। तिमी आफै भिखारी छौ, कसरी यस्तो मन्दिर बनाउछौ ?" खिसी गरेझैं गरी प्रोफेसर बोल्यो। "प्रोफेसर, के तपाईंले देख्नुभएन र ? यो विचारको आकाशबाट अवतरण भइसकेको छ। अब म यो विचार संसारको कुनै धनी मानिसको मस्तिष्कमा पठाउने छु र उसले यस्तै मन्दिर बनाउने छ "। उसले अत्यन्तै अपत्यारिलो जवाफ फर्कायो। "समयको सत्यानाश। यो त साँच्चै मानसिक सन्तुलन गुमाएको मान्छे पो रहेछ" प्रोफेसर झन्किएर हिँड्यो। "होशमा आऊ प्रोफेसर, होशमा आऊ। तिमी जति नै अनुसन्धान गर वा ठूलो मान्छे किन नहोऊ, मेरा लागि ती हुल्याहा केटाहरू र तिमी बराबर हौ। किनकि म तिमीहरूजस्तो भीड होइन ! सुन्यौ ? यही त फरक छ तिमीहरू र ममा। "उसले अगाडि भन्यो- "वाह यो भीडले सदासर्वदा के ठान्दै आएको छ भने, मेरो स्वतन्त्रता र अधिकार उसको मुट्ठीभित्र कैद छ" आकाशतिर हेर्दै एकाएक ऊ जोडले हाँस्यो। र, आँखाबाट आँसुको धारा झर्नाजस्तै धरतीमा झरे। यो अदभूत दृश्य हेर्न नसकेर, सूर्य पनि क्षितिजमुनि लुक्यो।

## कविता



### नारी

कहिले शक्ति, कहिले शितल
कहिले सहनशील, कहिले
सुशील
कहिले सरल, कहिले कोमल
कहिले अग्नि, कहिले पानी
अनेकौं विशेषताहरुको एउटा शब्द- नारी

जति राप पनि बोक्न सक्ने
जति ताप पनि खप्न सक्ने
पहाड झैं अटल, मैनझैं कोमल
कहिले निस्वार्थी, कहिले त्यागी
मायामा रक्षक, घृणामा भक्षक

अनेकौं स्वरुपहरूको एउटै रूप
- नारी

जीवनका कठिन परीक्षामा
अदम्य साहास हुन् नारी
स्नेह र ममताको अविरल बग्ने
नदी हुन् नारी
कमजोर छैनन् नारीहरू

नारी शक्ति हुन् धर्तीका
सहनशीलताको बेजोड नमूना हो धरती
धरतीको अर्को प्रतिरूप हो - नारी

*- ममता पन्त मिश्र*
अष्ट्रलिया

## पुस्तक समीक्षा

इन्सेकले सन् १९९२ देखि प्रकाशन शुरु गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकको २७ औं संस्करण २०७५ फागुन ७ गते प्रकाशन भएको छ।

हरेक वर्ष प्रकाशन हुने यस पुस्तकले सन् १९९० पछि सुरु भएको प्रजातान्त्रिक अभ्यासका क्रममा प्रजातन्त्र, मानव अधिकार र विधिको शासनप्रति समर्पित रहनेमात्र हैन, यसको सुदृढीकरणमा योगदान पनि पुऱ्याउँदै आएको छ। मानव अधिकार वर्ष पुस्तकले यो अवधिका राजनीतिक घटनाक्रम प्रजातान्त्रिक सरकार गठन, माओवादी सशस्त्र द्वन्द्वका १० वर्ष र पुनर्स्थापित प्रजातन्त्रका १२ वर्षको अवधिको अभिलेख गरेको छ। वर्ष पुस्तकले विभिन्न कालखण्डमा उठाउँदै आएका मानव अधिकारका सर्वव्यापी सिद्धान्तअनुरूप राज्यले गर्ने व्यवहार र आमनागरिकले प्राप्त गर्ने मानव अधिकारका विषयवस्तुले नै प्राथमिकता पाइरहेका छन्। यिनै विषयवस्तुको निरन्तरताको क्रम यस वर्ष पनि जारी रह्यो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ मा बितेको वर्ष अर्थात सन् २०१८ मा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्धनमा देखाएका चासो तथा भूमिकाको विश्लेषणात्मक प्रस्तुति समेटिएको छ। त्यसबाहेक सातैवटा प्रदेशको प्रतिनिधित्व हुनेगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी आलेखले यो वर्ष पनि निरन्तरता पाएका छन्। साथै जिल्लागत घटनाको प्रवृत्ति र सङ्ख्या समावेश छ। वर्ष पुस्तकमा प्रतिक्रिया र धारणालाई पनि उत्तिकै महत्त्व दिइएको छ। त्यसैले दस्तावेजले समेटेका यी र यस्तै सामग्री अनि तथ्याङ्क नेपालको मानव अधिकार अवस्था झल्काउने दर्पणका रूपमा आमजनमानसले स्वीकार गर्न सक्छन्।

वर्ष पुस्तकमा राज्य तथा अन्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्याङ्क तथा विवरणात्मक प्रस्तुति गरिएको छ। राज्य र तिनका निकायले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिकाका बारेमा विश्लेषणात्मक चर्चा गरिएको महत्वपूर्ण दस्तावेजरूपी पुस्तक हो। पुस्तकमा देशका ७७ जिल्लामा भएका मानव अधिकार




उल्लङ्घन र ज्यादतीका घटनाहरूको विवरणसहित तथ्य तथ्याङ्क समावेश छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ मा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी सात ओटा आलेख समेटिएका छन्। जसमध्ये प्रदेश १ को सङ्खुवासभाका सीमान्तकृत समुदायभित्र पर्ने कुमाल जातिको अवस्था प्रदेश २ अन्तर्गत धनुषा जिल्लाको सरबरिया जातिको अवस्था, प्रदेश ३ अन्तर्गत हात्तीपाइले: न निको हुन्छ न त सहज उपचार शीर्षक राखी धादिङ जिल्लामा यस रोगले पारेको प्रभाव, गण्डकी प्रदेशको बालविवाह: बागलुङे देहातको पीडा, प्रदेश ५ को राज्यले नदेखेका समुदाय: कपिलवस्तुका पथरकटुवा र नटुवा कर्णाली प्रदेशको फिरन्ते राउटे समुदाय का आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था र सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाका तुइन विस्थापन नभएको विषयलाई उजागर गरिएको छ।

वर्षपुस्तकको अनुसूची १ र २ मा सातै प्रदेशमा भएका मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीको घटनाहरूलाई विवरण तालिकामा प्रस्तुत गरिएको छ। अनुसूची ३ र ४ मा विभिन्न राजनीतिक दल तथा सरकारी निकायको मानव अधिकार अवस्थाप्रतिको धारणा र अनुसूची ५ मा विभिन्न व्यक्तिको मानव अधिकार वर्ष पुस्तकप्रतिको प्रतिकृया प्रकाशन गरिएको छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक देशको समग्र मानव अधिकार अवस्थाबारे जान्न चाहाने व्यक्ति तथा संस्थाका लागि उपयोगी स्रोतका रूपमा रहेको छ। हरेक वर्ष प्रकाशन हुने भएकोले राज्यलाई मानव अधिकारको संरक्षण तथा संवर्द्धनप्रति जिम्मेवार बनाउन पनि केही हदसम्म मद्दत गर्न सक्छ।

*प्रस्तुति : गीता माली*

# बालविवाहले बढायो समस्या !



*– मनिषा केसी*

**जिल्लामा विद्यालय पढ्दै गरेका बालबालिकाको विवाह हुने सङ्ख्या बढिरहेको मुसिकोट नगरपालिकाका बाल अधिकार अधिकृत मानविर ओलीले बताए। बालविवाह रोक्न जिल्लाभर विभिन्न अभियानहरू सञ्चालन गरेपनि बालविवाह न्यूनीकरण नभएको उनको भनाई छ। जिल्लामा अहिले करिब ८०  प्रतिशत उमेर नपुगी विवाह हुने गरेको उनले बताए। विपन्न समुदायमा आर्थिक अभावका कारण विद्यालय पढाउनु भन्दा छोराछोरीको विवाह गरिदिने गरेको पाइएपनि सम्पन्न परिवारका बालबालिका स्वयम्ले भागेर विवाह गर्ने गरेको भेटिएको उनले जानकारी दिए। उनका अनुसार बालविवाह गरेका जोडीहरू बीचमै पढाई छोड्ने, सानै उमेरमा आमा बन्ने, सानै उमेरमा सम्बन्ध बिच्छेद गर्ने जस्ता समस्याहरूबाट पिरोलिनुपरेको छ।**

दिउँसोको चर्को घाम, निधारमा चिटचिट पसिना, छेउमा ढुङ्गाको थुप्रोमा बसेर गिट्टी कुटिरहेकी छिन्, १६ वर्षीया एक बालिका। घरखर्च चलाउन समस्या भएपछि उनी गिट्टी कुटेर घरखर्च चलाउन विवश छिन्। ५ महिना अघि उनको विवाह भयो। विवाहपछि घरपरिवारले राम्रो नगर्दा उनी र पति अलग बस्न थाले। सानै उमेरमा उनले निर्वाह गर्नुपर्ने जिम्मेवारी र घरमा आर्थिक समस्याका कारण पैसाको जोहो गर्नुपर्ने भएकोले उनको पढाइ लगायतका काम रोकिए।

शारदा नगरपालिका-१ श्रीनगर सल्यानकी १६ वर्षीया यी बालिकाले त्रिवेणी गाउँपालिका-१ रूकुम पश्चिमका १७ वर्षीय एक बालकसँग विवाह गरिन्। श्रीनगरमै कक्षा ७ मा अध्ययनरत ती बालिका विवाहपछि विद्यालय जान छोडेकी छिन्। नेपालको कानुन अनुसार २० वर्ष मुनिको विवाहलाई मान्यता नदिएपनि रूकुम पश्चिममा १६ वर्ष भन्दा मुनिको उमेरमा विवाह गर्नेको सङ्ख्या निकै बढेको छ। बालविवाहकै कारण चौतर्फी समस्या बढ्दा बालिकाहरू गिट्टी कुट्ने, अन्य ज्याला मजदुरीमा काम गर्ने र बालकहरू पनि कामका लागि भारत जानुपर्ने बाध्यता रहेको छ।

त्यस्तै मुसीकोट नगरपालिका-१ कि १७ वर्षीया एक बालिकाले सोही ठाउँ निवासी १७ वर्षीय एक बालकसँग विवाह गरिन्। मुसीकोट नगरपालिकाकै एक माध्यामिक तहमा अध्ययनरत दुवैको विवाहपछि पढाइ रोकिएको छ। विवाहपछि परिवारले सहयोग नगर्दा उनीहरूको सबै इच्छा आकांक्षाहरू समेत पूरा हुन सकेका छैनन्। उनीहरूलाई चौतर्फी समस्याले घेरेको छ। मुसीकोट नगरपालिका र त्रिवेणी गाउँपालिकामा मात्र नभएर जिल्लाका अधिकांश ठाउँमा १८ वर्ष नपुगी विवाह गर्नेको संख्या बढ्दो क्रममा रहेको छ। केही मात्रामा परिवारको सहमतिमा भएपनि धेरैजसो बालबालिकाको प्रेम विवाह हुने गरेको पाइन्छ।

परिपक्व नभएर गरेको विवाहले पढाइमा मात्र नभएर मानसिक, शारीरिक, सामाजिक र आर्थिक रूपमा अनेक प्रतिकुलता ल्याएको छ। सानै उमेरमा विवाह गरेका बालबालिकाहरू शिक्षा र जनचेतनाबाट वञ्चित हुने, छिट्टै आमा बन्ने र त्यसको सम्पूर्ण जिम्मेवारी उनीहरूलाई मात्र हुँदा मानसिक समस्या बढ्दै गइरहेको छ। बालविवाह आफैँमा एउटा ठूलो समस्या त हुँदै हो, अझ यसका बहुआयामिक असरबाट समाजमा धेरै समस्या सिर्जना भएका छन्। विभिन्न प्रयास गर्दागर्दै पनि सबै बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने सरकारको उद्देश्य पूरा नहुनुको प्रमुख कारण समेत बालविवाह बनेको छ।

जिल्लामा विद्यालय पढ्दै गरेका बालबालिकाको विवाह हुने सङ्ख्या बढिरहेको मुसिकोट नगरपालिकाका बाल अधिकार अधिकृत मानविर ओलीले बताए। बालविवाह रोक्न जिल्लाभर विभिन्न अभियानहरू सञ्चालन गरेपनि बालविवाह न्यूनीकरण नभएको उनको भनाइ छ। जिल्लामा अहिले करिब ८०  प्रतिशत उमेर नपुगी विवाह हुने गरेको उनले बताए। विपन्न समुदायमा आर्थिक अभावका कारण विद्यालय पढाउनु भन्दा छोराछोरीको विवाह गरिदिने गरेको पाइएपनि सम्पन्न परिवारका बालबालिका स्वयम्ले भागेर विवाह गर्ने गरेको भेटिएको उनले जानकारी दिए। उनका अनुसार बालविवाह गरेका जोडीहरू बीचमै पढाइ छोड्ने, सानै उमेरमा आमा बन्ने, सानै उमेरमा सम्बन्ध बिच्छेद गर्ने जस्ता समस्याहरूबाट पिरोलिनुपरेको छ।

सानै उमेरमा विवाह गर्दा उनीहरू सानैमा गर्भवती हुने र स्वास्थ्यका दृष्टिले निकै समस्या हुने गरेको, परिपक्व भएपछि एक अर्काप्रति वितृष्णा पैदा हुने र त्यसपछि सम्बन्ध विच्छेदको चरणमा पुग्ने गरेको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताए। सानै उमेरमा प्रजनन् अङ्गहरूको पूर्ण रूपमा विकास नभएको र यस्तो अवस्थामा विवाह गर्दा शिशु मृत्युदर, मातृ मृत्युदर बढ्ने, पाठेघर खस्ने, पाठेघरको क्यान्सर हुनेजस्ता यौनजन्य रोग लाग्नुका साथै अन्य सामाजिक समस्याहरूको बीचमा बाँच्नुपर्ने बाध्यता हुने गरेको उनको भनाई छ। परम्परागत गलत संस्कार, जनचेतनाको कमी, अशिक्षा र गरिवीका कारण बालविवाह बढिरहेको उनले बताए।

*(के.सी. इन्सेक रुकुम (पश्चिम) जिल्ला प्रतिनिधि हुन्।)*

# शिक्षित परिवारमा हुने महिला हिंसा निकै खतरनाक



*- मिना बुढाथोकी*

हामी महिला अगुवाहरूका दिन प्राय: पीडितपक्षका लागि वकालत र पैरवी गर्दैमा बित्ने गर्छ। महिला अधिकारका लागि हामी सधैँ अगाडि नै हुन्छौँ। कतिपय यस कुरामा सहमत हुन्छन्। कतिपयले नाक खुम्च्याउने गर्छन्। तर, हामी महिला अगुवा कसैको परवाह नगरी समाजका लागि केही गरौँ भन्ने मनसायले कामलाई प्राथमिकता दिन्छौँ। कैयौँले प्रत्यक्ष रूपमै प्रश्न गर्ने गर्छन् र कसैले कामको प्रशंसा पनि गर्छन्।

मैलेपनि यसै क्षेत्रमा काम गर्ने भएकाले धेरै अगुवा महिलाहरूसँग सहकार्य गर्ने मौका पाएको छु। कतिपय समयमा हामी पीडित महिलाका लागि सँगै आवाज पनि उठाउने गर्छौँ। महिलाको अवस्था बारे विश्लेषण गर्छौँ। महिलाहरूले कुनैपनि प्रकारको हिंसा सहनु हुन्न भन्दै हिड्छौँ। जुन कुरा जायज पनि हो। पछिल्लो समय महिलाहरूले खुलेर कानुनी प्रक्रिया अपनाउन थालेका छन्। यस कुराले प्रष्ट्याउँछ अब हाम्रो समाजमा रहेका विभिन्न बहानामा पछाडि पारिएका र पीडित महिलाहरू भित्र चेतनाको विस्तार हुँदैछ भनेर।

पीडित महिलाहरूको पक्षमा आवाज उठाउने महिला। समाजमा जान्नेसुन्ने भनेर चिनिने महिला। नेतृत्व तहमा पुगेका महिला। यस्ता महिलाहरूसँग मेरो दैनिक जसो नै भेटघाट हुन्छ। मैले उनीहरूसँग यस विषयमा सोधेँ। कतिपयले आफ्नो निजी जीवनका सबै कुराहरू, वेदनाहरू पोखे, कतिपय बोल्न चाहेनन्। हाम्रो समाज अझैपनि महिलामैत्री हुन सकेको छैन।

सामान्यतया महिला अधिकारको क्षेत्रमा काम गर्ने महिलाहरूको सङ्ख्या न्यून हुने गर्दछ। उसै पनि कर्णाली प्रदेशमा महिला अधिकारको क्षेत्रमा काम गर्ने महिलाहरूको सङ्ख्या कम छ भने भौगोलिक बनावटले पनि सबै महिला अगुवाहरू सधैँ सँगै भेट हुने अवसर पनि जुट्दैन। म केही प्रतिनिधि घटना जसले महिलाअधिकारकर्मीका पिडा, हेर्ने समाज र परिवारको दृष्टिकोण अनि नीति र व्यवहारको अन्तरलाई केलाउन मद्दत पुग्नेछ।

**घटना १**

करिव एक महिनाअघि एउटा दिवस मनाउने क्रममा करिव आधा दर्जन महिला अधिकारकर्मीको जमघटका क्रममा महिला अधिकार क्षेत्रमा काम गर्दा भोग्नुपरेका चुनौति, पिडा, समस्या र भोगाइहरूका बारेमा अन्तरङ्ग छलफल गर्ने वातावरण मिल्यो। केन्द्र, प्रदेश र जिल्ला तहमा क्रियाशील आधा दर्जन महिला अधिकारकर्मीका भोगाइहरू सुन्ने क्रममा एकजना महिलाअधिकारकर्मीको भोगाइले मेरो माथिङ्गल हल्लियो।

**महिलाहरूको हक अधिकारका पक्षमा वकालत गरिरहेका महिला अधिकारकर्मी र अगुवा महिलाहरूलाई, उनीहरूको जीवनशैली, परिवर्तन ल्याउन खोज्नेहरूको अवस्था पनि दुरदराजका महिलाहरूको भन्दा कम छैन। मानिस जति शिक्षित भएपनि उसको चिन्तन र व्यवहार बदलिनु भनेको ठुलो कुरा रहेछ। हाम्रो समाजमा रहेका तमाम शिक्षित कहलिएकाहरूको घरमै एउटा डरलाग्दो तरिकाले महिला हिंसा मौलाएको छ। मात्रै के हो भने शिक्षित परिवारले आफू कानुनी रूपमा तल नपर्ने गरी घुमाउरो ढङ्गले हिंसालाई संस्थागत गर्ने काम भइरहेको छ। महिलाहरूको पक्षमा वकालत गर्ने अधिकारकर्मीहरूकै यो हालत छ भने अन्य दुरदराजका, आवाज विहीन र दमित महिलाहरूको अवस्था कस्तो होला सहजै अनुमान लगाउन सकिन्छ।**

उनका पतिले 'तेरो त ठुला ठुला मान्छेसँग उठबस छ' भनेर मानसिक तनाव दिइरहेका रहेछन्। कार्यालय प्रमुखहरूसँग बसेर चिया खाने, भेटघाट गर्ने र अधिकारकर्मीका नाममा घरव्यवहार नहेरेको भनेर नियमित मानिसिक तनाव दिनुहुँदोरहेछ। सरकारी जागिरे उनका पतिले अधिकारका कुरा गर्न छोडेर घरमै बस्नु पर्ने दबाब दिइरहेको भोगाइ उहाँले सुनाउनुभयो। अनि मैले यस विषयमा कुरा गर्नु न त भन्दा 'कि मैले अब सामाजिक क्षेत्रमा काम गर्न छोड्नु पर्ने भयो होइन भने म तँ सँग सम्बन्ध विच्छेद गर्छु' भनेपछि आफूलाइ दिनदिनै पिडा थपिएको दुखेसो गरिन्।

'के गर्नु दिनभरी महिला दिदीबहिनीहरूसँग कानुनका बारेमा छलफल गर्छौँ। घर पुग्दा खेरी पतिको प्रश्नको जबाफ दिन सकिँदैन। कहाँ गाथिस ? कोसँग सुतेर आइस ? खुब महिलाहरूलाई सिकाउन जान्छु भन्छेस अनि मेरो फोन किन उठाइनस् ? कतिदिन त कुटपिट समेत हुन्छ। कति रात भात नखाइकन सुत्ने गरेको छु।'-उनले भनिन्।

मैले प्रश्न गरेँ-'किन तपाईँ यस्तो सहनुहुन्छ ?' अनि उनले भनिन्-'मैले कानुनी प्रक्रियामा जान खोजेँ भने समाजले मलाई नै दोषी देख्नेछ। अन्य महिलालाई पनि घरबाट बाहिर निस्कन गाह्रो हुनेछ।' अन्यायमा परेका महिलाहरूको पक्षमा बोल्ने उनी तर आफू अन्यायमा पर्दा कसैसँग खुलेर कुरा समेत गर्न सकेकी थिइनन्। 'कामको सिलसिलामा हरेक ठाउँमा जानु पर्ने हुन्छ। कुनै कार्यालयमा कार्यालय प्रमुखसँग बसेर चिया खाँदैमा मैले के अपराध गरेको छु र ?'-उनले रूँदै भनिन्। महिलाहरूको वकालत गर्न दिनरात नभनी लागेको उनलाई

पतिको व्यवहार यस्तो। 'हरेक क्षेत्रमा जाँदा हामीले हिंसा सहनु हुन्न भनेर आवाज उठाउने हामी आफैँ हिंसाको शिकार भइरहेका छौँ। तर, हाम्रो लागि आवाज उठाउने कोही छैन।'

**घटना २**

कामको सिलसिलामा म एकदिन जिल्लास्तरको एउटा सरकारी कार्यालयमा पुगेकी थिएँ। कार्यालयमा रहेकी एक जना महिला कर्मचारीले कुराकानीको क्रममा आफ्नो कुरा यसरी सुनाइन्। मेरो पति कामको सिलसिलामा बाहिर छन्। उनी पनि जागिरे नै हुन्। जब उनी मसँगै छन्। त्यतिबेला मैले ५ बजेपछि कोठामा पुग्दा अफिसका कुनै सहकर्मीले फोन गरे पनि उठाउँदिन। उनका प्रश्नका जवाफ दिनुभन्दा फोन नै नउठाउन जाति।

कति पटक यस विषयमा दुईजना बीच झगडा नै हुने गरेको छ। मैले हरेक कुरामा स्पष्टिकरण दिनुपर्छ। मेरो चरित्रको परीक्षा दिनुपर्छ। तर, उनी के गर्छिन् ? कहाँ जान्छिन् ? कोसँग गफ गर्छन् ? मैले कहिल्यै जान्न चाहिँन। बस, आफूलाई बचाउने र सम्बन्ध सुधार कसरी गर्ने भन्ने मात्र दिमागमा आइरहन्छ। यहाँसम्म कि उनी आएको बेला सहकर्मी कर्मचारीलाई 'मलाई फोन समेत नगर्नुहोस् भन्छु।' आफ्नो पीडा पोख्ने कुनै माध्यम छैन। समाजका लागि खुशी हुनुपर्ने। पीडा लुकाउनु पर्ने। हजारौँ प्रश्नको जवाफका लागि हरपल तयार भएर बस्नु पर्ने। खै ! कहिलेसम्म हो यसरी भएको सत्य लुकाएर बस्ने।

माथि उल्लिखित प्रतिनिधि घटनाहरू केलाउँदा महिलाहरू अझै पनि दमन, शोषण, बलात्कार र हिंसामा परिरहेका छन्। कसैले कुनै प्रकारको दमन, शोषण र हिंसाविरुद्ध आवाज उठाइ हालेपनि त्यो त 'मात्तिएकी' कहलिन्छे। सरकारले महिलाहरूको पक्षमा कानुन निर्माण गरेकाले महिलाहरूले फाइदा लिन खोजेको भनेर आरोप पनि लाग्ने गर्छ। यस्तै कारणले त हो नी महिलाहरू अझै पनि हिंसा र पीडाबाट गुज्रिनु परिरहेको छ। यस्तो प्रकारको पीडा भोग्ने महिला केही नजान्ने, केही नबुझ्ने, अनपढ मात्रै हुन्छन् भन्ने अर्को भ्रम रहेको छ हाम्रो समाजमा।

हाम्रै गाँउघरमा, छरछिमेकमा महिलाहरू कति हो कति ? पीडा लिएर जीवनलाई सहजै जिउने प्रयास गरिरहेका छन्। महिलाहरू हिंसामा परेका छन्। मानसिक र शारीरिक यातना सहेर घर जोगाउन हरेक प्रयास गरिरहेका छन्। कतिपय महिलाहरू घर परिवारको माया नपाउँदा पर पुरुषसँग सामिप्यता खोजिरहेका छन्। कतिपय महिलाहरू परिवारको माया पाएर हरेक दुःखसुख बिर्सेर घर परिवारसँगै रामाइरहेका छन्। यस्तै यस्तै छ हाम्रो गाउँसमाजका महिलाहरूको कथा अनि व्यथा।

तर, महिलाहरूको हक अधिकारका पक्षमा वकालत गरिरहेका महिला अधिकारकर्मी र अगुवा महिलाहरूलाई, उनीहरूको जीवनशैली, परिवर्तन ल्याउन खोज्नेहरूको अवस्था पनि दुरदराजका महिलाहरूको भन्दा कम छैन। मानिस जति शिक्षित भए पनि उसको चिन्तन र व्यवहार बदलिनु भनेको ठूलो कुरा रहेछ। हाम्रो समाजमा रहेका तमाम शिक्षित कहलिएकाहरूको घरमै एउटा डरलाग्दो तरिकाले महिला हिंसा मौलाएको छ। मात्रै के हो भने शिक्षित परिवारले आफू कानुनी रूपमा तल नपर्ने गरी घुमाउरो ढङ्गले हिंसालाइ संस्थागत गर्ने काम भइरहेको छ। महिलाहरूको पक्षमा वकालत गर्ने अधिकारकर्मीहरूकै यो हालत छ भने अन्य दूरदराजका, आवाज विहीन महिलाहरूको अवस्था कस्तो होला सहजै अनुमान लगाउन सकिन्छ।

यत्ति भन्छु महिला हिंसा समय, काल, परिस्थिति, राजनीतिक घटना परिघटनाले कति पनि २० को १९ भएको छैन। भएको छ त केवल रूप मात्रै परिवर्तन। व्यवहारमा जबसम्म महिला र पुरुष बराबर हुन् भन्ने चिन्तन कार्यान्वयन हुन सक्दैन। यस्तो हिंसा युगसम्म पनि रहिरहनेछ। हिंसा अन्त्यका लागि शिक्षित परिवारबाटै अभियान आरम्भ गर्नुको विकल्प छैन। घरघरबाट हिंसाको मानसिकतालाई लखेट्नु अहिलेको समाजको मूल कार्यभार हो।

*(बुढाथोकी इन्सेक सल्यान जिल्ला प्रतिनिधि हुन्।)*


## मुलुकको मानव अधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानव अधिकार वर्ष पुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानव अधिकार सँगालो
- मानव अधिकारको ऐतिहासिक अवधारणा
- मानव अधिकार-प्रहरी-कानुन
- मानव अधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानव अधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानव अधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानव अधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

# प्रदेश सरकारप्रति आशा गरौँ



***नेपालको सवैधानिक प्रावधान अनुसार स्थानीय, प्रदेश र सङ्घीय सरकार क्रियाशील छन्। प्रदेश सरकार गठन भएको एक वर्ष पूरा भएको छ। यसै सन्दर्भमा यसका उपलब्धि र कमी कमजोरीका सन्दर्भमा सवैधानिक कानुनका ज्ञाता वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली सँग प्राचीका लागि रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानी।***

**प्रदेश सरकार गठन भएको एक वर्षभन्दा बढी भइसकेको छ। एक वर्षमा प्रादेशिक सरकारका गतिविधि कस्ता रहे ?**

नेपालको संविधानले सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहको शासकीय स्वरूपको परिकल्पना गरेको छ। सङ्घीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा संविधान जारी गरेर अहिले लागु भएको छ। तीन तहका सरकारहरूको निर्वाचन भयो। त्यति बेला निर्वाचन नै हुँदैन कि भन्ने आशङ्का पनि थिए। स्थानीय निर्वाचन पहिलो प्राथमिकता हुन्छ। त्यसपछि मात्रै निर्वाचक मण्डल बन्छ भनी हामीले पनि निकै घच्घच्यायौँ। सर्वोच्चमा रिटसमेत दायर गऱ्यौँ। पछि त्यही बाटोबाट देश अगाडि बढ्यो। प्रदेश तथा सङ्घीय निर्वाचनमा पनि त्यस्तै अन्योल थियो। विस्तारै त्यो पनि मेटियो। २०७४ माघ ८ गतेभित्रै सबै निर्वाचन गरिसक्नुपर्ने संवैधानिक बाटो अनुसार नै देश अगाडि बढ्यो। यो निकै सकारात्मक पाटो हो। २०७४ मङ्सिर २१ मा सबै तहका निर्वाचन सम्पन्न भए। त्यसपछि राजनीतिले नयाँ कोर्ष लियो। अहिले मुलुकमा ७ सय ६१ ओटा सरकार छन्। ७ सय ५३ ओटा स्थानीय सरकार, सात ओटा प्रादेशिक सरकार र एउटा सङ्घीय सरकार क्रियाशील छन्। तीनै तहमा विधायिकी अधिकार छ। स्थानीय तहमा गाउँ तथा नगरसभा छन्। प्रदेश सभा छन्। प्रतिनिधि र राष्ट्रिय सभा छन्। यि सबैका आआफ्ना अधिकार क्षेत्र संविधानमा नै तय गरिएको छ। एकल र संयुक्त अधिकार संविधानको अनुसूचीमा नै उल्लेख गरिएको छ।

२०७४ मङ्सिर २१ गते निर्वाचन सकिए पनि सरकार गठन फागुनमा मात्रै भएकाले सरकार गठन भएको १३ महिना भयो। स्थानीय सरकार त अलि अघि नै हो। स्थानीय तहको निर्वाचन तीन चरणमा गरिएको थियो। तीनै तहका सरकारलाई जनताको सार्वभौमसत्ता र राजकीय सत्ताको बाँडफाँड गरिएको छ। यो अवधिमा तीनै तहका सरकारले जनताको अपेक्षालाई पूर्ति गर्न सकेको पाइएन। यसमा कानुनी अड्चनका विषय, नयाँ तहमा मुलुक अघि बढेकाले त्यसलाई आत्मसात गरी कामकाज गर्ने विषय, संरचना अभावलगायतकका विषय देखिएका छन्। बरु स्थानीय तहका लागि संरचना थियो। पहिला गाविस र नगरपालिकाका आआफ्नै संरचना भएकाले अहिलेका स्थानीय तहलाई संरचना अभाव झेल्नुपरेन। तर, प्रदेश सरकार त विल्कुल नयाँ भएकाले यस्ता समस्या पनि झेल्नु परेको पाइयो। विश्वका अधिकांश सङ्घीयता भएका मुलुकमा दुई तहका सरकार हुन्छन्। केन्द्रीय

**सरकार गठनको एक वर्षको समय कति नै हुन्छ र ? निराशा हुनुपर्ने ठाउँ देखिँदैन। एउटा बालक जन्मेको एक वर्षमा टुकुटुकु हिँड्न पनि सक्दैन। लड्दै उठ्दै गर्छ। उभिन सिक्न खोज्छ। प्रदेश सरकारको पनि त्यही हो। संस्थागत विकासमा भएको हुनाले निराशाको गीत गाएर हिँड्नु पर्दैन। मैले अन्यत्रको सङ्घीय व्यवस्थाको अध्ययन गरेको छु। अन्यत्र दुई तहका सरकार छन् हाम्रोमा तीन तहका सरकार छन्। अन्यत्र प्रादेशिक सरकारको मातहतमा स्थानीय सरकार छन्। हाम्रोमा त ७ सय ६१ ओटै सरकार स्वायत्त छन्। स्वतन्त्र छन्। कसैको मातहतमा कोही छैनन्। समन्वय गर्ने कुरा अर्कै भो मातहतमा त होइन नि ! एकल अधिकारको प्रयोग सुरू भइसकेको छ। अब साझा अधिकारको प्रयोगको पनि सुरूवात गर्नु आवश्यक छ। त्यसपछि प्रदेश सरकारको आवश्यकता र महत्त्वका बारेमा स्पष्ट हुन्छ। अनि आमनागरिकमा आशाको सञ्चार हुन्छ।**

सरकार र स्थानीय सरकार। खास सङ्घीयताको अभिप्राय त्यही नै हो। तर, हामी कहाँ तीन तहका सरकार भएकाले अधिकार बाँडफाँड, कानुन निर्माण, शक्तिको अभ्यासजस्ता विषयले एक वर्षको अवधिमा जनअपेक्षाका काम हुन नसकेको हो। अझै पनि समय छ। यस्ता विषयमा संवेदनशील बनेर काम गर्न सकेमा जनअपेक्षा पूरा गर्न सकिन्छ।

**प्रदेश सरकारहरूले एक वर्षमा के के गरे ? के के गर्नुपर्थ्यो ?**

७ सय ६१ ओटै सरकारसँग कार्यकारी अधिकार छ। संविधानले नै सबै सरकारलाई कार्यकारी अधिकार अभिव्यक्त गरेको छ। त्यसबाहेक मिलेर गर्ने कामको बारेमा पनि संविधानमा उल्लेख गरिएको छ। त्यो बाहेक कुनै विवाद आए अदालती प्रक्रियाबाट निप्टारा लगाउन सकिने व्यवस्था पनि छ। सङ्घीय सरकारका तर्फबाट प्रदेश र स्थानीय तहका एकल अधिकारमा समेत हस्तक्षेप हुने गरी कानुन बनाएको अवस्था छ। पुराना कानुन संशोधन गर्दैगर्दा पनि यो खालका समस्या देखिएका छन्। एकल अधिकार प्रमुख हुन्छन्। साझा अधिकार भनेको थप अधिकार हुन् भन्ने बुझ्नु जरुरी हुन्छ। साझा अधिकारलाई टेकेर अहिलेसम्म एउटा पनि कानुन बन्न सकेन। विद्यमान कानुन ३ सय ३९ ओटा रहेछन्। ती कानुन कहाँ कहाँ बाझिएका छन् ? स्थानीय तहका एकल अधिकार २२ ओटा छन्, प्रदेशका एकल **अधिकार** र सङ्घीय सरकारका एकल **अधिकार** छन्। कहाँकहाँ बाझिएको छ त ? ५५-६० ओटा कानुन तीन ओटै तहका सरकारका एकल अधिकार र साझा अधिकारका दृष्टिले संविधानत: ती खारेजीमा पर्ने अवस्था रहेछ। झण्डै १ सय ७२ ओटा कानुन संशोधन गर्नुपर्ने अवस्थाका रहेछन्। सङ्घीय सरकारले एकैपटक १ सय ५ ओटा कानुन संशोधन पनि गऱ्यो। त्यसमा पनि केही समस्या छ। कानुन बाझिएमा संवैधानिक इजलासबाट निरूपण गर्न सकिन्छ। सङ्घीय सरकारले मौलिक अधिकारसम्बन्धी १७ ओटा कानुन बनाएको छ। तर, ती प्रदेश र स्थानीय तहको अधिकारसँग बाझिएको देखिन्छ। प्रदेश र स्थानीय सरकारले पनि मौलिक हक कार्यान्वयन गर्छ भन्ने सङ्घीय सरकारले बिर्सिएको देखिन्छ। जहाँ मौलिक अधिकार हुँदैन त्यसलाई सरकारको मान्यता हुँदैन। एकल, संयुक्त जे जे अधिकार भने पनि मौलिक अधिकारको कार्यान्वयन गर्ने जिम्मा सबै सरकारको हुन्छ। योबीचमा अरु लडाइँ भए पनि मौलिक अधिकार कार्यान्वयन गर्ने हाम्रो पनि दायित्व हो भनेर प्रादेशिक र स्थानीय सरकारले आत्मसात गरेको पाइएन। द्रुत गतिमा काम नहुनुमा कानुनी संरचना महत्त्वपूर्ण पाटो हुने हुनाले मैले यो कुरालाई राखेको हुँ।

**यो त बढी जसो सङ्घीय सरकारकै कुरा भयो। प्रदेश सरकार आफैँले गर्नुपर्ने काम कत्तिको गरेको छ त ?**

उसका २१ ओटा एकल अधिकार छन्। यी अधिकारलाई टेकेर काम गर्न खोजेको पाइन्छ। प्रदेश सरकार भन्ने कुरा नेपालमा शून्यबाट सुरू गरिएको हो। स्थानीय तहका लागि आधारभूत भौतिक संरचना त थिए। प्रादेशिक तहमा त्यस्तो केही थिएन। कर्मचारी पनि सङ्घबाटै खटाउनुपर्ने भयो। यो अवधिमा आधारभूत भौतिक संरचना र कानुनी संरचना तयार गर्नैमा व्यस्त रहे। कर्मचारी समायोजन गर्न पनि समय लाग्यो। त्यसकारणले गर्दा आम जनताले प्रादेशिक सरकार त आवश्यक नै छैन भन्ने बुझ्न थाले। हिजो यस्तो संरचना नै थिएन। नयाँ संरचना भएकाले केही समय त लागि हाल्छ नि भनेर सन्देश प्रवाह गर्न सकेको अवस्था छैन। यस्तो सन्देश प्रदेश सरकार आफैँले पनि प्रवाह गर्न सक्नुपर्छ। प्रादेशिक सरकारको आवश्यकताका बारेमा, कामका बारेमा, सहजताका बारेमा प्रदेश सरकारको प्रचार हुनु जरुरी छ। यस्तो काममा सङ्घीय सरकारको ठुलो मद्दत चाहिन्छ। तर, सङ्घीय सरकारले त्यसरी हेरेको छैन। प्रदेश नै पिच्छे केही घटीबढी कानुन बनाइरहेको हुनाले अब आशा गर्ने ठाउँ छ। अब प्रादेशिक सरकारबाट आशा गर्न सकिने प्रशस्त आधार छन्। कानुनी र भौतिक संरचना तथा कर्मचारीको व्यवस्थापन, नीतिहरूमा उनीहरूले आफूहरूलाई सक्षम अवस्थामा ल्याइसकेका छन्। आगामी दिनमा कानुनी संरचनासँगै जनमुखी कामका लागि आफूलाई उभ्याउन सक्दा प्रदेश सरकारको अपरिहार्यतालाई नागरिकले स्वीकार्न समस्या हुँदैन।

**प्रदेश सरकारका एक वर्षका गतिविधिलाई लिएर निराशा हुनुहुन्न भन्न खोज्नुभएको हो ?**

अवश्य पनि। एक वर्षको समय कति नै हुन्छ र ? निराशा हुनुपर्ने ठाउँ देखिँदैन। एउटा बालक जन्मेको एक वर्षमा टुकुटुकु हिँड्न पनि सक्दैन। लड्दै उठ्दै गर्छ। उभिन सिक्न खोज्छ। प्रदेश सरकारको पनि त्यही हो। संस्थागत विकासमा भएको हुनाले निराशाको गीत गाएर हिँड्नु पर्दैन। मैले अन्यत्रको सङ्घीय व्यवस्थाको अध्ययन गरेको छु। अन्यत्र दुई तहका सरकार छन् हाम्रोमा तीन तहका सरकार छन्। अन्यत्र प्रादेशिक सरकारको मातहतमा स्थानीय सरकार छन्। हाम्रोमा त ७ सय ६१ ओटै सरकार स्वायत्त छन्। स्वतन्त्र छन्। कसैको मातहतमा कोही छैनन्। समन्वय गर्ने कुरा अर्कै भो मातहतमा त होइन नि ! एकल अधिकारको प्रयोग सुरू भइसकेको छ। अब साझा अधिकारको प्रयोगको पनि सुरूवात गर्नु आवश्यक छ। त्यसपछि प्रदेश सरकारको आवश्यकता र महत्त्वका बारेमा स्पष्ट हुन्छ। अनि आम नागरिकमा आशाको सञ्चार हुन्छ।

**सङ्घीयतालाई संस्थागत गर्न आमनागरिकको के भूमिका हुन सक्छ ?**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका तीनै तहका सरकार हाम्रै अधिकार रक्षाका लागि हुन्। यी सरकार हामीप्रति जबाफदेही छन् र हुनुपर्छ भन्ने भावना सबैमा हुनु आवश्यक छ। हाम्रै शान्ति सुरक्षा, सेवा सुविधाका लागि हामीले नै चुनेर गठन गरिएको सरकार हुनाले सङ्घीय शासन सञ्चालन पद्धतिमा भर्खर पाइला राखेको हुँदा आलोचनात्मक रूपमा सल्लाह र सुझाव दिएर दिगो बनाउनु हाम्रै कर्तव्य हो भन्ने बुझ्नु आवश्यक छ। हामी चनाखो भएनौँ भने काम गर्न सरकार असमर्थ हुन्छन् भन्ने मानसिकता आम नागरिकमा हुनु आवश्यक छ। यस्तो कामका लागि स्थानीय सरकारको जिम्मेवारी बढी हुन्छ। किनभने ऊ आम नागरिकको घरदैलोको सरकार हो। सङ्घीयता भनेको विधिको शासन हो। जनताले लगाम लगाउँदा मात्रै सरकारमा बसेकाहरू विधिको यात्रामा हिँड्छन्। यस्तो काममा सञ्चार माध्यमको मुख्य भूमिका हुन्छ। सङ्घीयतालाई बलियो बनाउने कर्तव्य सरकारको मात्रै नभएर प्रत्येक व्यक्तिको पनि हो। तसर्थ सबै सचेत र जागरूक हुनु आवश्यक छ।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal